२०८२, भदौ

https://gorkhapatraonline.com/yuba-manch

मूल्य रू. २५

युवामञ्च

सय वर्षीय धावक

इच्छाशक्ति छ भने उसलाई उमेरले पनि छेक्न सक्दैन । यसको ज्वलन्त उदाहरण ११४ वर्षीय म्याराथन धावक फौजा सिंह हुन् ।

एक महान् विचारक र कूटनीतिज्ञ

मि. लक्की सेलाक

सेलाकको जीवन दुर्भाग्यका कैयौं घटनाले भरिपूर्ण छ ।

बिर्सने रोग अल्जाइमर्स

डिमेन्सिया भएकामा मस्तिष्कका कोषिका विस्तारै खिइएर स्मरण शक्तिमा कमी आउने समस्या हुन्छ ।

गोरखापत्र संस्थानका प्रकाशनमा विज्ञापन प्रकाशित गर्न तथा ग्राहक बन्नका लागि निम्नानुसारका कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रधान कार्यालय, धर्मपथ, काठमाडौँ
सम्पर्क नं. : ०१-५३२७४९३, ५३३१३९४ (विज्ञापन शाखा)/ ५३२०६३८ (ग्राहक सेवा शाखा)/टोल फ्री नं. १६६००१९४४४४
इ-मेल : mgorkhapatra@gmail.com

पूर्व क्षेत्र प्रकाशन कार्यालय, विराटनगर
विराटनगर-१९, मोरङ, कोशी प्रदेश
सम्पर्क नं. : ०२१-५९१००३, ५९१००४
इ-मेल : biratnagar.regional@gorkhapatra.org.np

पश्चिम क्षेत्र प्रकाशन कार्यालय, कोहलपुर
सम्पर्क नं. : ०८१-५३१६२२, ५३१६२३
इ-मेल : kohalpur.regional@gorkhapatra.org.np

मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ०४१-५९०४२९
इ-मेल : janakpur.regional@gorkhapatra.org.np

बागमती प्रदेश कार्यालय, हेटौँडा, मकवानपुर
सम्पर्क नं. : ०५७-५९०६५१
इ-मेल : hetauda.regional@gorkhapatra.org.np

गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की
सम्पर्क नं. : ०६१-५३१८२७, ९८६५०२२६६६
इ-मेल : pokhara.regional@gorkhapatra.org.np

लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही
सम्पर्क नं. : ०७१-५४३३७६
इ-मेल : butwal.regional@gorkhapatra.org.np

कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत
सम्पर्क नं. : ०८३-५९००६०
इ-मेल : karnali.regional@gorkhapatra.org.np

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली
सम्पर्क नं. : ०९१-४१२०४३, ९८५८४२१८०१
इ-मेल : dhangadi.regional@gorkhapatra.org.np

हाम्रा प्रकाशनहरू

गोरखापत्र
THE RISING NEPAL
gorkhapatraonline.com
मधुपर्क
युवामञ्च
मुना

बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा

लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा	बिहान ६:३० बजे
विदुर र धादिङबेशी	बिहान ६:०० बजे
नारायणगढ, भरतपुर	बिहान ५:३० बजे
हेटौंडा	बिहान ४:३० बजे
पथलैया	बिहान ५:०० बजे
चन्द्रनिगाहपुर	बिहान ५:३० बजे
वीरगञ्ज	बिहान ६:०० बजे
बारा, कलैया र निजगढ	बिहान ६:१५ बजे
गौर	बिहान ६:३० बजे
मलंगवा र लालबन्दी	बिहान ७:०० बजे
बर्दिबास	बिहान ७:४५ बजे

१२४
पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना

टोल फ्रि नं. १६६०-०१-९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

गोरखापत्र

डिजिटल युगका भरपर्दा प्रकाशन
प्रवर्द्धनात्मक दरमा आकर्षक विज्ञापन

www
gorkhapatraonline.com
risingnepaldaily.com

नयाँ स्वरूपमा

विज्ञापनदाता, एजेन्सी तथा अन्य शुभेच्छुकका
लागि केही समय विशेष छुटको व्यवस्था छ ।

सम्पर्क

गोरखापत्र संस्थान
व्यापार विभाग, फोन नं. ०१-५३२७४९३
Email : mgorkhapatra@gmail.com

टोल फ्रि नं. १६६०-०१-९४४४

मुद्रक : गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौँ ।

वर्ष ३८, अङ्क ३, २०८२ साल भदौ

August-September 2025

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र

४६ सय वर्षीय धावक

६ मि. लक्की सेलाक

त्यतिबेला क्रोएसिया युगोस्लाभियाको एक भाग थियो र सेलाकले सामाजिक तहमा कैयौं दमनकारी शासन देख्नु पर्‍यो ।

१० मधेशमा रमाएका धानुक

राष्ट्रिय जनगणना, २०७८ अनुसार धानुक जातिको जनसङ्ख्या दुई लाख ५२ हजार १०५ रहेको छ । जसमा पुरुषको सङ्ख्या एक लाख २६ हजार ६७१ र महिलाको एक लाख २५ हजार ४३४ छ ।

न्यायका अभियन्ता पनि हुन् अली

अन्य देशमा अलीको अव्यावसायिक तथा धेरै हदसम्म अनौपचारिक तवरमा अमेरिकी दूतको भूमिका उनको विरासतको एक महत्वपूर्ण कडीका रुपमा रहेको छ ।

१४

५६ सेवानन्द र विचित्र कुमारीको बिहे

२२ एक महान् विचारक र कूटनीतिज्ञ

जयपृथ्वीबहादुरले भारत निर्वासनमा रहेर नेपालको जहाँनिया शासन व्यवस्था समाप्त गर्न सहयोग पुऱ्याउनुका साथै विश्व भ्रमण गरी मानव अधिकार र विश्व शान्तिको आफ्नो धारणा सर्वत्र साझा गरे ।

४३ रोग निम्त्याउने संस्कृति

वर्णशङ्कर जातका भैंसी, जर्सी जातका गाईलाई छिटो र धेरै दूध दिने बनाउनका लागि Recombinant Bovine Somatotropin र Oxytocine हर्मोन दिने गरिन्छ ।

४९ सांस्कृतिक सम्बन्धका सेतु

सुगौली सन्धिपछि सुदूरपश्चिमको समग्र प्रशासन हेर्न डोटीको सिलगढीमा गौडा स्थापित भयो । गौडामा कार्यरत कर्मचारीहरु सबै काठमाडौंबाट नियुक्त भएर गए ।

६६ बिर्सने रोग अल्जाइमर्स

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला

yubmanch@gmail.com

सम्पर्क- सम्पादकीय- ५३५७०३१

गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

सम्पादन सहयोगी
देवबहादुर कुँवर

उत्पादन विभाग
ओम भुसाल

व्यापार
गङ्गबहादुर पन्थी

वितरण विभाग
बबिता कार्की

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल।
इमेल : yubmanch@gmail.com
फोन - सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१-४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१-५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१-५९०४२९
हेटौँडा : ०५७-५९०६५१
पोखरा : ०६१-५३८५२२
बुटवल : ०७१-५४१४३८
सुर्खेत : ०८३-५९००६०
धनगढी : ०९१-४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

भूमिमा युवाको सम्बन्ध

भूमिलाई हेर्ने फरक दृष्टिकोण हुन सक्छन्। देशगत रूपमा कुरा गर्दा विश्वमा समुदाय, जातजाति, अर्थ, राजनीतिक प्रणाली र परिवेश अनुसार भूमिको उपयोगिता, महत्त्व र प्राथमिकता भिन्न भिन्न छन्। नेपालको सन्दर्भमा भूमिलाई उत्पादनको साधन तथा जीवन निर्वाह र अर्थोपार्जनको मुख्य माध्यमका रूपमा बुझेर अखण्डनीय सम्पत्ति मान्ने गरिएको छ। पहिचान, स्वतन्त्रता, सम्मान र मर्यादाको विषयमा समेत भूमिसम्बन्धी बहस हुने गर्छ।

नेपाली माटोमा भूमिसँग नजोडिने विषयवस्तु सायदै होलान्। भूमिलाई सम्पत्ति मान्ने र सामाजिक सुरक्षाको सबैभन्दा भरपर्दो माध्यम ठानिने भएकाले होला भूमिको चर्चा राजस्वमा योगदानदेखि अर्थतन्त्र चलायमान गर्न र दलीय प्रभाव विस्तारसम्म हुने गरेको छ। यहाँ अहिलेको जल्दोबल्दो प्रसङ्ग छ- भूमिमा युवाको पहुँच, युवा पलायन। यी दुवै विषय अन्तरनिहित छन्। जमिनमाथि स्वामित्वको अभावमा युवाले स्वरोजगार हुने र उनीहरूलाई उत्पादनशील बाटोमा डोऱ्याउन समस्या छ। स्वामित्व नभएको जमिनमा व्यवसाय सञ्चालन, जमिनको विकास वा पर्याप्त लगानीको सम्भावना झन्झटिलो भएकाले युवा विदेश पलायन यसबाट समेत प्रेरित भइरहेको भन्न सकिन्छ।

स्पष्ट हुनु के जरूरी छ भने आवश्यकता अनुसार निर्माण गर्न सकिने वा असीमित आपूर्ति गर्न मिल्ने वस्तु भूमि होइन। प्रकृतिले नै तय गरिदिएको छ उपयोगयोग्य भूमि। यसको समुचित प्रयोग अहिलेको आवश्यकता हो, दोहन होइन। भूमि स्रोत सीमित छ। निश्चय नै बढ्दो जनसङ्ख्या, जलवायु परिवर्तन, वातावरणीय विनाशले गर्दा उपयोगयोग्य भूमिको आवश्यकता बढाएको छ र यिनको समग्र प्रभावका रूपमा चुलिँदै गएको विश्वव्यापी खाद्य असुरक्षा सम्बोधनको प्रश्न हाम्रा अगाडि तेर्सिएको छ।

अध्ययनले देखाएको छ, नेपालमा ६० प्रतिशत घरधुरीको रोजीरोटीको मुख्य स्रोत कृषि हो। हिमाली र पहाडी भेगबाट तराई र सहरी क्षेत्रमा जुन किसिमले तीव्र बसाइँसराइ भएको छ तथा खेतीकिसानी गर्न सक्ने पौरखी युवा विदेशी भूमिमा जोतिएका छन्, पहाडको खेतीयोग्य जमिन बाँझै छ। बसाइँसराइको चापले तराईका खेतीयोग्य भूमि अव्यवस्थित बस्तीमा रूपान्तरित हुँदै गएको तितो सत्यबाट सबै जना अवगत नै छन्।

भएका खेतबारीलाई कृषि उपजले हरियालीमा परिणत गर्ने परम्परागत चक्र अहिले धेरै हदसम्म बिच्छेद भइसक्यो। गाउँमा युवा पाउनै मुस्किल, जे जति छन् उनीहरूका आफ्नै समस्याले हलो, कोदालो थाम्न दिँदैन।

भूमि स्रोतमाथिको अधिकारका विषयमा युवा आफैँ त उदासीन देखिन्छन् नै उनीहरूलाई जागरूक बनाउनसमेत संस्थागत प्रयत्न भएको छैन। युवालाई भूमि शासन प्रणाली, भूमि व्यवस्थापन, भूमिसम्बन्धी नीतिनिर्माण र अधिकारको पैरवी गर्ने क्षेत्रमा हिस्सेदार बनाउन सकिएमा उनीहरूको भूमिमाथिको स्वामित्व सहज हुन सक्थ्यो, देशमै युवा जनशक्ति आकर्षित रहन्थ्यो।

अनेक खालका चुनौतीले गर्दा अहिलेको युवा पुस्ताको भूमिमाथि न्यून पहुँच छ र उनीहरूले कृषिसम्बन्धी नीतिनिर्माणकर्तासमक्ष आफ्नो आवाज पुऱ्याउन सकिरहेको देखिँदैन। भूमिमाथि पहुँच नहुँदा आफ्नो आयआर्जन र उपभोग गर्न कृषि उपजका लागि आवश्यक पर्ने स्रोत जुटाउन युवाले सङ्घर्ष गर्नुपर्ने अवस्था छ। भूमि अधिकार, वातावरण संरक्षण तथा भूउपयोगका बारेमा युवालाई जागरूक बनाउन नीतिगत तथा व्यावहारिक पक्षमा सक्रियता देखाउन सकिएमा देशमै युवा स्वरोजगारमा संलग्न मात्र हुने छैनन् उनीहरूको सत्प्रयासबाट रोजगारीका अवसरसमेत सिर्जना हुने छन्। ■

आकर्षक र पठनीय लाग्यो

युवामञ्च पत्रिका युवाले पढ्नै पर्ने पत्रिका रहेछ । धेरै वर्षपछि युवामञ्चको साउन अङ्क पढ्ने अवसर मिल्यो । यसमा प्रकाशित लेख रचना पढ्दा राम्रा लागे । हस्तनिर्मित काँगियोको कथा, फलफूलको राजा आँपको बारेमा र लेप्चा जातिको इतिहास पढ्दा आनन्द लाग्यो ।

अर्को गोत्रको ऐतिहासिक नालीबेली शीर्षकको खोजमूलक लेख पढ्दै गर्दा मानव सभ्यता र संस्कारलाई बचाइराख्न गोत्र कति महत्त्वपूर्ण रहेछ भन्ने कुरा जान्ने अवसर मिल्यो भने जनै लगाउने वर्ग ब्राह्मण, क्षेत्रीलगायत विभिन्न समुदाय वा तागाधारीले अनिवार्य रूपमा लगाउनैपर्ने जनै र जनैपूर्णिमाको धार्मिक महत्त्वका विषयमा पढ्न पाइयो ।

भिजिट भिसा काण्डका सम्बन्धमा लेखिएको खोजमूलक लेख भिजिट भिसामा गोलमाल पनि अध्ययन गर्ने अवसर पाइयो । देशको कानुन हामी जस्ता सामान्य नागरिकका लागि मात्र लाग्ने रहेछ, ठूलाबडालाई यसले छुँदैन रहेछ भन्ने महसुस भयो । यस्तै खोजमूलक लेख रचना पढ्ने अवसर प्रदान गरेकोमा युवामञ्च परिवारलाई धन्यवाद ।

–राज आचार्य
बौद्ध, काठमाडौं

यौन शिक्षा समेट्नु पर्‍यो

युवामञ्च लोकप्रिय पत्रिका हो यसमा कसैको दुईमत छैन । युवामञ्चले समेट्ने लेखरचना खोजमूलक, समय सान्दर्भिक र पठनीय नै लाग्छन् । त्यसका अतिरिक्त ज्योतिषसँगको प्रश्न–उत्तर, राशिफल, मुलुकमा भएका मुख्य घटना, सामान्यज्ञान, कोठेपद र अङ्कजाल प्रतियोगिताले पनि युवामञ्चलाई पठनीय बनाएको छ ।

लेखरचनाका अतिरिक्त यस्ता ज्ञानवर्द्धक कुराले युवामञ्च खोजी खोजी किन्न र पढ्न प्रेरित गर्ने गर्छ । विगतमा स्वास्थ्य शिक्षा र युवा तथा युवासँग सम्बन्धित यौन शिक्षाका विषयमा प्रश्न उत्तर राखेको थियो तर अहिले आएर हटाएको छ । यौन शिक्षासँग सम्बन्धित विषय नहटाएको भए हुन्थ्यो ।

–फत्ते बुढामगर
गुलरिया नपा–२, बर्दिया

तथ्य मिलेन

म युवामञ्चको नियमित पाठक हुँ । असार महिनाको युवामञ्चमा दोलखा चिनाउने सुरेल लेखमा लेखक दीपक श्रेष्ठले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा ६० लोपोन्मुख जाति रहेको भनी उल्लेख गर्नुभएको छ ।

सोही तथ्याङ्क साउन महिनामा भने ५९ उल्लेख गर्नुभयो । खासमा वेबसाइट अनुसार ६० रहेछ ।

–कसम घिमिरे
भरतपुर चितवन

प्रतिक्रिया र सुझावका लागि धन्यवाद ।

सं

पुरस्कारको राशि बढाउनु पर्‍यो


अङ्कजाल प्रतियोगिता साउन २०८२
नाम :
ठेगाना :
सामान्यज्ञान जेठ अङ्कको उत्तर

म गोरखापत्र र युवामञ्चको नियमित पाठक हुँ । विगत १२/१५ वर्षदेखि निरन्तर रूपमा पढ्दै आएको छु । युवामञ्चमा प्रकाशित हुने लेख, रचना तथा विभिन्न सामग्री पढ्ने गर्छु । युवामञ्चमा अङ्कजाल र कोठेपदको उत्तर छापिँदा धेरैजसो नबुझिने अवस्थाका हुन्छन् तर सामान्य ज्ञानको उत्तर छपाइ भने राम्रो छ ।

युवामञ्चको छपाइमा यस्तो समस्या किन आएको होला ? सामान्य ज्ञानको उत्तर जस्तै बुझिने गरी कोठेपद र अङ्कजालको पनि उत्तर छाप्ने व्यवस्था मिलाउन हुन सादर अनुरोध गर्दछु । साथै युवामञ्चबाट प्रकाशित हुने गरेको कोठेपद र अङ्कजालमा विजेताका लागि पुरस्कार राशि बढाउन आग्रह गर्दछु ।

सामान्य ज्ञानमा प्रथम, द्वितीय र तृतीय हुनेलाई पनि पुरस्कार राशिको व्यवस्था भएकाले सो पुरस्कार राशिमा पनि उहिले र अहिलेको बजार भाउ अनुसार धेरै फरक परेकाले राशिमा संशोधन गर्न यो सुझाव लेखिपठाइको छु ।

–बुद्धिमान श्रेष्ठ

कामनपा–११, कुमारीमार्ग त्रिपुरेश्वर, काठमाडौँ

प्रभावकारी र उपयोगी छ

आजीविका बन्न सक्छ साइबर सुरक्षा

२०८२ साल साउन महिनाको युवामञ्च समयमा नै पढ्न पाइयो । यस पत्रिकामा बौद्धिक तथा ज्ञानगुनका कुरा समावेश भएको हुन्छ । साउन महिनाको पत्रिकामा आए आँप गए झटारो लेख पठनयोग्य रहेको छ । साथै नेपालका आदिवासी जनजातिमध्ये लेप्चा जातिको रहनसहन, धर्म, संस्कृति, चाडपर्व तथा सो जातिका अन्य पक्षका बारेमा जानकारी लिन पाइयो ।

इरान–अमेरिका दशकौँको तनावबाट देखिएको विवादसम्बन्धी आलेख, विद्युतीय साहित्यको विराट् फड्को, शैलेन्द्र मगरातीद्वारा लिखित साइबर सुरक्षामा करिअर बनाउने विधि प्रभावकारी लागे । यसै गरी नोबेल पुरस्कार विजेता साहित्यकारका बारेमा जान्ने मौका मिल्यो ।

गोत्रको ऐतिहासिक नालीबेलीसम्बन्धी लेखबाट हामीले हाम्रो गोत्रका बारेमा जानकारी पायौँ । अहिले चर्चित भएको भिजिट भिसा प्रकरणका बारेमा प्रकाशित लेखबाट त्यसको चुरो कुरा थाहा पाउने मौका मिल्यो ।

यो मासिक पत्रिका प्रत्येक युवाका लागि तथा समसामयिक विषयमा जानकारी राख्न चाहनेका लागि एकदमै प्रभावकारी र उपयोगी रहेको छ । यो पत्रिका लोकसेवा आयोग तथा विभिन्न प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्नेहरूका लागिसमेत नभई नहुने पत्रिकाका रूपमा आफ्नो स्थान बनाउन सफल देखिएको छ ।

–कुमारी लक्ष्मी जोशी

कामनपा–११, बबरमहल काठमाडौँ

मि. लक्की सेलाक

सेलाकको प्रथम हवाई यात्रा पनि सुखद भएन। अवतरण गर्ने तयारीमा रहेको विमानको ढोका अचानक जोडदार आवाज गर्दै खुल्यो। चालकदलका सदस्य हावामा उछिट्टिए र सँगसँगै सेलाक पनि हावामा पुगे।

फ्रानो सेलाक सम्भवतः अहिलेसम्मका सबैभन्दा भाग्यमानी व्यक्ति हुन्। यसैले सेलाकका साथीले उनलाई 'मि. लक्की' भन्ने गर्छन्।

जीवनका विभिन्न समयमा सेलाकको सात पटक कालसँग जम्काभेट भयो तर हरेक पटक उनी सकुशल उम्किए। त्यसपछि आफू वास्तवमै असाधारण भाग्यमानी भएको सिद्ध गर्न सेलाकले सन् २००३ मा चिट्ठा नै जिते। सेलाकको जीवन दुर्भाग्यका कैयौँ घटनाले भरिपूर्ण छ।

एक सङ्गीत शिक्षक सेलाक आफूलाई सर्वकालीन भाग्यमानी मानिस स्वीकार गर्दै जीवनमा सकारात्मक रहने गर्थे।

कथाको सुरुवात क्रोएसियाको जाग्रेबमा सुरु हुन्छ जहाँ सन् १९२९ जुन १४ मा सेलाकको जन्म भयो। उनले पाँच पटक विवाह गरे। उनी धनी परिवारका थिएनन् तर उनमा सङ्गीतप्रति अगाध प्रेम थियो। सेलाकको परिवारले पियानो र भायोलिन अध्ययन गर्न उनलाई संरक्षकत्वमा हाइस्कुलमा पठाए। त्यतिबेला क्रोएसिया युगोस्लाभियाको एक भाग थियो र सेलाकले सामाजिक तहमा कैयौँ दमनकारी शासन देख्नु पर्‍यो। साथै दोस्रो विश्वयुद्धपछि सेलाक रक्तपातपूर्ण बाल्कन युद्धमा जोगिए। यो युद्ध दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा घातक मानिन्छ।

धेरैजसो यतिमै सेलाकलाई धेरै नै भाग्यमानी भन्न सक्छन् तर यो सुरुवात मात्र हो।

सेलाक ३३ वर्षको भएका बेला मृत्युसँग उनको पहिलो ठूलो जम्काभेट भयो। सराजेभोबाट ड्युब्रोभ्निक गइरहँदा

उनी सवार रेल बरफ जमेको नदीमा खस्यो। रेलको धेरैजसो भाग नदीमा डुब्यो र घटनामा १७ जना यात्रुको मृत्यु भयो तर सेलाक बाँचे। पौडेर सेलाक नदी किनारामा आए। उनको हात भाँचिएको थियो र चिसोले शरीर कठ्याङ्ग्रिएको। यस्तो दुर्घटनामा सामान्य चोटपटक मात्र लागेर बाँचेका सेलाक केही महिनामै निको भए तर उनको दुर्भाग्यले छाडेन।

दुर्घटनापछि सेलाकले रेल चढ्न छाडे। उनले कहिल्यै विमान चढेका थिएनन्। सन् १९६३ मा सेलाकले आफ्नी आमा बिरामी परेको खबर पाए। उनी तुरुन्तै जाग्रेबबाट विमान चढेर रेगिना जाने भए। यसका लागि उनले टिकट एजेन्टसँग सम्पर्क गरेर जतिसक्दो छिटो उडानमा आफ्नो टिकट बुक गर्न भने तर विमानमा सबै टिकट बुक भइसकेको जानकारी गराइयो। सेलाकले विमान कम्पनीलाई अनुरोध गरेर चालकदलका सदस्यसँग विमानको पछाडिको भागमा बस्न अनुमति मागे र उनलाई अनुमति दिइयो।

सेलाकको प्रथम हवाई यात्रा पनि सुखद भएन। अवतरण गर्ने तयारीमा रहेको विमानको ढोका अचानक जोडदार आवाज गर्दै खुल्यो। चालकदलका सदस्य हावामा उछिट्टिए र सँगसँगै सेलाक पनि हावामा पुगे। विमान दुर्घटनाग्रस्त भयो र चालकदलका अन्य सदस्यसहित सबै १७ यात्रुको मृत्यु भयो। चामत्कारिक रूपमा सेलाक यस पटक पनि बाँचे। उनी घाँसको थुप्रोमा खसेका थिए ।

सन् १९६६ मा फेरि मृत्युसँग सेलाकको जम्काभेट भयो। उनले विमान चढ्न छाडेका थिए। सेलाकले जुन बसमा यात्रा गरिरहेका थिए त्यो एउटा नदीमा खस्न पुग्यो। यो नदी जमेको चाहिँ थिएन तर खतरनाक थियो। दुर्घटनामा चार जनाले ज्यान गुमाए तर सेलाक सकुशल रहे। उनलाई चोटपटक पनि लागेन।

बारम्बार दुर्घटनामा पर्न थालेपछि सेलाकसँग उनका साथी यात्रा गर्न डराउन थाले किनभने उनीसँगै दुर्भाग्य पनि साथसाथै रहने विश्वास गर्न थालिएको थियो।

यी दुर्घटनाका चोट आफ्नो जीवनमा हावी हुन नदिएर सेलाकले थियटरमा काम गरिरहे। केही वर्ष सुख शान्तिसँग उनले के बिताए फेरि आपत् आइपर्‍यो। सन् १९७० मा सेलाकले आफ्नो कारमा यात्रा गरिरहेका बेला कारको इन्धन ट्याङ्की नै विस्फोट भयो। उनी

गाडीमा रहेको एयरब्यागको मद्दतबाट सेलाकको ज्यान जोगियो । सन् १९९६ मै एउटा यस्तो अर्को घटना भयो जसले सेलाक अमर नै हुन जस्तो बनायो । पहाडी सडकमा सेलाकको स्कोडा गाडीतिर एउटा गाडी हुत्तिएर आयो ।

जसोतसो बाँचे । फेरि सन् १९७३ मा गाडीको फ्युल पम्प चुहावट भएर उनको गाडीमा आगो लाग्यो । आगोले उनलाई छोयो र कपाल लगभग सबै डढ्यो तर खासै गम्भीर चोट उनलाई लागेन । सेलाकलाई एकपछि अर्को यस्ता घटनाले पछ्याएपछि साथीभाइ, छिमेकी र थाहा पाउनेहरू उनी श्रापित मानिस मान्न थाले । कुनै भूतप्रेतको छाया उनीमाथि परेको विश्वास गरिन थालियो ।

त्यसपछि केही वर्ष आरामसँग बिते । सेलाकले दुर्भाग्यबाट आफूलाई मुक्ति मिलेको ठाने तर नियतिलाई कसले टार्न सक्छ र ? सन् १९९५ मा सेलाक फेरि समाचारको विषय बने । एउटा बसले उनी सवार कारलाई ठोकेर साँघुरो खोचमा खसालिदियो । गाडीमा रहेको एयरब्यागको मद्दतबाट सेलाकको ज्यान जोगियो । सन् १९९६ मै एउटा यस्तो अर्को घटना भयो जसले सेलाक अमर नै हुन् जस्तो बनायो । पहाडी सडकमा सेलाकको स्कोडा गाडीतिर एउटा गाडी हुत्तिएर आयो । सेलाकले गाडीबाट हामफाले र एउटा रुखको हाँगामा झुन्डिए । भिरमा सय मिटर तल खसेको उनको गाडी विस्फोट भयो ।

संयुक्त राष्ट्रसङ्घको ठूलो ट्रक साँघुरो पहाडी सडकमा अनियन्त्रित भएर आएको देखेर सेलाकले अन्तिम क्षणमा आफ्नो कारको ढोका खोलेर हामफालेका थिए ।

यसरी बारम्बारका दुर्भाग्यपूर्ण घटनाले सेलाकलाई भाग्य नै खराब भएको व्यक्तिका रूपमा जोकोहीले बुझ्न सक्छन् । इस्वी संवत्को २१ औँ शताब्दीले चाहिँ सेलाकलाई भाग्यमानी बनायो । उनले क्रोएसियामा ११ लाख अमेरिकी डलरको चिट्ठा जिते । जितेको रकमबाट सेलाकले आलिसान दुई घर, एउटा डुङ्गा र महँगो कार किने ।

त्यसपछिका दिन सेलाकले आरामसँग बिताए । उनलाई दुर्भाग्यले कहीँकतै पछ्याएन । सेलाकलाई दिव्यज्ञान प्राप्त भयो र पैसाले खुसी किन्न नसकिने बुझेर उनले यश आरामका सबै वस्तु घर, कार आदि बेचिदिए । भएको सम्पत्ति साथीभाइ, इष्टमित्रलाई बाँडिदिए । त्यसपछि जाग्रेबको दक्षिणमा रहेको सामान्य घरमा जीवनयापन गर्न थाले ।

अन्ततः ८७ वर्षको उमेरमा सेलाकले मृत्युलाई छक्काउन सकेनन् र सन् २०१६ नोभेम्बरमा प्राकृतिक रूपमा उनको निधन भयो । ■

–युवामञ्च

काजीको कलम

कोपरादेखि पाइखानासम्म

आधुनिकता र सहरीकरणसँगै प्रायःले बिर्सिसकेको वस्तु हो 'कोपरा'। बृहत् नेपाली शब्द कोषमा कोपराको अर्थ केटाकेटी वा बिरामीलाई दिसापिसाब गराउन प्रयोग हुने पित्तल, तामचिन र आल्मुनियमलगायतको भाँडो अर्थ्याइएको छ।

तर कोपरा भाँडोको अर्थ यतिमै सीमित छैन। यो भाँडो नेपालको परम्परागत पाइखाना (शौचालय) भएको विश्वास गरिन्छ। केही वर्षपहिलेसम्म काठमाडौँ सहरमा पनि रातको समयमा दिसापिसाब लागेपछि कोपरा बस्ने चलन थियो। गाउँघरतिर शौचालयको विकास नहुन्जेलसम्म बिहान खोला, खोल्सा वा बाटो किनारामा र राति कोपरा प्रयोग हुने गरेको सम्झना ताजै छ। शौचालयको विकास भएपछि कोपरा लोप भएको काठमाडौँ महानगरपालिका सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख नरेन्द्रवीर वज्राचार्यको बुझाइ छ।

उनका अनुसार कोपराको विकसित रूप पाइखाना हो भने पाइखानाको आधुनिक स्वरूप शौचालय हो। जनजिब्रोबाट हराइसकेको यो भाँडो भेटाउन अस्पताल पुग्नु पर्छ। प्रायः अस्पतालले अशक्त बिरामीका लागि प्लास्टिक र पित्तलको कोपरा व्यवस्था गरेको हुन्छ।

पाइखानाको विकास

नेपालमा पाइखानाको विकास कहिले भयो ? यस विषयमा भिन्न भिन्नै इतिहास पाइन्छ। प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणा युरोप भ्रमण गरी नेपाल फर्केपछि इँटा–माटो मिलाएर पाइखाना बनाउन लगाएको बुझिन्छ।

युरोपका बेलायत र फ्रान्स जस्ता देशमा पाइखानाको व्यवस्था भएकाले जङ्गबहादुर राणाले त्यसैको सिको गरी दरबारभन्दा टाढा र एकान्त स्थानमा पाइखाना बनाउन लगाएका थिए। कोलकाताको प्रभावले नेपालमा पाइखाना बनाउने चलन बसेको भन्ने पनि गरिन्छ।

कुनै बेला कोलकाता ब्रिटिस–इन्डिया कोलोनीको राजधानी रहेको थियो। वज्राचार्यका अनुसार काठमाडौँ सहरवासीले पाइखाना प्रयोग गर्न थालेको डेढ सय वर्ष लामो इतिहास छ। काठमाडौँमा पाइखाना स्थापनाको आधिकारिक प्रमाण नभेटिए पनि १९६८ सालको पहिलो जनगणनामा सार्वजनिक जग्गामा बनाइएका संरचना समेटिए। राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सत्तल, पाटी, धर्मशाला, घर, गोठ र पाइखाना जस्ता शब्द समेटिएका थिए।

तत्कालीन राजा र राणाहरूका दरबारभित्र पाइखाना नभेटिएकाले एकान्त एवं सार्वजनिक स्थानमा यी बनाएको देखिन्छ। नेवार समुदायमा ८/१० वटा घर परिवारको एउटै पाइखाना बनाउने चलन थियो।

तर पछि परिवार सङ्ख्या बढ्दै जाँदा आफ्नै घरको भुइँतला (छिँडी) मा कम उचाइ भएको पाइखाना बनाउन सुरु गरेको पाइन्छ। काठमाडौँ सहर नगरपालिकामा रूपान्तरण भएपछि भने जात्रा लाग्ने र भीडभाड हुने स्थानमा पनि सार्वजनिक पाइखाना बनाइएका थिए।

माटो, इँटा र काठले बनेको घरको सबैभन्दा मुनि एउटा पाइखाना र त्यसैको आडैमा पानी राख्ने सानो ट्याङ्की, माटो वा प्लास्टिकको भाडो प्रयोग गर्ने चलन थियो।

शौचालयको इतिहास

शौचालयको सुरुवात इसापूर्व १२ सय वर्षपहिले इजिप्टबाट भएको पाइन्छ। त्यसपछि युरोपका विभिन्न देशमा व्यवस्थित शौचालयको विकास भएपछि फ्रान्स, बेलायत, चीन, जापान र भारत हुँदै यो नेपाल भित्रिएको देखिन्छ।

शौचालय वा पाइखाना नबन्नुअघिसम्म गाउँघर मात्र होइन सहर बस्नेहरू शौच वा पिसाबका लागि झाडी, एकान्त स्थान, खोला खोल्सा, घरको कुनो वा पर्खाल, रुखको फेद, खेतबारी खोज्दै हिँड्थे।

शौचालय आफैँमा शब्द मात्र नभई पाइखानाको विकसित स्वरूप भएकाले यसमा धेरै सुविधा हुने गरेको बुझाइ छ। सेफ्टी ट्याङ्कीदेखि पानी फ्लस गर्ने सुविधाका कारण शौचालय शब्द लोकप्रिय बन्यो।

चलनचल्तीको भाषामा शौचालयलाई पाइखानाका अतिरिक्त चर्पी, टट्टीखाना, बाथरुम पनि भन्ने गरेको पाइन्छ। विशेष गरी आधुनिक जमानामा सिमेन्ट, बालुवा, गिट्टीको प्रयोगसँगै सेरामिकबाट बनाइएको आकर्षक प्यान वा कलात्मक कोमोड राखेर शौचालय तयार हुन्छ।

शौचालयमा पानीको भाँडो वा धारा अत्यावश्यक मानिन्छ। नेपालमा यस्तो शौचालयको संस्थागत विकास भने २०५२ सालबाट सुरु भएको प्रदेश सहरी विकास तथा भवन कार्यालयको दस्ताबेजमा उल्लेख छ।

तत्कालीन समयमा एक अन्तर्राष्ट्रिय दातृ संस्थाले सरकारी कार्यालयमा व्यवस्थित शौचालय निर्माण अनिवार्य आवश्यकता रहेको सुझाव र बजेट दिएको थियो। 'एक घर एक शौचालय' निर्माण कार्यमा सहयोग पुग्ने गरी सरकारसँगको सहकार्यमा सरसफाइसम्बन्धी नयाँ योजना लागू भयो।

हैजा जस्ता महामारी रोग नियन्त्रण, गाउँबस्ती तथा सहर सफा राख्न शौचालय निर्माण अभियान अपरिहार्य जस्तै थियो। जुन सफल पनि भयो।

२०५८ सालको जनगणनामा शौचालयको सङ्ख्या पनि गणना गरी २०६० सालपछि 'एक घर एक शौचालय' अभियान सञ्चालनमा आएको सो कार्यालयले जनाएको छ। कङ्क्रिटबाट बन्ने घरको प्रत्येक तलामा शौचालय बनाउने गरिन्छ। शौचालय पनि महिला, पुरुष, अपाङ्ग वा बालमैत्री र तेस्रो लिङ्गीका लागि निर्माण हुने गरेका छन्।

त्यस्तै सार्वजनिक स्थान (सडक बाटो, बसपार्क, खेलकुद मैदान, उद्यान, पोखरी, प्रतीक्षालयलगायत) भएका स्थानमा पनि शौचालय अनिवार्य गरिएको छ। महानगरपालिकाले विभिन्न निकायसँग सहकार्य गरी ५८ वटा सार्वजनिक र विभिन्न व्यावसायिक भवनको ३८ वटा गरी ९० वटा शौचालय सञ्चालनमा ल्याएको छ। ▪

–देवबहादुर कुँवर

मधेशी आयोगले द्वितीय तथ्याङ्कमा आधारित भई २०७८ सालमा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो ।

मधेशमा रमाएका धानुक

दीपक श्रेष्ठ

मुख्य गरी नेपालको कोशी र मधेश प्रदेशमा बसोबास गर्ने धानुक जातिको भारत, बङ्गलादेश र पाकिस्तानमा समेत बसोबास रहेको छ । यो जातीय समूहलाई धानुक, धानुका, धनिक, धेनिक, धानका, धानकिया, धनूर आदि थरले समेत चिनिन्छ ।

धानुक जातिमा गाउँको जान्ने बुझ्ने नेता छान्ने चलन छ । यस्तो नेतालाई 'माइनजन' भनिन्छ । यस्ता व्यक्तिले गाउँका बूढापाका व्यक्तिसमक्ष आफ्ना समस्या प्रस्तुत गरी समाजका कार्य अघि बढाउने गर्दछ ।

यस जातिमा धार्मिक क्रियाकलापको नेतृत्व 'धामी' लाई दिइएको हुन्छ । धानुक जातिको भाषा, संस्कृति संरक्षण र सङ्गठित गर्न धानुक सेवा समाज, धानुक विद्यार्थी समाज, डिक्का महासङ्घ जस्ता संस्था सक्रिय छन् ।

धानुक जातिमा लोककलाको पनि महत्त्वपूर्ण स्थान छ । धानुकको घरमा लोककला कोरिएको पाइन्छ । छठ, छठिहार, छेवर, विवाह, दीपावली, कृष्णअष्टमी, तिलासङ्क्रान्ति, सत्यनारायण पूजामा धानुक महिला चित्र कोर्दछन् । उनीहरू यस्ता लोककला कोर्न सिपालु हुन्छन् । चित्र लेख्ने कार्यलाई उनीहरू 'लिखनाई' भन्छन् । चित्र लेख्ने कार्यमा प्रायः महिला हुने भएकाले चित्र लेखिकालाई 'लिखनिहारी' भनिन्छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सूचीकृत ५९ आदिवासी जनजातिमध्ये धानुक जाति अति सीमान्तकृत समूहमा पर्दछ। धानुक जाति तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति हुन्।

मधेशी आयोगले द्वितीय तथ्याङ्कमा आधारित भई २०७८ सालमा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन सार्वजनिक गरेको थियो। सो प्रतिवेदन अनुसार धानुक जातिका थर मण्डल, महतो, सदा, चौधरी, गराइन, नेपाली, कापर, निराला रहेको छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार धानुक जातिको जनसङ्ख्या दुई लाख ५२ हजार १०५ रहेको छ। जसमा पुरुषको सङ्ख्या एक लाख २६ हजार ६७१ र महिलाको एक लाख २५ हजार ४३४ छ। प्रदेशगत हिसाबले धानुक जातिको बसोबास मधेश प्रदेशमा बढी छ। त्यसमा पनि सिराहा, सप्तरीमा धानुक जातिको उपस्थिति बढी पाइन्छ।

महोत्तरी, सर्लाही, धनुषा, रौतहट, बारा, पर्सा, झापा, मोरङ र सुनसरी जिल्लामा धानुकको बसोबास रहेको छ। राष्ट्रिय जनगणना, २०६८ मा धानुक जातिको

जनसङ्ख्या दुई लाख १९ हजार ८०८ देखाइएको थियो। यसरी तुलनात्मक रूपमा यस जातिको जनसङ्ख्या बढेको पाइन्छ।

निर्मला बोहोराले ‘धानुक जातिको सामाजिक तथा आर्थिक अवस्था’ (२०७३) विषयमा शोध गरेकी छन्। यस शोधमा झापा जिल्लाको गौरादह गाउँ विकास समितिलाई आधार मानिएको छ। शोध अनुसार धानुकमा मण्डल, चौधरी, महतो, सदा, धानुक, धनकर, डिसी (धानुक क्षेत्री) आदि प्रचलित थर रहेका छन्। सिरोट, मगहिया, दुधवार, राजवंशी र सुर गरी पाँच वटा शाखामा विभाजित धानुक जातिको सगोत्री जातिमा कुर्मी, केवट, अमातलगायत गनगाईसमेत छन्।

यिनीहरूको प्राचीन भाषाको अहिलेसम्म पहिचान हुन सकेको छैन। धानुकले मैथिली, अवधी, भोजपुरी, नेपाली तथा बसाइँसराइसँगै ग्रहण गरेका भाषा बोल्ने गर्दछन्। वर्तमानमा यो जातिका मानिस नेपालका काठमाडौँ तथा पूर्वको झापादेखि बारा, पर्सालगायतका जिल्लामा बसोबास गर्दछन् (धानुक दर्पण, २०६८)।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको वेबसाइटमा राखिएको ‘नेपालका आदिवासी जनजाति धानुक जातिको सङ्क्षिप्त परिचय’ मा उल्लेख भए अनुसार यस जातिमा मण्डल, चौधरी, महतो, सदा धानुक, धनकर आदि थर प्रचलित छन्। सिरौढ, मगहिया (मधैया), दुधवार र सुर गरी चार वटा शाखामा फैलिएको धानुक जातिको सगोत्री जातिमा कुर्मी, केवट र अमात हुन्।

खेतीपाती गर्नेलाई सिरौढ, पशुपालन गरी दूध उत्पादन बिक्री गर्ने हुँदा दुधवार, मजदुरी तथा जमिनदारको रखबारी, पहरेदार गर्नेलाई सपोलिया र मधैया नामकरण भयो। धानुक जातिमा गोत्रको प्रचलन नभए पनि कतिपयले कश्यप र शाण्डिल गोत्र भन्ने गरेको पाइन्छ। विवाहमा गोत्रको खासै अर्थ रहँदैन। उनीहरूमा रक्तसम्बन्ध केलाएर विवाह गर्ने परम्परा छ।

विवाह

धानुक जातिमा मागी विवाह, प्रेम विवाह, विधवा विवाह, सट्टापट्टा (गोलट) विवाह गरेको देखिन्छ। बालविवाह र बहुविवाह यो जातिमा पहिले भए पनि अहिले यस्तो प्रायः देखिँदैन।

पहिले पहिले धानुक जातिमा विधवा विवाहको चलन रहेको थियो। यस जातिमा दाजुको मृत्युपछि भाउजूको विवाह देवरसँग गर्ने परम्परा रहेकोमा वर्तमानमा यस्तो परम्परा विरलै देख्न पाइन्छ। साथै अध्ययन क्षेत्रका धानुकमा यस्तो किसिमको विवाह भएको पाइएन (बोहोरा, शोध, २०७३)।

चाडपर्व, परम्परा र चालचलन

धानुक जातिको विवाह, संस्कार, यज्ञ, पूजा जस्ता कर्मकाण्डमा मैथिल ब्राह्मण लगाउने गरिन्छ। उनीहरूले हिन्दु धर्मलाई नै पछ्याउँछन्। धानुक समाजमा धामीझाँक्री, तन्त्रमन्त्र, भूतप्रेत र टोनाटापरमा विश्वास राखेको देखिन्छ। उनीहरूमा कुस्ती खेल लोकप्रिय छ।

धानुक जातिले कुल देवताका रूपमा गहिल, गोरिया, धर्मराज, विषहरा, काली, अन्दी र मीरालाई पुज्ने कुलदेवताको पूजा गर्छन्। नववर्ष मनाउने क्रममा ग्रामथान र कुलदेवताका अतिरिक्त दुर्गापूजा, कालीपूजा र अन्य देवीदेवताको समेत पूजा गरिन्छ।

धानुक समुदायले जितिया पर्व मनाउँछन्। जितिया पर्व विवाहित धानुक महिलाले मनाउने गरेको पाइन्छ। यस पर्वको पहिलो दिन कोदोको रोटीका साथ माछा खाने चलन छ। राति स्वादिष्ट परिकार बनाई खाने गरिन्छ। बिहान सूर्योदय हुनुअगावै व्रतालुले परिवारका साथमा खाने गर्छन्। जसलाई अठिगन भनिन्छ।

धानुकले माघेसङ्क्रान्तिको बिहान सबेरै उठी नजिकको नदीमा गएर नुहाउने अनि ग्रामथान, ठाकुर ब्राह्मणीको थानमा विधिविधान अनुसार पूजा गर्दछन्। नागप्रति धानुक जातिको अत्यन्त आस्था र विश्वास छ। नागपञ्चमीका दिनमा गोबरले घर घेरी बीच बीचमा गोबरको नाग बनाउँछन्। नागलाई देवताका रूपमा मानी

गर्दछन्। उनीहरूमा असारही पूजा, वटसावित्री पूजा, भगवती पूजा, जितियापर्व, सिरुवापर्व, समाचकेवापर्व, भ्रातृद्वितीया, सीताराम, राधाकृष्ण, शिवपार्वतीको पूजा गर्ने प्रचलन छ। दशैं, दीपावली, छठ, समाचकेवा पनि उनीहरूले मनाउँछन्। उनीहरूले मुख्य रूपमा नेवान, मकर सङ्क्रान्ति, शिवरात्रि, होली, रामनवमी, जुडशीतल, नागपञ्चमी, रक्षाबन्धन, कृष्णअष्टमी, गणेश चतुर्दशी जस्ता पर्व मनाउने गर्छन्।

धानुक जातिको बसोबास रहेको गाउँको छेउ डिहीवार थान हुन्छ। जहाँ सम्पूर्ण गाउँले भेला भई बर्सेनि पूजा गर्दछन्। वैशाख १ गतेलाई नयाँ वर्षका रूपमा धुमधामसँग मनाउने परम्परा छ। यस पर्वमा संलग्न हुँदा धानुक समुदायले आफ्नो गाउँको ग्रामथानमा भेला भएर सामूहिक पूजा गर्दछन्। प्रत्येकले आआफ्नो घरमा आदर सम्मान गर्दछन्। धानुकले साउन सलोनी पूर्णिमाका दिन रक्षाबन्धन चाड मनाउँछन्। यस दिनमा पूजा विधिद्वारा पवित्र पारिएको बेसारमा रङ्गाइएको धागो दाजुभाइलाई बाँधिदिन्छन र मिष्ठान खुवाउँछन्। धानुक जातिको प्रमुख चाड छैठ पनि हो।

धानुक गाउँमा कीर्तन मण्डली पनि हुन्छ। मण्डलीले सत्यनारायण, तुलसी, सुरदास, मीरा र विधापति गाउने गर्दछन्। धानुक महिलामा मिथिला र थारू संस्कृतिको प्रभाव पाइन्छ।

लोकसंस्कृति र लोकगायनमा धानुक जाति धनी छ। जुडशीतलमा खेलिने धुरखेल, सुकरातमा खेलिने हुर्राहुर्री, फागुमा होली, समाचकेवा, जाटजाटिन जस्ता मनोरञ्जनात्मक खेल, कला धानुक समाजमा संस्कृतिकै रूपमा स्थापित छ।

बालक जन्मिँदा चमिनियाँ (सुँडेनी) बोलाउने चलन छ। वर्तमान समयमा भने अस्पताल लगेको देखिन्छ।

शिशुको जन्म भएपछि नाभि काटने, नुहाइधुवाई गर्ने, सुत्केरीलाई नुहाइदिने, कपडा लगाइदिने एवं तेल घसिदिने आदि सबै काम चमिनियाँले गर्दछिन्। सुत्केरीलाई बच्चा जन्मेको छ दिनमा चोख्याइन्छ। चमिनियाँले आवश्यकता अनुसार बच्चा र आमाको हेरचाह गर्दछिन्। चमिनियाँले यसरी काम गरी दिएबापत भेटीमा पैसा, अनाज, लत्ताकपडा पाउँछिन्। त्यस्तै धानुकले बच्चा जन्मेपछि आफ्ना छिमेकी, इष्टमित्रलाई बोलाई खुसी बाँड्ने परम्परा छ (बोहोरा, शोधः २०७३)।

धानुक समाजमा मानिसको दुई थरी मृत्यु हन्छ भन्ने विश्वास छ। एउटा साधारण र अर्को असाधारण वा अप्राकृतिक। साधारण मृत्यु दैवले डाँकेको बेलामा समय पुगिसकेपछि हुने गर्दछ। असाधारण मृत्यु कुनै रोग, दुर्घटना वा जङ्गली जनावरको आक्रमणबाट या भूतप्रेतका कारणले हुने मानिन्छ। धानुक जातिमा पनि १३ दिन जुठो बारी किरिया बस्ने कार्य हुन्छ। प्रेतलोकबाट उतारी स्वर्गलोकमा मृतकको आत्मालाई पठाउने चलन धानुक जातिमा पाइन्छ। मृत्युको अन्तिम घडीमा परिवारका सबै सदस्यले पालैपालो मृतकलाई पानी खुवाउने चलन छ। मृतकको मुखमा सुनको वा चाँदीको वा नभए तामाको चम्चा वा कुनै धातुको टुक्रा राख्ने चलन छ।

शवलाई घाटमा लानुअघि लुगा फेर्ने, शरीरमा चन्दन र तेलको लेपन गर्ने गरिन्छ। घाटमा शवको खुट्टा नदीमा छुवाएर राखिन्छ। जलाउँदा टाउको उत्तर दिशातिर फर्काइन्छ। पाँच वर्षभन्दा कम उमेरको मृतक भएमा शव गाड्ने चलन छ। मलामीले नदीमा नुहाई भिजेको लुगासहित घर फर्कनु पर्दछ। शोक परेको दुई दिनपछि गरिने विधिलाई दुधिया भनिन्छ। त्यो दिन शव जलाएको ठाउँमा दूध चढाई त्यसलाई माटोले छोपिन्छ। त्यसपछि दाजुभाइ र इष्टमित्रलाई दुधिया भोज (दही चिउरा) खुवाउने चलन छ।

तेस्रो दिन दही चिउरा सखर 'तिराइत भोज' र सातौं दिन 'सतधन' गरिन्छ। गाउँलेलाई र नातेदारलाई दही, चिउरा, सखर खुवाउने कार्य नै 'सतधन' हो। तेह्र दिनको कार्यपछि 'सभा भोज' गरिन्छ। ▪

धानुक जातिमा लोकगीत, ऋतु गीत, स्तुति, धामी, नृत्यु, विरह, संस्कार गीत गाउने चलन छ। उनीहरूमा सोरठी, बृजमान, लौटी मनियार, बिसहरा, सहलेस नाच, रसलीला नाच प्रचलनमा छ। उनीहरू गोसाउनी, भगत, नचारी, सांहर, समदौन, वटगमनी र बारहमासा गीत, समाचकेवा, जारजटिन, होरी गाउने गर्दछन्।

जन्म र मृत्यु संस्कार

धानुक जातिको जन्म संस्कार अनौठो खालको छ। शिशुको जन्मपछि सुत्केरी आमा र शिशुलाई छुट्टै विशेष कोठा व्यवस्था गरिएको हुन्छ। सुत्केरी र शिशुको रेखदेख गर्न चमार जातिको सुँडेनी महिला राखिन्छ।

जन्मिएको छ दिनमा शिशुको छटिहार पूजा गरिन्छ। जन्मिएको १२ दिनमा शिशुको वरही गरी चोख्याउने चलन छ। त्यसअघि शिशुलाई शुद्ध पानीले आँगनमा नुहाई चोख्याउने कार्य गरिन्छ। छ महिनामा अन्नप्रासन र छोराको कपाल मुण्डन गर्ने संस्कार पनि धानुक जातिमा रहेको छ।

शोधकर्ता निर्मला बोहोराका अनुसार धानुक भाषामा जन्म संस्कारलाई जनमकरम भनिन्छ। धानुक जातिमा

न्यायका अभियन्ता पनि हुन् अली

शरीर निर्बल भए पनि शान्ति र नागरिक असन्तुष्टिका आवाज बुलन्द पार्ने अलीको बोली सशक्त नै रह्यो।

–आरोन न्यान्डल

पार्किन्सन रोगले ग्रसित बक्सिङका हस्ती मोहम्मद अलीले सद्दाम हुसेनसँग अनौपचारिक रूपमा भेट गरी १५ अमेरिकी बन्धक रिहा गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

बक्सिङ खेलका हस्ती, पप संस्कृतिका मेगास्टार, नागरिक अधिकारका हिमायती र बन्धक मामिलाका वार्ताकार– मोहम्मद अलीको पहिचान यतिमै सीमित छैन। रिङभित्र आफ्नो तेजस्वी उपस्थिति तथा त्यसबाहिर लोकोपकारी र सामाजिक न्यायका अभियन्ता अली अमेरिकाको एक महान् र यशस्वी खेलाडी पनि थिए।

अलीको नागरिक जीवन सक्रियता र सुप्रसिद्धिले भरिपूर्ण रह्यो। अलीलाई दुई पटक साङ्गीतिक क्षेत्रको ग्रामी पुरस्कारका लागि मनोनीत गरिएको थियो र आफ्नो साङ्गीतिक खुबीले उनी एक समय ब्रोडवेका स्टारसमेत भए। तथापि यस विषयमा दशकौँपहिले चर्चा नभएको होइन तर धेरै कम मानिसलाई थाहा छ अन्य देशमा अलीको अव्यावसायिक तथा धेरै हदसम्म अनौपचारिक तवरमा अमेरिकी दूतको भूमिका उनको विरासतको एक महत्त्वपूर्ण कडीका रूपमा रहेको छ।

सन् १९९० मा इराक भ्रमणसँगै अलीको यो भूमिकाको विकास हुन गयो। जहाँ उनले इराकद्वारा कुवेतमाथि हमला गरिँदा बन्धक बनाइएका १५ जना अमेरिकीको मुक्तिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे, जुन भूमिका सतहमा देखिएको थिएन।

अमेरिकी कूटनीतिज्ञहरूले बन्धकलाई मुक्त गराउन धेरै सङ्घर्ष गरे तर असफल रहे। न्युयोर्क टाइम्सको रिपोर्ट अनुसार महिनौँसम्म 'कपाल फुलेका वरिष्ठ राजनेता, जनप्रचारका भोगी राजनीतिज्ञहरू तथा हतास महिला र बालबालिका' ले हुसेनको फन्दाबाट बन्धकहरू मुक्त हुने आशा गरी इराकको भ्रमण गरेका थिए।

जिम्मी कार्टरले अलीलाई रोजे

इराकमा अनौपचारिक दूतको भूमिकाका रूपमा अलीको पहिलो प्रयास थिएन। अफगानिस्तानमा तत्कालीन सोभियत सङ्घद्वारा गरिएको हमलाको विरोधमा मास्को ग्रीष्मकालीन ओलम्पिक बहिष्कारार्थ अफ्रिकामा समर्थन जुटाउन सन् १९८० मा राष्ट्रपति जिम्मी कार्टरले अलीको सहयोग लिएका थिए। त्यतिबेला अलीले तान्जानिया, केन्या, नाइजेरिया,

लाइबेरिया र सेनेगलको भ्रमण गरेर मास्को ओलम्पिक बहिष्कार गर्ने अमेरिकी नीतिमा समर्थन जुटाउने प्रयन्त गरे।

'मोहम्मद अली : द मेकिङ अफ एन आइकन' का लेखक माइकल एज्राले लेखका छन्, "अलीको अफ्रिका भ्रमणको प्रभाव कत्तिको पऱ्यो भन्न कठिन छ तर मननीय कुरा के छ भने केन्या र लाइबेरियाले अमेरिकी बहिष्कारमा समर्थन जनाए।" लाइबेरियाले उद्घाटन समारोहमा उपस्थिति जनाएपछि प्रतियोगिता त्याग गरेको थियो। केन्याले आफ्नो टोली नै पठाएन।

साथै सम्भवतः अमेरिकाका उच्च तहका एक मुसलमान अलीले सन् १९८५ मा बेरुत भ्रमणमा गएर कथित रूपमा 'इस्लामिक होली ग्रुप' द्वारा अपहृत चार अमेरिकी र साउदी अरबका एक जना कूटनीतिज्ञको अवस्था पत्ता लगाउने कोसिस गरे। अलीले सिया मुसलमानका धार्मिक गुरुसँगसमेत भेटेर कुराकानी गरेका थिए तर उनले अपहृतहरू कहाँ छन् समेत थाहा नपाएर फर्कनु पऱ्यो।

सन् १९९० मा इराकद्वारा मानिस बन्धक बनाइए

सन् १९९० अगस्तमा सद्दाम हुसेनको इराकी सैन्य बलले आकारमा सानो छिमेकी कुवेतमाथि हमला गरेको थियो। हुसेनले सौदाबाजी गर्ने कुत्सित उद्देश्य राखेर इराक र कुवेतमा बसोबास गरिरहेका सयौँ अमेरिकीसहित हजारौँ अन्तर्राष्ट्रिय बासिन्दालाई बन्धक बनाए। अन्तर्राष्ट्रिय सैन्य बलले बम वर्षा गर्न नसकोस् र नागरिकले हताहतको जोखिम नउठाऊन् भनी बन्धकलाई मानव ढालका रूपमा



प्रयोग गरी कुवेत र इराकका रणनीतिक स्थलमा लगेर राखिएको थियो ।

अमेरिकी कूटनीतिज्ञहरूले बन्धकलाई मुक्त गराउन धेरै सङ्घर्ष गरे तर असफल रहे । न्युयोर्क टाइम्सको रिपोर्ट अनुसार महिनौँसम्म 'कपाल फुलेका वरिष्ठ राजनेता, जनप्रचारका भोगी राजनीतिज्ञहरू तथा हतास महिला र बालबालिका' ले हुसेनको फन्दाबाट बन्धकहरू मुक्त हुने आशा गरी इराकको भ्रमण गरेका थिए ।

इराकमा अमेरिकालाई अलीको सहयोग

अलीले बक्सिङ रिङमा नउत्रेको सन् १९९० सम्म करिब एक दशक भइसकेको थियो । सन् १९८१ मा ट्रेभर बार्बिकविरुद्ध रिङमा पुनरागमन गरी भिड्दा नमिठो नतिजा बेहोरेर आइन्दा जनसेवामा तल्लीन रहने भन्दै अलीले खेलबाट बिदा लिएका थिए । कुनैबेला निकै सक्रिय रहने, मिजासिला र गफी अली ४८ वर्ष लाग्दासम्म शारीरिक रूपमा कमजोर देखिन थाले । उनको बोली लरबराउन तथा पार्किन्सन रोग लागेको छ वर्षमै उनलाई बिनासहारा हिँडडुल गर्नसमेत कठिन हुन थाल्यो ।

शरीर निर्बल भए पनि शान्ति र नागरिक असन्तुष्टिका आवाज बुलन्द पार्ने अलीको बोली सशक्त नै रह्यो । सन् १९६७ मा भियतनाम युद्धका लागि अमेरिकी सेनामा आबद्ध नहुने अडान तथा त्यसलगत्तै सेनामा भर्ती नभएकोमा दोषी ठहऱ्याइएर बक्सिङ

आधिकारिक रूपमा सरकारको सहयोग थिएन तर मध्यपूर्वमा अमेरिकी हस्तक्षेप रोक्न सक्रिय गठबन्धनद्वारा अलीको अभियान आयोजित थियो । जो अमेरिकाका पूर्वमहान्यायाधीवक्ता रामसे क्लार्कबाट सहयोग प्राप्त गरी स्थानीयस्तरमा शान्तिका लागि काम गरिरहेका समुदायिक सङ्गठनको सञ्जालका रूपमा चिनिन्थ्यो ।

खेल्नमा प्रतिबन्धित गरिँदासमेत टसमस नभएका अली यी कदमले आफ्ना मूल्य मान्यतामा अडिग रहने व्यक्तित्वका रूपमा स्थापित भएका थिए । अमेरिकाको सर्वोच्च अदालतले अन्ततः उनीमाथि लगाइएको प्रतिबन्ध खारेज गरेको थियो ।

साथै धर्मान्तरण तथा इस्लाम धर्म र इस्लामिक राज्यप्रति आफ्नो अगाध आस्थाबाट अली विश्वमा इस्लाम धर्मावलम्बीमाझ एक सम्मानित व्यक्तित्व हुन पुगे । रोगले ग्रसित भए पनि अलीले आफ्नो जीवनमा नयाँ लक्ष्य निर्धारण गरे : पश्चिमा देश र इस्लामिक देशबीच शान्ति र भाइचारा विस्तार गर्ने ।

अलीका पूर्वव्यवसाय प्रबन्धक जिन किलरोयले सन् २०१४ मा सार्वजनिक गरिएको डकुमेन्ट्री 'आई एम अली' मा यो कुरा खुलासा गरेका छन्। यस्तो भावनाले ओतप्रोत अलीले स्वयंसेवीका रूपमा इराक जान चाहे। अमेरिकी बन्धकको फिर्ती तथा फारसको खाडीमा उत्पन्न सङ्कटको शान्तिपूर्ण समाधानका लागि कुराकानी गर्ने उनले त्यतिबेला भनेका थिए।

लेखक थोमस हाउजरले आफ्नो पुस्तक 'मोहम्मद अली : हिज लाइफ एन्ड टाइम्स' मा लेखेका छन्, अलीका लागि 'उचित कारण छ भने कुनै पनि यात्रा लामो हुँदैन।'

इराक जाने अलीको योजनामा चिसो प्रतिक्रिया

अलीको योजनालाई सकारात्मक रूपमा लिइएन। "आमसञ्चार माध्यमहरूले उनको तिरस्कार र उपहास गरे," सो भ्रमणका आयोजकमध्येका एक ब्रायन बेकरले यसो लेखेका छन्। न्युयोर्क टाइम्सको कुरा नै नगरौँ, अमेरिकी बन्धकलाई मुक्त गराउन सहयोग गर्न अलीले बनाएको योजनालाई उसले यसरी टिप्पणी गरेको थियो, "हालैका दिनमा विचित्रको बन्धक मुक्ति अभियान।" यस्तो लेख्दा पत्रिकाले अलीको स्पष्ट बोल्न नसक्ने अवस्थाका बारेमा समेत चर्चा गरेको थियो।

जीवनी लेखक माइकल एज्राले लेखेका छन्, अमेरिकाका राष्ट्रपति जर्ज डब्लु बुसको आपत्ति भए पनि सन् १९९० नोभेम्बर २३ मा अली एक नागरिक दूतका रूपमा बगदाद पुगे। आधिकारिक रूपमा सरकारको सहयोग थिएन तर मध्यपूर्वमा अमेरिकी हस्तक्षेप रोक्न सक्रिय गठबन्धनद्वारा अलीको अभियान आयोजित थियो। जो अमेरिकाका पूर्वमहान्यायाधिवक्ता रामसे क्लार्कबाट सहयोग प्राप्त गरी स्थानीयस्तरमा शान्तिका लागि काम गरिरहेका सामुदायिक सङ्गठनको सञ्जालका रूपमा चिनिन्थ्यो।

बेकरले लेखेका छन्, "अमेरिकी सरकारको अवज्ञा गरी अली इराक गएका थिए, उसका तर्फबाट होइन।"

मुक्त गरिएका धेरैजसो अमेरिकी बन्धक विदेश मन्त्रालयको चार्टर विमानबाट अमेरिका ल्याइए। एक आधिकारिक दूत नभएका कारण अलीले व्यावसायिक विमानबाट अमेरिका फर्किनु परेको थियो।

अलीले सद्दामको प्रतीक्षा गरे, अन्ततः भेट भयो

बगदाद पुगेर अलीले सद्दामसँग भेट गर्ने इच्छा जनाए तर उनले अलीलाई प्रतीक्षा गराए। यस्तोमा समय व्यतीत गर्नका लागि अलीले त्यही काम गरे जो सामान्यता गरिन्छ : उनी सडकमा निस्किए र आफ्ना समर्थकमाझ पुगे। बगदादनजिकका बस्तीमा गएर विद्यालय, मस्जिदको भ्रमण गरे। अलीको घुमफिर हप्तादिन चलिरह्यो र उनले विरोध देख्नु परेन। उनीसँग पार्किन्सनको औषधि सकियो तथा उनलाई बोल्न र हिँडडुल गर्न कठिन हुन थाल्यो।

सन् १९९० नोभेम्बर २९ मा सद्दामसँग अन्ततः अलीको भेट भयो। सञ्चारकर्मीको उपस्थिति रहेको यस भेटमा सद्दामले आफ्ना अमेरिकी पाहुनालाई इराकीहरूले कति राम्रोसँग बसोबासको व्यवस्था र व्यवहार गरिरहेको कुरा अलीलाई सुनाए।

त्यसपछि अलीले आफू स्वदेश फर्कंदा अमेरिकीलाई इराकको एक सच्चा र सकारात्मक वृत्तान्त लिएर जाने जुन वाचा गरे त्यसले वास्तवमा अचम्मसँग सद्दामको मन पगाल्यो। अनि सद्दामले भने, "अमेरिकी नागरिकलाई साथै नपठाई मैले मोहम्मद अलीलाई रित्तै अमेरिका फर्काउने छैन।"

सन् १९९० डिसेम्बरमा अली अमेरिका फर्किए। उनका साथमा १५ जना पूर्वबन्धक अमेरिकी पनि थिए।

अली र बन्धक फरक विमानबाट फर्किए

मुक्त गरिएका धेरैजसो अमेरिकी बन्धक विदेश मन्त्रालयको चार्टर विमानबाट अमेरिका ल्याइए। एक आधिकारिक दूत नभएका कारण अलीले व्यावसायिक विमानबाट अमेरिका फर्किनु परेको थियो।

अलीले भलै १५ जना बन्धकलाई मुक्त गराउनमा सफलता पाएका हुन् तर आफ्नो भ्रमणद्वारा मध्यपूर्वमा शान्ति बहाल गर्ने उनको स्पष्ट विचार सार्थक हुन सकेन। अली र बन्धकहरू अमेरिका फर्किएको करिब छ हप्तापछि नै पहिलो खाडी युद्ध सुरु भयो।

अली कूटनीतिज्ञ थिएनन् तर उनको भूराजनीतिक प्रवीणता अतुलनीय थियो। ■

हिस्ट्रीबाट उमेश ओझाद्वारा अनुवादित तथा सम्पादित

पितृदेवो भव

■ रामप्रसाद घिताल

सनातन धर्मावलम्बी बहुल समाजमा भाद्र कृष्ण औँसी तिथिमा पिता अर्थात् बुबा (बावु) को सम्मान–सत्कार गर्ने परम्परा रहिआएको छ। पुराणादि ग्रन्थमा यसै दिन पिताको सम्मान गर्ने सन्दर्भ चाहिँ उल्लेख गरिएको देखिँदैन। पितृसँग सम्बन्धित तिथि भएकाले औँसीमा श्राद्ध आदि कर्म गर्ने विधान भने छ।

पहिले पहिले नेवार समुदायमा प्रख्यात बावुको मुख हेर्ने चलन बिस्तारै अन्य समुदायमा पनि प्रचारप्रसार भई व्यापकता ग्रहण गरेको भन्न सकिन्छ।

पिता टाढा रहनेका लागि भेटघाट गर्ने वा भेटेर सम्मान दर्शाउने दिनका रूपमा यस दिनको महत्त्व नभएको होइन तर बावुको मुख हेर्ने दिन पश्चिमा समाजमा 'फादर्स डे' जस्तै यो दिन पनि विकसित भइरहेको छ। उपभोक्तावादी संस्कृति विकसित हुँदै गर्दा विशेषगरी उमेर पुगेका छोराछोरी भिन्नै बस्ने, आमाबावुलाई वास्ता नगर्ने तथा वर्षको एक दिन सम्मान गरेको देखाउन खानेकुरा र लुगाफाटा लिएर भेट्न जाने परम्परा विकसित भइरहेको छ । हाम्रै समाजमा बावुको मुख हेर्न वर्षको एक दिन वृद्धाश्रममा पुग्ने गरेका मानिस देख्न सकिन्छ।

सनातन संस्कृति अवलम्बन गर्ने हो भने पिता वर्ष दिनभरि पूजनीय

नीतिले यो कुरा अनुचित थियो । तैपनि वचन पूरा गर्नु थियो । रामले विद्रोह गर्लान् भन्ने चिन्ता पनि नभएको होइन । मुटुमाथि ढुङ्गा राखेर दशरथले राजसभाबाट घोषणा गरे ।

हुन्छन्, दर्शनीय हुन्छन् । पिताले गरेको सानो गल्तीले उनको महिमा घट्दैन । किनभने जन्मदेखि लालनपालन गरेर व्यक्तिलाई यस अवस्थामा ल्याउनसम्म पिताको ठूलो भूमिका रहन्छ । पुराणमा केही यस्ता सन्तानको सन्दर्भ उल्लेख छ जो पितृभक्तिकै कारणले आदर्श बने । उनीहरूले आफू मात्र प्रख्यात भएनन् कुलकै ख्याति चलाए ।

महातपस्वी महर्षि जमदग्निका पाँच भाइ छोरा थिए । परीक्षा लिन एक दिन उनले आफ्ना पाँचै भाइ छोरालाई भने, "आमा (रेणुका) को हत्या गर !" मातृमोहले ऋषिपुत्रहरूलाई किन त्यसो गर्न दिन्थ्यो ! सुन्नेबित्तिकै चार छोरा एक एक गरी पछि हटे तर कान्छा छोरा परशुरामले पिताको आदेश पाउनेबित्तिकै आमालाई काटिदिए । उनलाई आफ्नो बावुको शक्तिमाथि विश्वास थियो ।

आफ्नो वचन खेर जान नदिने छोराबाट प्रसन्न भएर जमदग्निले 'वर माग्न' भने । परशुरामले आमालाई बचाइदिन आग्रह गरे । जमदग्निले गर्न नसक्ने केही थिएन । तत्काल रेणुकालाई पुनः जीवन दिए । आमालाई बचाइमाग्ने बेलामा परशुरामले अर्को वर मागेका थिए, "मातृहत्या जस्तो जघन्य अपराध गरेको आफूलाई सम्झना नरहोस् ।"

रामचन्द्र, रघुकुलका ज्योति । भगवान् विष्णुका सातौँ अवतार । सनातन समाजले मर्यादापुरुषको दर्जा दिएका अंशावतार । अयोध्याका राजा दशरथ जब जीवनको उत्तरार्धमा पुगे र जेठा छोरा रामलाई गद्दी सुम्पने मनस्थितिमा पुगे । माइली रानी कैकेयीले आफ्ना छोरा भरतलाई राजा बनाउने रणनीति बनाउन थालिन् । यसै बखत उनलाई सम्झना भयो । राजाले एउटा वचन उनीसँग उधारो राखेका थिए । त्यही उधारो यसबेला काम लाग्दै थियो । राजालाई वचनको सम्झना गराइन् । वचन त्यो पनि प्रिय रानीको । पूरा नगर्ने कुरै थिएन । कैकेयीले अड्को यसरी थापिन्, राजा हुन लागेका सौताका छोरा रामलाई १४ वर्षको वनबास, आफ्ना छोरालाई अयोध्याको राज ।

नीतिले यो कुरा अनुचित थियो । तैपनि वचन पूरा गर्नु थियो । रामले विद्रोह गर्लान् भन्ने चिन्ता पनि नभएको होइन । मुटुमाथि ढुङ्गा राखेर दशरथले राजसभाबाट घोषणा गरे । रामको मुहारमा रत्तिभर क्लेश देखिएन । पिताको आज्ञा शिरोपर गर्दै उनी १४ वर्ष वनबास जान राजी भए ।

विशाल हस्तिनापुर राज्यका उत्तराधिकारी, देवव्रत । छोराको बिहेबारी गरिदिनुपर्ने बेलामा पिता सन्तनु सत्यवतीसँग मोहित भए । आफ्नी छोरीको सन्तान राज्यका उत्तराधिकारी बनाउने भए मात्र कन्यादान गर्ने सत्यवतीका पिताले अडान राखे । सन्तनु आफ्ना छोरासँग त्यो कुरा गर्न सक्दैनथे भने लोकका लागि त्यो स्वीकार्य थिएन ।

पिताको सम्मान गर्ने कृष्ण र श्रवणकुमारलगायत हजारौँ वर्षदेखि पुजिँदै आए। पितालाई महत्त्व नदिने, उनको वचन उल्लङ्घन गर्ने थुप्रैलाई कुपात्रका रूपमा समाजले बुझ्यो। उनीहरूसँग अन्य राम्रा गुण भए पनि समाजले सम्झन चाहेन।

प्रेमपासले उनी चिन्तित भए तर बुद्धिमान् देवव्रतले पिताको चिन्ताको कारण बुझी उनका लागि सत्यवतीको हात माग्न गए। पिताको सुखका लागि उनी राजगद्दी त्याग्न तयार भए तर देवव्रतले विवाह गरेपछि जन्मेका सन्तानले राज्य छिन्न सक्ने सत्यवतीका पिताको आशङ्कापछि देवव्रतले आजीवन विवाह नगरी बस्ने प्रतिज्ञा गरे। पिताप्रतिको उनको यो महान् कदमलाई 'भीष्मप्रतिज्ञा' भनिन्छ।

हो यी पात्रसँग पिताले स्वार्थी भएर पुत्रलाई अन्याय गरे तर पुत्रले आफ्नो कर्तव्य भुलेनन्। पितृ आज्ञालाई सहजै लिए। उनीहरूले त्यस प्रकारको शिक्षा पाएका थिए र त उनीहरू स्वार्थमा फसेनन्। सानाठूला स्वार्थबीच पनि पिता महान् हुन्छन् भन्ने शिक्षा हो यो।

राम पिताको आज्ञा उल्लङ्घन गरेर वनबास नगई विद्रोह गरेर राजा भएका भए पुजिन्थे ? पिताको स्वार्थभन्दा आफ्नो स्वार्थलाई माथि राखेका भए देवव्रत भीष्म हुन्थे ? पिताको आज्ञा शिरोपर नगरेका भए परशुराम पनि अरू चार भाइको लहरको अन्तिममा कान्छा भाइ वा जमदग्निका कान्छा छोराका रूपमा मात्र रहन्थे। उनको यति ख्याति हुँदैनथ्यो।

यति मात्र होइन कंसको कालकोठरीमा रहेका आफ्ना मातापितालाई मुक्त गराउन कृष्णले अनेकौँ दुःख झेले। वृद्ध आमाबावुलाई काँधमा बोकेर तीर्थस्थल भ्रमण गराउने श्रवणकुमारको ख्याति हामीले पढेका, सुनेका छौँ। पिताको सम्मान गर्ने कृष्ण र श्रवणकुमारलगायत हजारौँ वर्षदेखि पुजिँदै आए। पितालाई महत्त्व नदिने, उनको वचन उल्लङ्घन गर्ने थुप्रैलाई कुपात्रका रूपमा समाजले बुझ्यो। उनीहरूसँग अन्य राम्रा गुण भए पनि समाजले सम्झन चाहेन।

रावण कम विद्वान् थिएनन्। विश्रवा ऋषिका पुत्र थिए तर उनले पिताको विद्यालाई भन्दा मावलीको राक्षसी विद्यालाई साधन बनाए र पतन भए। राज्यका लागि कंसले पिता उग्रसेनलाई कारागारमा हाले र दुर्व्यवहार गरे। अन्ततः उनको पतन भयो। यस धर्तीमा ल्याउने, लालनपालन गर्ने, शिक्षा–संस्कार दिने पितालाई अपमानित गर्नेको कहिल्यै भलो हुँदैन। त्यसैले सनातन धर्मको निर्देश छ, पितृदेवो भव। अर्थात् पितालाई देवतासरह मान। ▪

एक महान् विचारक र कूटनीतिज्ञ

■ तारा बस्याल

जयपृथ्वीबहादुर सिंह विश्व शान्ति र मानवतावादका प्रवर्तक मानिन्छन् । उनको परिचय यतिमै सीमित चाहिँ छैन । एक सुधारवादी र बौद्धिक व्यक्तित्व जयपृथ्वीबहादुरले एकतन्त्रीय, जनविरोधी तथा बेलायत परस्त राणा शासनमा समाज सुधार, शिक्षा र समानताका क्षेत्रमा सक्दो योगदान गर्ने कोसिस गरे तर तत्कालीन शासन व्यवस्थामा आफूले चाहेको परिवर्तन सम्भव नदेखेर उनी स्वनिर्वासनमा भारत गएका थिए ।

जयपृथ्वीबहादुरले भारत निर्वासनमा रहेर नेपालको जहाँनिया शासन व्यवस्था समाप्त गर्न सहयोग पुऱ्याउनुका साथै विश्व भ्रमण गरी मानव

अधिकार र विश्व शान्तिको आफ्नो धारणा सर्वत्र साझा गरेर व्यवहारमा तिनलाई प्रयोगमा ल्याउन महत्त्वपूर्ण योगदान गरेको सन्दर्भ इतिहासमा स्वर्ण अक्षरले लेखिएको छ ।

राणाको आँखामा कसिङ्गर

राणा शासन र भारतमा रहेको बेलायती शासनबीच सुमधुर सम्बन्ध भएको अवस्थामा जयपृथ्वीबहादुरले नेपालमा चलाएका समाज सुधारका विभिन्न गतिविधिले आफ्नो शासन व्यवस्थामा खतरा उत्पन्न गराउने महसुस राणाहरूलाई भएको थियो । यसर्थ जयपृथ्वीबहादुरसँग सम्बन्ध सुधार गर्ने हेतुले राणा शासक चन्द्रशमशेरले आफ्नो बेलायत यात्रामा उनलाई सँगै लगे । त्यस भ्रमणका क्रममा बेलायती राजा एडवर्ड सातौँले जयपृथ्वीबहादुरलाई बेलायती सेनाको मानार्थ कर्नेल पदबाट विभूषित गरेका थिए । त्यसपछि राणाहरूले उनलाई नेपालको तर्फबाट कोलकातास्थित राजदूतस्तरको रहने गरी कन्सुलर बनाएर पठाए ।

देशभित्र जमिनमा किसानलाई मोहियानी हक अवधारणा, सतीप्रथा अन्त्य, आयुर्वेदशाला स्थापना तथा काठमाडौँको नक्साल र बझाङको मेल्लेखमा श्री सत्यवादी प्राथमिक पाठशाला स्थापना जस्ता समाज सुधारका कार्यमा जयपृथ्वीबहादुरले तत्कालीन समयमा अतुलनीय कार्य गरे । उनका यस्ता सामाजिक र सुधार कार्यलाई राणाहरूले आफ्नो शासन व्यवस्थाको जग हल्लाउने तत्त्वका रूपमा बुझे ।

विश्व शान्तिमा योगदान

सन् १९२८ मा एभबअभ बलम Unity Propaganda Bureau गठन गरेर जयपृथ्वीबहादुरले सन् १९२९ सेप्टेम्बरदेखि सन् १९३८ सम्म The Flag of Peace अर्थात् शान्तिको झन्डा नारा बोकेर विश्व भ्रमण गरेका थिए ।

सन १९२८ मा भारतको बेङ्गलोरमा जेपी इन्स्टिच्युट नामक संस्था स्थापना गरी 'वर्ल्ड फेलोसिप अफ फेथ अर्गनाइजेसन' संस्थासँग आबद्ध भएर जयपृथ्वीबहादुरले एसियामा भारत, चीन, जापान, म्यानमार (बर्मा), श्रीलङ्का (सिलोन), सिङ्गापुर, हङकङ तथा युरोपमा स्विट्जरल्यान्ड, पोल्यान्ड, अस्ट्रिया, तत्कालीन युगोस्लाभिया, रोमानिया, जर्मनी, फ्रान्स, तत्कालीन सोभियत सङ्घ, आइसल्यान्ड, बेलायत, इटालीको भ्रमण गरेका थिए । उनी विश्व शान्तिको नारा लिएर अमेरिकासमेत पुगे । मानवताको सिद्धान्त र व्यवहारका अभियन्ता बनेर अफ्रिकाको इथियोपिया (अबिसिनिया) मा भएको इटाली-इथियोपिया युद्धमा युद्धपीडितको घाउमा मलम लगाउन जापानी चिकित्सक र नर्ससमेतलाई लिएर स्वयम्सेवकका रूपमा उनी त्यहाँ गएका थिए ।

त्यतिबेला जयपृथ्वीबहादुरले सोच्दै नसोचेको झन्झट बेहोर्नु पर्‍यो । युद्धग्रस्त क्षेत्रमा जापानी राहदानी लिएर पुग्दा इटाली सरकारद्वारा उनलाई बन्दी बनाइयो । बेलायतसँग राम्रो सम्बन्ध भएका कारण बेलायत सरकारको पहलमा उनलाई रिहा गरिएको भनी धन लामाले आफ्नो शोधग्रन्थमा लेखेको पढ्न सकिन्छ ।

वार्सा, जेनेभा, प्राग, बुढापेस्ट, बेलग्रेड, बुखारेस्ट, बर्लिन, पेरिस, मास्को, लन्डन, कोलकाता, बेङ्गलोर, साङ्घाई, न्युयोर्क र सिकागोमा विश्वशान्ति, एकता र मानवतावादको प्रवर्धन गर्ने उद्देश्यबाट उनले दिएका प्रवचनको सँगालो 'स्पिचेस एन्ड राइटिङ्स अफ जयपृथ्वीबहादुर' मा सङ्गृहीत गरिएको छ ।

सञ्चार माध्यममा जयपृथ्वीबहादुर

विश्वभरि मानवतावाद र विश्वबन्धुत्वको भावना जागृत गराउन जयपृथ्वीबहादुरले अनवरत् गरेको प्रयासलाई जापान टाइम्स, न्युयोर्क टाइम्स, न्युयोर्क इभिनिङ जर्नल, चाइना प्रेस र मेघालयको गोरखा सेवक पत्रिकाले प्राथमिकताका साथ समाचार बनाएको कुरा धनबहादुर लामाले 'ह्युमानिस्ट इन लाइफ एन्ड डेथ' नामक पुस्तकमा उल्लेख गरेका छन् ।

भारतीय र नेपाली सञ्चार माध्यमले जयपृथ्वीबहादुरका विचारलाई स्थान दिने र गतिविधिका समाचार प्रकाशित गरेको देखिँदैन किनभने त्यतिबेला नेपालमा राणा शासन थियो भने भारतमा बेलायती शासन । दुवै शासनलाई जयपृथ्वीबहादुरका विचार ग्राह्य थिएनन् । उनको सुधारवादी गतिविधिलाई शासनसत्ता विरोधी कदमका रूपमा लिइन्थ्यो ।

यद्यपि बम्बई (हाल मुम्बई) बाट प्रकाशित हुने दी विक्ली अखबारले 'ह्युमानिज्म : न्यु होप फर वर्ल्ड पिस' शीर्षक दिएर समाचारमा उनको विचारलाई स्थान दिएको पाइन्छ । लोकप्रिय प्रकाशन हिन्दु दैनिकको मद्रास संस्करणले जयपृथ्वीबहादुरको मृत्युको सम्बन्धमा प्रकाशन गरेको सम्पादकीयमा उनलाई 'दोस्रो गौतम बुद्ध' को संज्ञा दिएको थियो ।

जयपृथ्वीबहादुरका कृति

नेपालको शासन व्यवस्थालगायत आर्थिक, सामाजिक विकास र रूपान्तरणका लागि शिक्षा, स्वास्थ्य तथा उद्योगधन्दा क्षेत्रमा उनको अद्वितीय योगदान रहेको कुरा उनले लेखेका कृति र कार्यबाट प्रस्ट हुन्छ ।

अक्षरमाला, बालबोध, ज्ञानमाला, भूगोल विद्या, पदार्थ तत्त्व विवेक, शिक्षा दर्पण, प्राकृत व्याकरण, तत्त्व प्रशंसा, उद्योगधन्दा, प्राकृत भाषा कोष, पैल्हा किताब र अक्षराङ्क तथा अङ्ग्रेजी भाषामा ह्युम्यानिज्म पुस्तकका तीन संस्करण प्रकाशन गरेका थिए ।

एक महान् विचारक

बझाङी राजा जयपृथ्वीबहादुरले आफ्नो ६३ वर्षे जीवनकालको सुरुका ३८ वर्ष स्वदेशमा तथा त्यसपछिको २५ वर्ष विदेश, निर्वासन, जेल र नजरबन्दमा बिताए । जयपृथ्वीबहादुर एक महान् विचारक थिए । महात्मा गान्धी र रवीन्द्रनाथ टैगोरका समकालीन मानवतावादी र विश्वशान्तिका अभियन्ता जयपृथ्वीबहादुरका बारेमा 'ह्युमानिस्टिक क्लब' का मानार्थ सदस्य रहेका रवीन्द्रनाथ टैगोरले आफ्नो 'गोल्डेन बुक' मा उल्लेख गरेका छन् ।

आज संसारभर लोककल्याणकारी राज्यको अवधारणाका बारेमा चौतर्फी बहस चल्दै गर्दा १२० वर्षअघि नै लोककल्याणकारी राज्य व्यवस्थाको परिकल्पनाकार हुन् जयपृथ्वीबहादुर ।

सन् १९२९ अप्रिल २२ मा जेनेभामा दिएको प्रवचनमा प्रथम विश्वयुद्धपछि विश्व शान्तिमा योगदान गर्न खोलिएको संस्था लिग अफ नेसन्सको कार्यदिशा गलत भएको आलोचनात्मक धारणा जयपृथ्वीबहादुले अभिव्यक्त गरे । अन्ततः लिग अफ नेसन्सको असफलताले

दोस्रो युद्धपछि संयुक्त राष्ट्रसङ्घ स्थापना हुन पुग्यो। संयुक्त राष्ट्रसङ्घ नाम पहिलो पटक उनले नै जेनेभामा व्यक्त गरेका थिए।

यसरी लिग अफ नेसन्सले विश्व शान्ति सम्भव छैन भन्दै पहिलो पटक संयुक्त राष्ट्रसङ्घ स्थापना गर्नका लागि जेनेभामा जयपृथ्वीबहादुरले प्रस्तावित संस्थाको नामै किटेर विश्व समुदायलाई आह्वान गरेको सत्य हामीले बिर्सन हुँदैन।

जयपृथ्वीबहादुर नेपाली आमाका यस्ता सुपुत्र हुन् जसको बौद्धिक क्षमता, विचार, मानवता, शान्तिचेतबाट विश्व नै कायल थियो। सन् १९३३ अगस्तको कुरा हो अमेरिका भ्रमणमा रहेका जयपृथ्वीबहादुर न्युयोर्कमा विश्व आस्था मैत्री सङ्घलाई सम्बोधन गर्न पुगे। उनले त्यहाँ गरेको सम्बोधन हलमै रहेर श्रवण गर्ने अमेरिकाका तत्कालीन राष्ट्रपति होबर्ट हुबर पनि थिए। उनले त्यस अवसरमा अमेरिकी जनतालाई रेडियो सन्देश दिँदै मानवतावादको व्याख्यासमेत गरे।

शान्ति सम्भव भएको मान्यता विश्वसामु राखेका थिए।

युद्धरत मुलुकका पीडित पक्षलाई उद्दार र आक्रामक पक्षलाई मानवता सम्झाउन विश्वशान्ति सञ्जाल खडा गरी विश्वव्यापी रूपमा शान्ति र मानव अधिकारवादी सङ्गठनहरू उनले खोले। मानव मात्रको सुख, खुसी, शान्ति र समृद्धि प्राप्तिका लागि मौलिक धारणा भनेको समुदायगत सङ्गठन स्थापना प्रभावकारी माध्यम हुने मान्यता राख्ने महान् विचारक हुन् जयपृथ्वीबहादुर। मानिसबीच एकअर्काको जीवन बुझ्न आपसी छलफल चाहिन्छ र छलफलका लागि सङ्गठन चाहिन्छ, उनले भनेका थिए।

यिनै कुरालाई उनले विश्व भ्रमणमा सहभागी भएका कार्यक्रम र प्रवचनमा प्रस्तुत र प्रचार गरे। साथै उनले धेरै देशमा मानवतावादी क्लब स्थापना गरेका थिए। त्यसैले लायन्स क्लब, रोटरी क्लबलगायतका विश्वका संस्था उनकै मूल्य मान्यतामा आधारित रहेर जन्मिए।

मानव सेवा र शिक्षा क्षेत्रमा योगदान पुऱ्याउन

सङ्गठनको अवधारणाबाट समाजको जन्म भयो। समाजको सुरक्षा र सञ्चालनका निमित्त शक्ति सन्तुलन गराउन एक प्रमुख व्यक्तिलाई अधिकार सम्पन्न गराउनुपर्ने भयो। यो शक्ति परिवारमा बावुले पायो र बावु मरेपछि छोरानातिमा सर्दै गयो।

प्रथम विश्वयुद्ध समाप्त भएर विश्वमा शान्ति, जनकल्याण र बन्धुत्वको प्रयास भइरहेको थियो। युद्धले अस्तव्यस्त संसार, अशान्ति, अभाव र मानव त्रासदिको अवस्थामा जयपृथ्वीबहादुर विश्व भ्रमणमा निस्किए। त्यसरी ठाउँ ठाउँको भ्रमणमा रहँदा उनले विश्वका ९६ संस्थालाई मानवतावादको सञ्जालमा आबद्ध गराए। मानवतावादले नै सबैको कल्याण र शान्ति सम्भव भएको सन्देश दिए।

विश्व बन्धुत्व र मानव कल्याणको सन्देश फैलाउँदै पोल्यान्ड पुगेका जयपृथ्वीबहादुरले सन् १९२९ मा वार्साबाट तत्कालीन सोभियत सङ्घको राजधानी मास्को जाने विचार गरे तर उनलाई भिसा दिइएन तर उनले हरेस खाएनन् र सोभियत राजदूतमार्फत सोभियत सङ्घका नागरिकलाई सन्देश पठाए। त्यसपछि उनलाई सोभियत सङ्घ जान अनुमति दिइयो र उनले त्यहाँ गएर तत्कालीन मन्त्री म्याक्सिम लिथविनोफसँग र सेनाका कमान्डर अलेक्जेन्डर लाङ्वेसँग भेटवार्ता गरेका थिए।

यिनले संसारका सबै मानिस एउटै परिवारका सदस्य रहेको र सबै देशले सहअस्तित्वको माध्यमद्वारा विश्व ब्रह्माण्डको छहारीमुनि रहन सकेमा मात्र स्थायी विश्व

बर्माको मेमियो शहरमा 'जेपी इन्स्टिच्युट' सञ्चालन गरिएको थियो।

नेपालको दौत्य सम्बन्ध विश्वका अधिकांश मुलुकसँग स्थापित भइनसकेको अवस्थामा जयपृथ्वीबहादुरले अमेरिका, जापान, चीन, स्विट्जरल्यान्ड, जर्मनी, तत्कालीन चेकोस्लोभाकिया, अस्ट्रिया, हङ्गेरी, रोमानिया, पोल्यान्ड, फ्रान्सलगायतका मुलुकको भ्रमण गरी ती मुलुकका विभिन्न शहरमा आफूद्वारा प्रतिपादित 'मानवतावाद' दर्शन अर्थात् मानव अधिकारका बारेमा प्रवचन दिएका थिए। जयपृथ्वीबहादुरको यस प्रयासले जनस्तरबाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बनाउन र विस्तारमा उल्लेख्य योगदान पुगेको भन्न सकिन्छ।

जयपृथ्वीबहादुरले मानव जीवन र जगत्का बारेमा आफ्नो पुस्तक ह्युम्यानिज्ममा यसरी लेखेका छन्, "जगत्को सृष्टि ईश्वरबाट भएको हो भन्ने सोचाइ मानिसहरूकै हो। मानिसले आफ्नो प्रारम्भिक युगमा जीवन सुरक्षाका निमित्त एउटा बाटो खोज्नुपर्ने थियो। त्यसबेला बलियाले निर्धालाई हेप्ने प्रवृत्तिले सङ्गठनको सोचाइ आयो। सङ्गठनको अवधारणाबाट समाजको जन्म भयो। समाजको सुरक्षा र सञ्चालनका निमित्त शक्ति सन्तुलन गराउन एक प्रमुख

व्यक्तिलाई अधिकार सम्पन्न गराउनुपर्ने भयो। यो शक्ति परिवारमा बावुले पायो र बावु मरेपछि छोरानातिमा सर्दै गयो। अधिकार सम्पन्न व्यक्तिलाई अरूले मान, सम्मान र पूजा गर्ने परिपाटी बस्दै गयो तथा पुर्ख्यौली पूजा स्थापित भयो।

उनले अगाडि लेखेका छन्, "चराचर जगत्मा भइरहने प्राकृतिक परिवर्तन, ठूल्ठूला पहाड, चन्द्र, सूर्य, विनाशकारी प्रलय, आँधीबेहरी, बाढीपहिरो, स्वच्छ वातावरण, शीतल हावा आदि सबै देखेर मानिसले यसका पछाडि कुनै अदृश्य शक्ति रहेको अनुमान गरे। यो आफ्नै मरेको बावुको आत्मा पनि हुन सक्ने अनुमान गरेर त्यो अदृश्य र शक्तिशाली आत्माको पूजा गर्ने, चाडपर्व मनाउने परिपाटीको विकास मानिसले नै गरे। प्रकृतिका नियमित क्रियाकलाप जस्तो सूर्य उदाउने, अस्ताउने, राति तारा चम्किने, ठिक ठिक समयमा ऋतु परिवर्तन हुने, पानी पर्ने, जाडो–गर्मी हुने आदि अवस्थासँगै मानव समाज सञ्चालित हुने भएकाले समाजका हरेक सदस्यलाई एकअर्काको सहयोगको खाँचो महसुस भयो। समाजका सबै सदस्य मिलेर आपसी समझदारी कायम राखी काम गर्नुपर्ने भयो। समाजमा गलत काम गर्नेलाई दण्ड दिलाउन सर्वोच्च शक्ति प्राप्त राजाको परिकल्पना भयो। यसरी मानिसको समाजसितको सामञ्जस्य कायम भयो। आफ्ना पूर्वजको आत्माको डर, नियन्त्रण र मार्गदर्शन बिनाजगत् सञ्चालन हुन नसक्ने विश्वासले मानिसले उनीहरूमाथि शासन गरिरहेको एक अदृश्य शक्तिशाली देवता स्थापित भए।"

'दी नर्थ चाइना डेली न्युज' का प्रतिनिधिसँगको भेटमा जयपृथ्वीबहादुरले यस्तो कुरा अभिव्यक्त गरेका थिए, "सन् १८९३ मा सम्पन्न भएको पहिलो विश्व आस्था मैत्री सम्मेलनका प्रतिनिधिले आआफ्ना धर्मको मात्र गुणगान गाए र उनीहरू मूल रूपमा आफ्नै धर्मसँग सम्बन्धित थिए तर सन् १९३३ को सम्मेलनमा त्यसको ठिकविपरीत धर्मलाई मानव कल्याणका लागि उपयोग गर्ने भएका छन्।"

बेङ्गलोरमा जयपृथ्वीबहादुरसँग रानी खड्ग दिव्यश्वरी लक्ष्मीबाहेक अरू कोही आफन्त नरहेको भनी मिमियो बर्माको सत्यवादी नेपाली पाठशालाका शिक्षक हर्षध्वज राईले 'बितेका बेलीविस्तार आत्मवृत्तान्त' मा लेखेका छन्।

मानवतावादका पक्षधर जयपृथ्वीबहादुर सधैँ निःशस्त्रीकरणको पक्षमा उभिए, वकालत गरे। यो उनको सिद्धान्तको एक पाटो थियो। यसरी नेपालका एक महान् कूटनीतिज्ञ, महापुरुषले प्रतिकूल परिस्थितिमा पनि आफ्नो विचार र दर्शन विश्वलाई दिए।

देशमा रहँदा तत्कालीन जहानियाँ राणा शासन तथा बेलायती साम्राज्यवादविरुद्ध अखबार, जर्नल, पुस्तक प्रकाशन र प्रवचनमार्फत शिक्षा दिने, जागरण फैलाउने, सूसुचित गर्ने जस्ता कार्यबाट जनमत सिर्जना गरेकै आरोपमा निर्वासन र नजरबन्दमा रहेको अवस्थामा बेङ्गलोरको जय भवनमा १९९७ साल असोज १ गते जयपृथ्वीबहादुरले अन्तिम सास लिए, उनको जन्म महिना भदौ हो।

बेङ्गलोरमा जयपृथ्वीबहादुरसँग रानी खड्ग दिव्यश्वरी लक्ष्मीबाहेक अरू कोही आफन्त नरहेको भनी मिमियो बर्माको सत्यवादी नेपाली पाठशालाका शिक्षक हर्षध्वज राईले 'बितेका बेलीविस्तार आत्मवृत्तान्त' मा लेखेका छन्।

वर्तमान विश्वका मानव समस्या समाधानको प्रमुख साधन मानव अधिकार नै हो भन्ने मानवतावादी दर्शनका प्रणेता जयपृथ्वीबहादुरलाई नेपाल सरकारले २०८१ सालमा राष्ट्रिय विभूति घोषणा गर्‍यो। ■

पिंडौलामा मुटुको साथी

मुटुबिनाको शरीर कल्पना पनि गर्न सकिँदैन। सबै मानिसले सोच्छन् शरीरमा एउटा मुटु छ र त्यसमा नै सम्पूर्ण रक्तसञ्चार प्रणाली निर्भर रहेको छ। मुटु मुट्ठी आकारको हुन्छ।

शरीरमा एउटा मात्र मुटु रहेको हाम्रो बुझाइ गलत छ। सिङ्गो शरीरको रक्तसञ्चार प्रणालीलाई चलायमान राख्न हामीलाई जानकारी भएको छातीभित्रको मुटुले मात्र काम गर्दैन। त्यस मुटुलाई सहयोग गर्न मानिसको खुट्टामा पनि अर्को एउटा मुटु रहेको हुन्छ। हामी छातीको मुटुलाई प्राथमिक र खुट्टाको मुटुलाई द्वितीय भन्न सक्छौँ।

खुट्टाको पिडौँलाभित्र रहने यस मुटुलाई चिकित्सा विज्ञानले 'सोलियस' भन्छ। यो छातीमा ढल्किएर बसेको मुटुभन्दा सानो, र मौन हुन्छ।

खुट्टाको पिडौँलाभित्र रहने यस मुटुलाई चिकित्सा विज्ञानले 'सोलियस' भन्छ। यो छातीमा ढल्किएर बसेको मुटुभन्दा सानो, र मौन हुन्छ। यसले शरीरको तल्लो भागबाट रगत पम्प गरेर मुख्य मुटुमा पठाउँछ। मुटु जस्तै धड्किन्छ पनि तर धेरै सुस्त गतिमा धड्कने भएकाले हामी त्यसको चाल थाहा पाउँदैनौँ। यो कुनै विद्युतीय करेन्टले होइन स्वस्फूर्त रूपमा चल्दछ।

एक मांसपेशीका रूपमा रहने यसले खुट्टाबाट रगत मुटुतिर पठाउँछ। जसले गर्दा खुट्टा सुन्निने, रक्तथेक्ला बन्ने समस्या आउँदैन र रक्तसञ्चार प्रणाली सुचारु रहन्छ। मुटुलाई चल्न विद्युतीय करेन्ट चाहिन्छ तर यसलाई मात्र हाम्रो गतिशीलता आवश्यक पर्छ । अर्थात् हामीले खुट्टा चलाउँदा, हिँड्दा, खुट्टामा मालिस गर्दा यसले गति प्राप्त गर्दछ।

जब हामी हिँड्छौँ वा सिँढी चढ्छौँ वा खुट्टाका औँलाको बलमा उभिने प्रयास गर्छौँ 'सोलियस' (पिँडौला रहेको मुटु) सक्रिय हुन्छ। त्यसले गुरुत्वाकर्षणका कारण खुट्टामा पुगेको रगतलाई पुनः अक्सिजनयुक्त बनाउन मुटुतिर पठाउँछ। त्यसैले यसलाई दोस्रो मुटु भनिएको विज्ञ बताउँछन्।

खुट्टाको ग्यास्ट्रोक्नेमियस मांसपेशी गहिराइमा लुकेको अवस्थामा दोस्रो मुटु रहेको हुन्छ। यसले छातीमुनिको मुटुमा समस्या आउँदा शरीर नै जोखिममा पर्ने खालको कुनै प्रभाव देखाउँदैन। यो प्रतिरोधी, दृढ, वफादार र शरीरलाई चलायमान बनाई राख्न सक्षम हुन्छ। मानिस उभिएको अवस्थामा समेत यसले राम्रोसँग नियमित काम गर्छ।

यसर्थ मानव शरीरको दोस्रो मुटुलाई सक्रिय राख्न कुर्कुच्चा बारम्बार उठाउने, गोलीगाँठो घुमाउने र खुट्टाले घेरा बनाउने, हिँडडुल गरिरहनु पर्छ। धेरै बस्ने मानिसमा यो मुटुले राम्रोसँग काम गर्दैन। ■

-युवामञ्च

बादलुको दरबारमा पहाडको मेला...

■ कमल सुवेदी

इतिहास समाधि मात्र हो महान्हरूको
जहिले पनि हार खाएको छ मान्छेले मान्छेबाटै
जहिले पनि डर बोकेको छ मान्छेले मान्छेबाटै
अनि सधैँ ऊ हार्छ आफैँसित पनि
बिहान आकाशको तारा जस्तो
जिन्दगी तर बाँच्नु हो
आस्था र जीवन जस्तो ।

सन् १९४९ मे १५ मा दार्जिलिङमा जन्मेका नरदेन रुम्बा अत्यन्त छोटो बचाइमा सिर्जनामा अमरत्व छाड्ने स्रष्टा हुन् । माथि उल्लेखित बेहोरा भएको कवितामार्फत सन् १९७९ मा धुवाँ पत्रिकामा प्रकाशित प्रथम कविताबाट भारतीय नेपाली साहित्यको गीत र कविता विधामा युगान्तकारी छाप छाड्न सफल रुम्बा ४१ वर्ष मात्र बाँचे भौतिक रूपमा । अझ यो अवधिमा पनि उनको आधाउधी उमेर नै त सिर्जनात्मक हुँदो हो ।

विद्यालयीय शिक्षा टर्नबुल हाइस्कुल र स्नातक तहको अध्ययन दार्जिलिङकै नर्थ प्वाइन्ट कलेजबाट गरेका रुम्बा आजीविकाका लागि भारतीय स्टेट बैङ्कमा कार्यरत रहे । सकलमान रुम्बा र हर्कमाया रुम्बाका सुपुत्र नरदेन रुम्बाले आफ्ना गीतिकाव्यकृतिहरूमा प्रकृतिसित गरेका सार्थक संवाद जीवन्त बनेका छन् ।

दार्जिलिङका प्रसिद्ध सङ्गीतकार चन्दन लमजेलले यसरी रुम्बालाई सम्झेका छन्, “मूड चलेपछि नरदेन कागतको चिर्कटो भेटिनासाथ गीत लेखिहाल्थे र हतारहतार मणिकमल क्षेत्री, पुरण गिरी र मलाई सुनाइहाल्थे ।”

आफ्नो लेखकीय जीवनमा उनले गीत सय जति लेखेका छन् भने नाटक विधामा पनि उनले कलम चलाए । नेपाली रगतले सिञ्चन गरेको भूमिमा आफ्नो पहिचान सङ्कटमा परेपछि आक्रोशित हुँदै उनले लेखे–

आँखा छ हाम्रो तर देख्छ अरूले
कलम छ हाम्रो तर लेख्छ अरूले ...

हुन पनि हो नेपाली जातिले नेपालमा मात्र होइन संसारको कुनै पनि भूभागमा आफ्नो निर्णय आफैँले गर्न पाएको छैन । कहिल्यै कसैको औपनिवेशिकताको जन्जालमा नफसेको नेपालमा त हामीले हाम्रो भविष्यको रेखा आफैँ कोर्न नपाएको कुरा उठ्छ भने विदेशी भूमिमा स्वअस्तित्वको चिनारी पाउनु कत्तिको कठिन होला सहजै अनुमान गर्न सकिन्छ ।

भारतले विदेशी ठान्नु र नेपालले प्रवासी ठान्नुको पीडा अम्बर गुरुङ र अगमसिंहहरूको जीवनमा नोस्टाल्जिक बनेर आएको इतिहास साक्षी छ । मृत्युपर्यन्त उनले आफ्नो मेटिएको पहिचान, हराएको सिमाना, ओझेल पारिएको जातीय इतिहास र विद्रोहको अभिलेखीकरण आफ्ना कविता र गीतमा गरिरहे ।

जीवनका हरेक भावको अभिव्यक्ति गीत र कवितामार्फत उमार्ने क्षमता राख्ने रुम्बा मनको बह, मायामोह, प्रेमवेदना, भक्ति र विद्रोहलाई आफ्ना सिर्जनामा सार्वजनिक गर्थे । कुनै बेला नेपाली साहित्य र सङ्गीतको दोस्रो राजधानी मानिएको दार्जिलिङका अरुणा लामा, पेमा लामा, विमला सेन्चुरी, चन्दन लमजेल तथा मणिकमल क्षेत्रीको सान्निध्यले उनका गीतले निर्विवाद रूपमा न्याय पाए ।

अगमसिंह गिरी र गोपाल योन्जनपछिको त्यो क्षेत्रको गीत लेखनलाई जुरुक्क उचाल्ने गीतकारका रूपमा नरदेनलाई लिन सकिने मत राख्छन् सङ्गीतकार मणिकमल क्षेत्री । अल्पायुमै बित्नु र व्यस्ततापूर्ण जागिरे जिन्दगी बाँच्नुको नियतिले गर्दा अगमसिंह गिरी, हरिभक्त कटुवाल तथा गोपाल योन्जनको जस्तो सार्थक र विराट् परिचय पाउन सकेनन् नरदेनले तर त्यो भूमिमा अन्यभन्दा कम क्षमता रुम्बाको मापन गरिए उनलाई निर्विवाद रूपमा अन्याय हुन जान्छ ।

नारायणगोपाल, दुर्गा खरेल, मीरा राणा, कर्म योन्जन, डेजी बराइली, कुमार सुब्बा, पवन गोले, दावा ग्याल्मो देवान तथा नयाँ पुस्ताका अनुपमा प्रधान आदिले नरदेनका गीतमा उन्नत स्वर भरेका छन् । तेस्रो आयामका तीन हस्तीमध्ये दुई कवि वैरागी काइँला र ईश्वर वल्लभपछिका युगद्रष्टा कविका रूपमा रुम्बालाई

रेडियो नेपालमा उनका गीत रेकर्ड हुँदा केही शब्द र अन्तरामाथि सेन्सरको कैँची चलेको उनका सहकर्मी दुर्गा खरेल सम्भिन्छन् ।

लिन सकिन्छ। राजनीतिक र जातीय अभियन्ताको परिचय पनि उनलाई प्राप्त छ।

सन् १९७८ मा प्रक्षेप नामक गीत र कवितासङ्ग्रह प्रकाशित भयो भने बाँकी रचनाको एकत्रित रूप उनले आफ्नो जीवनकालमा देख्न पाएनन्। उनको महाप्रस्थानपश्चात् मात्र सन् १९९६ मा उनकी जीवनसँगिनी साबी रुम्बाको पहलमा नरदेन रुम्बाका कृति सार्वजनिक हुन पुगे।

उनले कुनै बेला भनेका थिए, "मैले मेरो छोराका लागि नसोचे पनि मेरा कविताले हजारौँ छोराका लागि सोच्छन्।" साङ्गीतिक भाषामा 'लिरिकल फ्लो' रहेको उनका गीत माटोमा नाङ्गा पैतलाका डोब हुन् भने आफ्नो पहिचानका लागि सङ्घर्षरत निधारमा नाम्लोका डोब हुन्। धनञ्जय थापाको सङ्गीतमा सूर्य थुलुङको स्वर रहेको नरदेनको पहिलो गीत बादलुको दरबारमा पहाडको मेला... रेडियो नेपालले आयोजना गरेको आधुनिक गीत प्रतियोगितामा शब्द, सङ्गीत र स्वर सबैमा सर्वप्रथम हुनुले पनि उनको गीति रचनाधर्मिता पुष्टि गर्दछ।

गीत छनोटमा कुनै सम्झौता नगर्ने स्वरसम्राट नारायणगोपालले समेत गीतकारका रूपमा उनलाई उच्च मूल्याङ्कन गरेका छन्। प्रताप सुब्बाद्वारा निर्देशित चलचित्र 'बाँच्न चाहनेहरू' र 'कहीं अँध्यारो कहीं उज्यालो' का समग्र गीत रुम्बाकै रहेका छन् । ती सिनेमा नेपालमा नचलेकाले उनको परिचय यहाँ आमरूपमा स्थापित हुन सकेन।

हामीले आकाश मागेका होइनौँ
हामीले बास मागेका होइनौँ
हामीले छातीले पेलेर बनाएका ढुङ्गा र माटोहरू मागेको हो
हामीले हाम्रो आँसु मागेको हो
हाम्रा बाबुबाजेको करङ र मासु मागेको हो ....

हावा, प्रकृति, फूल र मानव नियतिसित वार्ता गर्ने सामर्थ्य बोक्ने उनका गीतले आफ्ना पुर्खाका करङको मूल्य खोजेका छन् भने आफ्नो आँसुको सामर्थ्य खोजेका छन्। त्यहाँको कागझोडामा रहेको तीनतले घरको तेस्रो तल्लामा बस्ने रम्बा फुर्सदको समयमा हार्मोनियमका रिडमा खेल्दै धुन उरालिरहन्थे।

सन् १९७२ मा त्यहाँको गोरखा दुःख निवारक सम्मेलनले आयोजना गरेको विराट् नेपाली साहित्य सेमिनारमा उनको काव्यिक परिचय समग्र नेपाली साहित्य संसारले पाएको थियो। हिजो जस्तै अँध्यारो बिहान शीर्षकको कविता उनले ईश्वर वल्लभसँगै वाचन गरेपछि उनको परिचय मेचीवारि पनि प्राप्त भयो (प्रधान, शरद, स्मृतिविम्ब, साहित्यपोस्ट, २०७९ पृष्ठ १५९)। समयक्रममा त्यो कविता मनबहादुर मुखियाले सम्पादन गरेको सेमिनार नामक समसामयिक सङ्कलनमा छापिएको थियो। स्वगत कथन र मुक्त लयविधानमा उनले अधिकांश गीत रचना गरेका छन्। देशभक्ति, जातीय भक्तिदेखि लिएर प्रेमविरह, जातीय चिनारीदेखि

लिएर कतिपय अवस्थामा आध्यात्मिक चिन्तन पनि उनका गीतमा पाइन्छ ।

यस अर्थमा उनी गीत लेखनमा विविधता ग्रहण गर्न सक्ने गीतकारका रूपमा चिनिन्छन् । फूललाई सोधेँ कहाँ गयो कता गयो भमरा..., बादलुको दरबारमा पहाडकी रानी..., हामीले आकाश मागेको होइनौँ..., लगाई हेर त्यो ढाकाटोपी... तथा आऊ बस नजिकमा... जस्ता गीतले एक जमानामा नेपाल र भारतको दार्जिलिङमा तहल्का मच्चाएको इतिहास साक्षी छ । आज पनि कर्म योन्जन सम्झिन्छन्, "फूललाई सोधेँ कहाँ गयो कता गयो भमरा... कम्पोज गर्दाको सन्तुष्टि अतुलनीय छ र यसको कम्पोजिसनमा कुनै शब्दलाई पनि चलाउनु परेको थिएन ।"

बद्री दुर्गा खरेल, चन्दन लमजेल, शान्ति ठटाल, धनञ्जय थापा तथा कर्म योन्जनको सङ्गीत कम्पोजिसनमा रहेका रुम्बाका गीतमाथि न्याय गर्दै कुटुम्ब ब्यान्डका अमृत गुरुङले 'मेरो देश' नामक एल्बम नै तयार गरे । राष्ट्रियता र जातीय चिनारीले ओतप्रोत उनका कवितामा साङ्गीतिक प्रस्तुति सफल र सार्थक रहेको छ ।

रेडियो नेपालमा उनका गीत रेकर्ड हुँदा केही शब्द र अन्तरामाथि सेन्सरको कैँची चलेको उनका सहकर्मी दुर्गा खरेल सम्झिन्छन् । रुम्बाको नाटक मृगतृष्णाले एक पटक दार्जिलिङको रङ्गमञ्चमा ठूलो तहल्का मच्चाएको थियो । जसका सबै गीत नरदेनकै थिए । म मरेपछि नाटक मञ्चनका क्रममा दुर्गा खरेलको सहयात्रा उनीसित सुरु भएको हो र त्यो निरन्तर रह्यो ।

मेरा सबै रातहरू मातहरू भए... बोलको गीत चन्दनको सङ्गीत र नारायणगोपालको स्वरमा रेकर्ड भयो तर दुःखको कुरा त्यसपछि रुम्बा र नारायण दुवै अनन्त यात्रामा लिन भए । अब चन्दन मात्र बाँकी छन् । सन् १९७१ मा हाम्रो सानो पत्रिका नामक समसामयिक सङ्कलनको सम्पादन पनि रुम्बाले गरेका थिए । यो उनको परिचयको अर्को पाटो ।

चन्दनकै सङ्गीतमा नेपथ्य ब्यान्डको प्रस्तुति 'कसैले सोधे कुन हो तिम्रो ठाउँ...' बोलको गीत अर्को उनको जातीय पहिचान बोकेको गीत हो । यहाँ जातीयभन्दा कुनै जात विशेष नबुझेर समग्र नेपाली जाति बुझ्नुपर्ने हुन्छ । स्केल, नोटेसन तथा मेजर माइनरका पूर्ण ज्ञाता रुम्बा आफैँ पनि कम्पोजिसन गर्ने हैसियत राख्थे तर उनले धनञ्जय थापा, चन्दन लमजेल, मणिकमल क्षेत्री, बद्री दुर्गा खरेललाई नै सङ्गीतकारका रूपमा रोजे ।

अङ्ग्रेजी भाषामा पनि राम्रो दखल रहेका रुम्बा उत्कृष्ट साहित्यिक भावानुवादकर्ता पनि थिए । उनका गीतमा रिमला मोक्तान, कुन्दनराज सुब्बा तथा उदय सोताङ आदिले थप स्वर दिए भने सङ्गीत टासी वाङचुकले । मिटरमा लेखिएको फूललाई सोधेँ कहाँ गयो कता गयो भमरा... गीतको फरम्याटिङ, अभिव्यक्ति, भावपूर्ण लय, मानवीय आस्था र अर्थपूर्ण शब्द चयनलाई आज पनि हरेक गीति सिद्धान्तकारले संवेदनाले कुदेको गीत भनी व्याख्या गरेका छन् । औरा, पहाडकी रानी तथा निष्ठुरी

जस्ता गीतिएल्बम उनका निस्किए भने समयक्रममा उनको कवि व्यक्तित्वमाथि गीतकार व्यक्तित्वले दबाब दिएको समालोचकको मूल्याङ्कन रहेको छ ।

जीवित अवस्थामा नै आफैँले सम्पादन गरेको कवितासङ्ग्रहको पाण्डुलिपि भित्तेचित्रले प्रकाशनको सूर्योदय देख्न पाएन तर अघि नै उल्लेख भइसकेको छ मृत्युपर्यन्त उनकी जीवनसँगिनी साबी रुम्बाले सङ्कलन र सम्पादन गरेको नरदेन रुम्बाका कृतिमा कविताहरू सङ्गृहीत छन् । ■

मदन पुरस्कार प्राप्त कृति

कृति	कृतिकार	वर्ष
हाम्रो लोकसंस्कृति	सत्यमोहन जोशी	२०१३
जनरल भीमसेन थापा र तत्कालीन नेपाल	चित्तरञ्जन नेपाली	२०१३
अधिकविभव स्थिरविद्युत् उत्पादक	बलराम जोशी	२०१३
मन/मृत्तिका उद्योग	लीलाध्वज थापा/करुणाकर वैद्य	२०१४
कवि व्यथित र काव्यसाधना	कृष्णचन्द्रसिंह प्रधान	२०१५
उद्यान	गङ्गाविक्रम सिजापति	२०१५
महाकवि देवकोटा	नित्यराज पाण्डे	२०१६
नेपाली राष्ट्रिय मुद्रा	सत्यमोहन जोशी	२०१७
विस्फोट	भीमनिधि तिवारी	२०१७
नयाँ सडकको गीत	रमेश विकल	२०१८
आमाको सपना	गोपालप्रसाद रिमाल	२०१९
नैषधीय चरित	कोमलनाथ अधिकारी	२०२०
जोसमनी सन्त परम्परा र साहित्य	जनकलाल शर्मा	२०२०
नेपाली भाषा र साहित्य	बालकृष्ण पोखरेल	२०२१
पाकृत पोखरा	मुकुन्दशरण उपाध्याय	२०२१
प्राचीन हिन्दु अर्थशास्त्र	नवराज चालिसे	२०२१
वस्त्र निर्माणकला	लक्ष्मीबहादुर श्रेष्ठ	२०२१
शिरीषको फूल	पारिजात	२०२२
स्रष्टा र साहित्य	उत्तम कुँवर	२०२३
मानव	मोदनाथ प्रश्रित	२०२३
एब्स्ट्र्याक्ट चिन्तन प्याज	शङ्कर लामिछाने	२०२४
नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास	ग्रीष्मबहादुर देवकोटा	२०२४
टिपनटापन	पारसमणि प्रधान	२०२५
मङ्गली कुसुम	धर्मराज थापा	२०२५
बेलायततिर बरालिँदा	तारानाथ शर्मा	२०२६
नेपाली निर्वाचनको रूपरेखा	महानन्द सापकोटा	२०२७
कर्णाली लोकसंस्कृति	प्रदीप रिमाल, सत्यमोहन जोशी, विहारीकृष्ण श्रेष्ठ, चुडामणि बन्धु स्थिरजङ्गबहादुर सिंह	२०२८
आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्	ईश्वरवल्लभ	२०२९
लिच्छविकालका अभिलेख	धनवज्र वज्राचार्य	२०३०
आगत	भवानी भिक्षु	२०३२
लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन	वासुदेव त्रिपाठी	२०३४
घामका पाइला	धच गोतामे	२०३५
नेपालको परम्परागत प्रविधि	छविलाल गजुरेल, करुणाकर वैद्य	२०३६
नरसिंह अवतार	जगदीशशमशेर राणा	२०३७
नदी किनारको माझी	मोहन कोइराला	२०३८
माधवी	मदनमणि दीक्षित	२०३९

अलिखित	ध्रुवचन्द्र गौतम	२०४०
प्रत्यागमन	कञ्चन पुडासैनी	२०४१
वैकुण्ठ एक्सप्रेस	मोहनराज शर्मा	२०४२
लिच्छवि संवत्को निर्णय	नयराज पन्त	२०४३
उत्सर्ग प्रेम	राजेश्वर देवकोट	२०४४
ज्योति ज्योति महाज्योति	दौलतविक्रम विष्ट	२०४५
नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषद्को भूमिका	राजेश गौतम	२०४६
मृत्युञ्जय महाकाव्य	भानुभक्त पोखरेल	२०४७
पागल बस्ती	सरुभक्त	२०४८
पाल्पामा प्रजातान्त्रिक आन्दोलनको सय दिन	भवेश्वर पङ्गेनी	२०४९
माध्यमिक नेपाली गद्याख्यान	शरद्चन्द्र भट्टराई	२०५०
सही शब्द	फादर विलियम बर्क	२०५१
योजनगन्धा	विनोदप्रसाद धिताल	२०५२
नेपालको राष्ट्रिय झन्डा	दयाराम श्रेष्ठ	२०५३
विसर्जन	लोकेन्द्रबहादुर चन्द	२०५४
दुखान्त नाटकको सिर्जना परम्परा	केशवप्रसाद उपाध्याय	२०५५
अतिरिक्त अभिलेख	दिनेश अधिकारी	२०५६
नेपालको सिमाना	बुद्धिनारायण श्रेष्ठ	२०५७
अभिनव संस्कृति कोश	हरिराम जोशी	२०५८
नेपालको कानुनी इतिहासको रूपरेखा	रेवतीरमण खनाल	२०५९
नयाँ ईश्वरको घोषणा	गोपाल पराजुली	२०६०
पल्पसा क्याफे	नारायण वाग्ले	२०६१
राधाकृष्ण	धरावासी	२०६२
छापामारको छोरो	महेशविक्रम शाह	२०६३
अन्तर्मनको यात्रा	जगदीश घिमिरे	२०६४
एक हातको ताली	युवराज नयाँघरे	२०६५
नेपालको बालीनाली र तिनको दिगो खेती	नरबहादुर साउद	२०६६
जीवन काम्डा कि फूल	झमक घिमिरे	२०६७
सेतो धरती	अमर न्यौपाने	२०६८
दमिनी भीर	राजन मुकारुङ	२०६९
खलङ्गामा हमला	राधा पौडेल	२०७०
खुसी	विजयकुमार पाण्डे	२०७१
ऐना	रामलाल जोशी	२०७२
धृतराष्ट्र	घनश्याम कँडेल	२०७३
योगमाया	नीलम कार्की निहारिका	२०७४
रणहार	योगेशराज	२०७५
महारानी	चन्द्रप्रकाश बानियाँ	२०६७
लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह	भोगिराज इङ्नाम	२०७७
अग्नि	नवराज लम्साल	२०७८
ऐठन	विवेक ओझा	२०७९
मुकाम रणमैदान	मोहन मैनाली	२०८० ■

प्रस्तोता : बद्रीप्रसाद घिमिरे

वेदकालीन सन्तान परम्परा

वर वधूलाई सन्तान प्राप्त गर्नका लागि आशीर्वाद दिइएको र प्रजापति ब्रह्मासँग असल सन्तानका लागि स्तुति गरिएको देखिन्छ । वेदकालमा विवाह गरेका मानिस देवतासँग छोरा, नाति आदि सन्तानका लागि स्तुति गर्दथे ।

■ डा. शुक्रराज अधिकारी

वेदकालमा सन्तान अनिवार्य आवश्यकता मानिन्थ्यो । वेदका अनेकौं ऋचामा सुसन्तानयुक्त हुन पाऊँ, सन्तानहीन घरमा रहन नपरोस् भन्ने खालका अभिव्यक्ति भेटिन्छन् ।

त्यस कालमा सन्तानका लागि नियोग प्रथाको समेत विकास भएको पाइन्छ । आफ्नो पतिबाट सन्तान नजन्माएकी विधवा भाउजूले देवरबाट गर्भधारण गर्न सक्ने चलन पनि रहेको देखिनुले त्यस समयमा सन्तान जन्माउनु अनिवार्य मानिन्थ्यो भन्ने तथ्यलाई बल पुऱ्याउँछ ।

ऋग्वेदको सातौं मण्डलको पहिलो सूक्त अन्तर्गतको एघारौं ऋचामा वशिष्ठ मैत्रावरुणी नामका ऋषिले अग्निदेवलाई सम्बोधन गर्दै "वीरता तथा

पुत्रपौत्रादिरहित घरमा हामीले रहन नपरोस्, घरका हितैषी हे अग्निदेव ! पुत्रपौत्रादिले भरिएका घरमा हामी तिम्रो उपासना गर्दै निवास गरौँ," भन्ने भाव व्यक्त गरेको देखिन्छ। ऋग्वेदको सातौँ मण्डलको पहिलो सूक्त अन्तर्गतको १२ औँ ऋचामा पनि मैत्रावरुणी ऋषिले, "अश्वमा आरूढ भएका पूजनीय अग्निदेवको उपासना जहाँ नित्य गरिन्छ त्यहाँ प्रजाले परिपूर्ण सुसन्तति बढाउने घर हामीलाई प्राप्त होस्," भन्ने भाव व्यक्त गरेका छन्।

ऋग्वेदको सातौँ मण्डलको पहिलो सूक्तको १९ औँ ऋचामा ऋषि वशिष्ठ मैत्रावरुणीले अग्निदेवलाई स्तुति गर्दै, "तिम्रो कृपाले हामी बुद्धिहीन नहोऔँ र हामीले भोकै बस्न नपरोस्। हामी कहिल्यै वस्त्र र सन्तानविहीन नरहौँ। हामी असुर शत्रुका फेला नपरौँ। हामीलाई घर वा जङ्गलमार्गमा मर्नु नपरोस्," भन्ने भाव व्यक्त गरेका छन्। यस्तै ऋग्वेदको दोस्रो मण्डलको चौथो सूक्त अन्तर्गतको आठौँ र नवौँ ऋचामा सोमाहुति यजमानलाई सन्तान, धन र गुणले सम्पन्न गराऊ अनि ती सन्तानबाट नाति, पनातिको मधुर स्नेहले सम्पन्न गराऊ," भन्ने भाव व्यक्त गरेका छन्।

यसैगरी अथर्ववेदको १२ औँ काण्डको नवौँ सूक्तको सातौँ ऋचामा "ब्रह्मगवीले ब्रह्मघातीलाई निवासरहित परतन्त्र र सन्तानहीन बनाइदिन्छ, त्यसो भएपछि त्यो ब्रह्मघाती सहायताविहीन भएर विनाशका मुखमा पर्दछ," भन्ने भाव व्यक्त भएको छ। अथर्ववेदको १४ औँ काण्डको पहिलो सूक्तको २१ औँ ऋचामा नवविवाहित वधूलाई आशीर्वाद दिँदै, "पतिका घरमा सुसन्तानले युक्त हुँदै तिम्रो स्नेहको वृद्धि होस् भन्ने भाव," व्यक्त भएको देखिन्छ।

उल्लिखित भावहरूबाट सन्तान नभएको घर उपयुक्त नमानिने, हरेक मानिसले आफ्नो घरमा सन्तानको इच्छा गर्दथे, सुसन्तान प्राप्त गर्ने अपेक्षाले अग्निको उपासना गर्दथे, अग्नि देवसमक्ष सन्तानविहीन हुन नपरोस् भन्ने अनुनय गर्दै स्तुति गरेको देखिन्छ। यस तथ्यले वैदिक कालमा सन्तानको निकै महत्त्व रहेको जानकारी मिल्छ।

वेदकालीन मानिस पशुपालन र प्रारम्भिक कृषि उत्पादन पद्धतिमा निर्भर थिए। त्यसबखत पशुपालन र कृषि उत्पादनलाई आधार बनाएर आर्थिक व्यवस्था सञ्चालन हुन्थ्यो।

भार्गव नामका ऋषिले अग्निदेवसमक्ष स्तुति गर्दै क्रमशः "हामीलाई तिमी असल धन र महान् कीर्तियुक्त सन्तान प्रदान गरे, गुफामा बसेका निरहङ्कारी स्तोता ऋषिलाई उत्तम सन्तान प्रदान गरेर तिमीले आफ्नो संरक्षण प्रदान गऱ्यौ। उसैगरी हामीले ज्ञानपूर्वक गरेको स्तुतिबाट हामीलाई उत्तम धन दिँदै संरक्षण प्रदान गर," भन्ने भाव व्यक्त गरेको देखिन्छ।

ऋग्वेदको १० औँ मण्डलको २५ औँ सूक्त अन्तर्गतको ४२ औँ र ४३ औँ ऋचामा वर वधूलाई सम्बोधन गर्दै "आफ्नो गृहस्थ धर्म निर्वाह गर्दै पुत्रपौत्रादि सन्तानसँग आमोदप्रमोदपूर्वक जीवन निर्वाह गर। प्रजापति ब्रह्माले हामीलाई असल सन्तान प्रदान गरुन्" भन्ने खालको भाव व्यक्त गरेको देखिन्छ। ऋग्वेदको १० औँ मण्डलको १२० औँ सूक्तको तेस्रो ऋचामा आय वर्ण नामका ऋषिले इन्द्रदेवलाई स्तुति गर्दै, "विवाह गरेको वर वधूलाई सन्तान प्राप्त गर्नका लागि आशीर्वाद दिइएको र प्रजापति ब्रह्मासँग असल सन्तानका लागि स्तुति गरिएको देखिन्छ। वेदकालमा विवाह गरेका मानिस देवतासँग छोरा, नाति आदि सन्तानका लागि स्तुति गर्दथे। त्यस समयमा खराब काम गर्ने मानिसलाई दण्ड दिँदा सन्तानहीन बनाइने गरिन्थ्यो। नयाँ वधूलाई सुसन्तानयुक्त बन भन्ने आशीर्वाद दिएको तथ्य भेटिन्छ।

वेदकालीन मानिस पशुपालन र प्रारम्भिक कृषि उत्पादन पद्धतिमा निर्भर थिए। त्यसबखत पशुपालन र कृषि उत्पादनलाई आधार बनाएर आर्थिक व्यवस्था सञ्चालन हुन्थ्यो। पशुधन तथा जमिनको स्वामित्व कविला तथा गणको अधीनमा रहन्थ्यो। पशुधनको बृहतीकरण हुँदै गएको थियो। पशुधनको बृहतीकरणका लागि जङ्गली

एवं घाँसे मैदान क्षेत्रलाई आफ्नो समूहको अधीनमा विस्तार गर्ने होडबाजी नै चल्दथ्यो।

यस क्रममा विभिन्न गण समूहबीचमा द्वन्द्व एवं सङ्घर्ष भइरहन्थ्यो। पशुधन सङ्ख्याले तत्कालीन समयमा समृद्धि प्रदर्शित गर्ने भएकाले त्यसबखत एकअर्को समूहसँग पशुलाई आफ्नो स्वामित्वमा पार्ने उद्देश्यले सङ्घर्ष चल्दथ्यो। पशुधनको बृहतीकरण कार्यमा पुरुष संलग्न रहने हुँदा युद्धमा सैनिकका रूपमा पुरुष नै भिड्ने गर्दथे। महिला घरको व्यवस्थापनमा रहन्थे। वेदकालीन समाज पहिले नै पितृवंशमा आधारित थियो। त्यसैले पशुधनको अधिकार छोरामा हस्तान्तरण हुन्थ्यो।

यस खालको सामाजिक चरित्रले गर्दा नै वेदकालमा सन्तानको अनिवार्य आवश्यकता मानिन्थ्यो। त्यस समयको कविला तथा गणको निर्माण नै आफ्ना वंशजको आधारमा हुने गर्दथ्यो। आफ्नो समूहको प्रभुत्व देखाउन समूहको आकार ठूलो देखाउनुपर्ने हुन्थ्यो। त्यसका लागि पनि सन्तान उत्पादन प्रमुख आवश्यकताभित्र पर्दथ्यो। अर्कातर्फ जनसङ्ख्या तथा सैन्य स्रोतको प्रमुख माध्यम पनि सन्तान उत्पादन नै थियो। त्यस समयको समाजमा पितृसत्ता स्थापित भइसकेकाले बहुपत्नी विवाह सामान्य मानिन्थ्यो। हरेक पत्नीले आफ्नो अस्तित्व सन्तान उत्पादनसँग जोड्दथे। यी कारणले सन्तान उत्पादन गर्नु तत्कालीन समाजमा अनिवार्य ठानिन्थ्यो।

त्यसबखत सन्तान जन्माउन कोही पछि नहटून् भन्नका लागि जीवनको सार्थकता पितृऋण तिर्नुसँग छ भन्ने मान्यता विकास गरिएको थियो। पितृऋण तिर्नलाई सन्तान, त्यसमा पनि पुत्र नै उत्पादन गर्नु पर्छ भन्ने मान्यताको विकास भयो। त्यसैले आफ्नो पतिबाट सन्तान नहुँदै उनको मृत्यु भएमा वा सन्तान उत्पादन हुन नसकेमा नियोग प्रक्रियाका माध्यमबाट समेत सन्तान जन्माउने अनुमति विधवा महिलालाई समेत थियो। यसरी वैदिककालमा सन्तान उत्पादनलाई अनिवार्य आवश्यकता मानिँदै गयो।

तत्कालीन समाजमा समान रूपमा आउने पुत्र–पुत्रीमध्येमा पनि पुत्रको चाहना एवं महत्त्व बढी रहन्थ्यो। आर्यजनहरू वैदिक सभ्यताभित्र प्रवेश गर्नुभन्दा पहिले नै उनीहरू पितृसत्तात्मक पारिवारिक पृष्ठभूमिमा आबद्ध भइसकेका थिए। जसले गर्दा पुत्रको महत्त्व, पुत्रवंशको

भई उल्टै दास बनेर जीवनयापन गर्नुपर्ने स्थिति सिर्जना हुने भएकाले वेदका अनेक ऋचामा पुत्रको चर्चा देखिन्छ ।

यसो भनिरहँदा पुत्रीप्रति अपमान तथा तिरस्कार थियो त ? भन्ने प्रश्न उठ्न सक्दछ तर तत्कालीन समाजमा पुत्रीको अपमान र तिरस्कार भएको भेटिँदैन तर पुत्रका तुलनामा पुत्रीको महत्त्व र चर्चा कम पाइन्छ । हुन त स्त्री वा पुत्रीको अभावमा पुत्रको उत्पादन कसरी पो सम्भव छ र ? तैपनि पितृसत्तात्मक पद्धतिले पुत्रको महत्त्व मनोवैज्ञानिक तथा सामाजिक रूपमा रह्यो नै । वेदकालीन समयमा छोरीलाई पनि सम्मान र आदर गरिन्थ्यो । छोरीको महत्त्व यस कारण पनि थियो, यदि कारणवश पुत्र नभएमा छोरीको विवाह गराई उसबाट जन्मेको छोरालाई नै छोरा मानेर सम्पत्तिको अधिकार हस्तान्तरण हुन्थ्यो ।

वर्तमानमा जस्तो आफ्ना छोरा नभए दाजुभाइका छोरालाई तथा आफ्नै छोरीलाई सम्पत्तिको अधिकार प्रदान गर्ने प्रचलन भने तत्कालीन समयमा कहीँ उल्लेख भएको देखिँदैन ।

ऋग्वेदमा सन्तान जन्माउने संस्कारका बारेमा प्रस्ट उल्लेख गरिएको देखिँदैन, सङ्केत मात्र पाइन्छ तर अथर्ववेदमा पुंसवन सूक्तको नाम नै दिएर पुंसवनसँग सम्बन्धित ऋचाहरूको निर्माण भएको छ । पशुधन तथा कृषि भूमिको विस्तारीकरणसँगै बलियो बन्दै गएको पितृसत्ताले पुत्रको महत्त्व दर्शाउँदै गर्भमा रहेको सन्तान पुत्र नै भएर जन्मियोस् भन्ने अपेक्षासाथ पुंसवन संस्कारको निर्माण गरेको विश्लेषण गर्न सकिन्छ ।

स्थापना सहज हुँदै गयो । त्यससँगै वेदकालको प्रमुख आर्थिक चरित्र पशुधन एवं कृषियोग्य भूमि बृहतीकरण गर्नु थियो । त्यस कार्यमा पुरुष नै बढी संलग्न हुन्थे । यसले पितृसत्ता एवं पितृवंशलाई झन् दरिलो बनाउँदै लग्यो ।

अर्कातर्फ त्यस समयमा पशुधन र जमिन बृहतीकरण गर्न आर्य-अनार्य तथा आर्य-आर्यबीच विभिन्न गण तथा समूहबीच युद्ध तथा सङ्घर्ष हुने हुँदा पुत्र नै युद्धका सैन्य स्रोत थिए । जुन समूहमा पराक्रमी पुरुषको सङ्ख्या कम हुन्थ्यो त्यस्तो समूहले युद्ध हारेमा आफ्नो स्वामित्वको पशुधन एवं जमिन गुमाउन पुग्थ्यो । त्यति मात्र होइन युद्धमा जित्नेले हराउने समूहलाई दास बनाउथ्यो । त्यसले गर्दा वेदका थुप्रै ऋचामा देवताको स्तुति गर्दै 'दश छोरा देऊ, वीर पराक्रमी, युद्ध विजयी पुत्र देऊ' भन्ने अनुरोध गरेको देखिन्छ ।

त्यस कारण परिवार, कविला, गण तथा समूहमा पुत्रको विशेष महत्त्व र आवश्यकता ठानिन्थ्यो । किनभने पुत्र तथा पराक्रमी पुत्र सङ्ख्याको कमीका कारण त्यस गणको अस्तित्व सङ्कटमा पर्दथ्यो । आफ्नो पशुधन एवं जमिनको सुरक्षा हुँदैनथ्यो । साथै अर्को समूहबाट पराजित

अर्कातर्फ वेदकालमा विकास गरिएका विभिन्न संस्कारजन्य कार्यमा संलग्न हुने तथा भूमिका निर्वाह गर्ने कार्यमा पनि पुरुष केन्द्रित देखिन्छ । ऋग्वेदमा 'छोरो हुनेले पैतृक कर्म सम्पन्न गर्दछ तथा छोरी हुनेले सम्मान र शोभाधारण गरेको हुन्छ' भन्ने भावले त्यस समयमा बाबुआमाको मृत्यु संस्कारको जिम्मेवारी छोरामा नै निहित हुन्थ्यो भन्ने बुझिन्छ ।

यसको अर्थ छोरालाई वंशको उत्तराधिकार र सम्पत्तिको अधिकार प्राप्त थियो । अर्कातर्फ विवाहपछि छोरीलाई पितृकुलबाट हटाइने भएकाले छोरीमा यो दायित्व नरहेको हुन सक्दछ तर अविवाहित छोरीका हकमा के थियो प्रस्ट तथ्य देखिँदैन । अविवाहित छोरीको पालनपोषणको जिम्मा भने बाबु एवं दाजुभाइकै हुने गर्दथ्यो तर अविवाहित अवस्थामा नै बाबुको मृत्युमा संस्कारजन्य कार्यमा छोरीको भूमिका के हुन्थ्यो प्रस्ट छैन ।

वेदकालमा सन्तान तथा गर्भको सन्तानको संरक्षण गर्न विभिन्न खालका याज्ञिक अनुष्ठान भएको पनि देखिन्छ । त्यसै गरी सन्तान प्राप्तिका लागि समेत विभिन्न किसिमको दाम्पत्य सम्बन्ध रहने गरेको सन्दर्भ पनि उल्लेख गरिएको छ । ■

चन्द्रकिशोर झा

राजनीतिक विश्लेषक/पत्रकार

चन्द्रकिशोर झा कुशल पत्रकार तथा स्तम्भकार हुनुका साथै तराई/मधेशका मुद्दामा गम्भीरतापूर्वक कलम चलाउने राजनीतिक विश्लेषकका रुपमा परिचित छन् । उनले पत्रपत्रिकामा नियमित रुपमा स्तम्भ देख्दै आएको हामी देख्न सक्छौं । अङ्ग्रेजी, नेपाली, हिन्दीका साथै तराई/मधेशका प्रमुख भाषामा पनि कलम चलाउने झा आफू त अध्ययनशील छन् नै अरुलाई पनि नपढी संसार बुझिँदैन भन्दै पुस्तक पढ्ने सल्लाह दिन्छन् ।

उनी भन्छन्, "मेरो भनाइ जहिले पनि एउटै हुने गरेको छ, हामीले पढ्नु पर्छ, पढ्नु पर्छ र पढ्नु पर्छ । यसरी मैले तीन पटक जोड दिएर भन्नुको मतलब अध्ययनशील प्रवृत्तिले तपाईं स्वयंलाई बुझ्न, परिष्कार गर्न र परिपक्व दृष्टि बनाउन सघाउँछ ।"

अध्येता झा पुस्तकको भन्दा ठूलो अन्य कुनै अध्ययन सामग्रीको महत्व नभएको बताउँछन् । पारिवारिक पृष्ठभूमि, संरचना, आन्तरिक थिचोमिचो तथा विभेदको अवस्था, स्रोत र अवसरको वितरण, कामको बाँडफाँट तथा संवादको वातावरण जान्न अध्ययन नगरी बस्न सकिन्न । उनी भन्छन्, "पारिवारिक पृष्ठभूमि, लिङ्ग, जात, समुदाय, धर्म, भाषाका आधारमा समाज र राज्यसँगको सम्बन्ध केलाउन जो कोहीले पढ्नै पर्छ ।"

अरुले लेखेका र बोलेका सामग्रीले चेतना प्रदान गर्ने उनी बताउँछन् । समग्रमा समतामूलक समाज निर्माणमा भूमिका खेल्न र असल नागरिक बन्न अध्ययन गर्नै पर्ने निष्कर्षसहित उनी भन्छन्, स्वयंको चेतनाको क्यानभासलाई उन्नत एवं फराकिलो बनाउने काम पुस्तकले गर्दछ ।"

पुस्तकले आफूलाई पारेको प्रभावको स्मरण गर्दै उनी भन्छन्, "आफ्नै घरको पुस्तकालयमा रहेको एक पुस्तक पढेर माध्यमिक तहको अध्ययन कालमा नै पत्रकारिता गर्छु भन्नेमा आत्मनिर्देशित भएथें । पाठ्यपुस्तकभन्दा बाहिरका पुस्तकले नै मेरा आँखा खोल्ने काम गरेका छन् ।" उनी विद्यार्थी कालमा आफ्नो रुचिका पुस्तक खाजा खर्च वा चलचित्र नहेरेर वा पैदलै हिँडेर भाडा जोगाएर किन्ने गरेको बताउँछन् ।

उनको मनमस्तिष्कमा सर्वाधिक प्रभाव पारेका दुई पुस्तक श्रीमद्भागवत गीता र महात्मा गान्धीको आत्मकथा हुन् रे । पुस्तकलाई असाध्य माया गर्नेमध्येमा पर्ने झाको आफ्नै पुस्तकालय छ र करिब आठ हजार पुस्तक सङ्गृहीत भएको बताउँछन् । "सुत्ने कोठाको खाट, बैठक, टेबुल सबैतिर पुस्तक छरपस्ट हुने भए पनि मेरा लागि प्रिय, पूज्य र प्रेरक हुन्छन् । घरमा किताबको सङ्ग्रह हुँदा पारिवारिक वातावरण नै पुस्तकप्रेमी बन्न पुगेको छ । मेरो पुस्तकप्रेम देखेर मलाई माया गर्नेले उपहारमा पुस्तक नै दिने गरेका छन् ।" यो नै आफ्ना लागि अमूल्य सम्पत्ति भएको भन्दै उनी खुसी व्यक्त गर्छन् । उनले पछिल्लो समयमा पढेका र प्रभाव पारेका पाँच पुस्तकका बारेमा यसरी बताएका छन् :

The wisdom of crowds



प्रसिद्ध लेखक James Surowiecki को The wisdom of crowds पुस्तकले सामूहिक बुद्धिमत्ताबारे प्रकाश पारेको छ । यसले तर्क दिन्छ, धेरै व्यक्तिको सामूहिक विचार, विशेषज्ञको व्यक्तिगत विचारभन्दा बढी सही हुन सक्छ । यदि भीडमा रहेका मानिस विभिन्न पृष्ठभूमिबाट आएका छन्, स्वतन्त्र रूपमा सोच्दछन् र उनीहरूको विचारलाई उचित रूपमा संयोजन गरिन्छ भने उनीहरूले समस्या समाधानमा अचम्मको सटिकता देखाउँछन् । यो पुस्तकले भीडबारे फरक तरिकाले सोच्न प्रेरित गर्छ । यो एक रोचक पुस्तक भएकाले पढ्नैपर्ने कृतिमा पर्दछ ।

Poor Economics



यो पुस्तक Abhijit Banerjee / Esther duflo द्वारा लिखित एक प्रभावशाली र प्रयोगमा आधारित छ । गरिबहरू कसरी बाँचिरहेका छन्, उनीहरूका निर्णय किन त्यस्ता छन् र दुनियाँभरमा गरिबी हटाउने प्रयास किन धेरै असफल भइरहेका छन् भन्ने सवाललाई मिहिन ढङ्गले पुस्तकमा केलाएको छ । लेखकद्वय प्रसिद्ध व्यक्ति हुन् र पुस्तकमा तथ्य केलाएर केही निष्कर्षसमेत स्थापित गरिएको छ । बनर्जी त नोबेल पुरस्कार विजेता नै हुन् । पुस्तकले स्थानीयस्तरका साना साना समाधानलाई पनि प्राथमिकता दिन सुझाएको छ । यो पुस्तकले हामी जस्ता मुलुकमा गरिबीविरुद्धको लडाइँलाई नयाँ तरिकाले सोच्न प्रेरित गर्छ ।

Cast the origins of our discontents

अमेरिकी लेखिका Isabel Wilkerson ले प्रसिद्ध पुलित्जर पुरस्कारसमेत प्राप्त गरेकी छन् । उनको यो पुस्तकले गहिरो गरी जरा गाडेको जातीय संरचनाबारे उजागर गरेको छ । पुस्तकमा जातीय प्रणालीका आधार केलाइएका छन् । कठोर जातीय संरचनाले पारेका दृश्य/अदृश्य असरलाई व्यापक क्यानभासमा उतारेको छ पुस्तकले । यसले नेपाली समाजलाई नयाँ ढङ्गले हेर्न आँखा खोलिदिन सक्छ । हाम्रो सामाजिक संरचनालाई सामाजिक न्यायकै दृष्टिबाट बुझ्न मद्दत गर्छ ।



तमस

भीष्म साहनीद्वारा हिन्दी भाषामा लेखिएको 'तमस' उपन्यास बहुपठित कृति हो । यसले बेलायतको उपनिवेशबाट भारत स्वतन्त्र हुनुअघि सल्किएको आगोको अन्तरङ्ग चित्रण गरेको छ । काल विस्तारको दृष्टिले यो केवल पाँच दिनको महाकथा हो तर लेखकले कथा कसरी उनेका छन् भने पाठकले साम्प्रदायिक तत्त्व र तिनका अभ्यासबारे छर्लङ्ग बुझ्ने छन् । साम्प्रदायिकता बढेपछि जहाँ पनि र जहिले पनि पीडित हुने निर्दोष र गरिब नै हुन् । मानवतालाई मार्ने अवस्था कसरी विकसित गराइन्छ भन्ने सूक्ष्म विश्लेषण लेखकले गरेका छन् ।

मुकाम रणमैदान



खोज पत्रकार मोहन मैनालीद्वारा लिखित यो पुस्तकले मदन पुरस्कारसमेत प्राप्त गरेको छ । दुई सय वर्षअघि भएको नेपाल–अङ्ग्रेज युद्धमा गोर्खाली र अङ्ग्रेज सिपाही तथा कमान्डरहरूले लेखेका चिठीलाई आधार बनाइएको छ । पुस्तकले अङ्ग्रेजसँगको युद्धबारे नवीन सूचना पस्किएको छ । नेपालको भूगोल निर्माणमा विभिन्न समुदाय र भूगोलका बासिन्दाको योगदान रहेको तथ्यलाई स्थापित गरेको छ । आज नवनेपाल निर्माण अभियानका बेला पुस्तकले इतिहासका अलिखित पाटोलाई मुखरित गरेको छ । ■

–प्रस्तुति : तुलसीहरि कोइराला

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल तथा ह्युमनराइट वाच जस्ता संस्थाले जीवनको अधिकार सुरक्षित हुनुपर्ने र मृत्युदण्ड दिन नहुने विषय उठाए । सन् १९७७ अघिसम्म विश्वका बहुसङ्ख्यक मुलुकमा दिइने मृत्युदण्डको व्यवस्था हाल घटेर केवल ५३ मुलुकमा यो प्रावधान सीमित छ ।

मृत्युदण्ड
मानव अधिकार विरुद्धको कार्य

■ डा. प्रेमराज सिलवाल

अधिवक्ता

राज्यको फौजदारी कसुरमा देशको कानुन अनुसार दोषी प्रमाणित भएको मानिसलाई राज्यले जीवन समाप्त पार्नुलाई नै मृत्युदण्ड भनिन्छ ।

अठारौँ शताब्दीअघि विश्वका सबैजसो देशमा मृत्युदण्डसम्बन्धी कुनै न कुनै खालको प्रावधान थियो । अपराधलाई बुझ्ने र व्याख्या गर्ने परम्परागत शैली हुनु, आवश्यक जेलघरको व्यवस्था नगरिनु तथा शासक जनताप्रति उत्तरदायी नहुनु, क्रुर हुनु, लोकतान्त्रिक विधि र प्रणालीबाट राज्य चल्न नसक्नु, प्रतिशोधी मानसिकता हुनु आदि कारणबाट मृत्युदण्डले प्रधानता पाएको विश्वको इतिहास छ ।

नेपालमा सन् १९४१ मा राजनीतिक पर्चा छरेकै आधारमा राणाले गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिएका थिए। त्यसै गरी सन् १९६१ पछिको ३० बर्से पञ्चायती शासनमा पनि राज्यविरुद्धको अपराधमा मृत्युदण्डसम्बन्धी प्रावधान थियो ।

दोस्रो विश्वयुद्धपछि सन् १९४८ मा सयुक्त राष्ट्रसङ्घले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पारित गरेपछि भने मानव अधिकारको विषयले विश्वमा व्यापकता पायो। अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनल तथा ह्युमनराइट वाच जस्ता संस्थाले जीवनको अधिकार सुरक्षित हुनुपर्ने र मृत्युदण्ड दिन नहुने विषय उठाए। सन् १९७७ अघिसम्म विश्वका बहुसङ्ख्यक मुलुकमा दिइने मृत्युदण्डको व्यवस्था हाल घटेर केवल ५३ मुलुकमा यो प्रावधान सीमित छ।

यसमा कानुनतः र व्यवहारतः गरी दुई खालका अवस्था रहे। कानुनमा भए पनि कतिपय मुलुकमा मृत्युदण्ड दिइएको छैन। सन् २०१७ सम्म विश्वमा १०४ भन्दा बढी देशले मृत्युदण्डको सजाय खारेज गरे। बेलायतमा १८ औँ शताब्दीसम्म सम्पत्तिसम्बन्धी अपराध जस्तै पसल चोरीमा पनि मानिसलाई सार्वजनिक स्थलमा राखेर मार्ने गरिन्थ्यो। सन् १८२० मा त्यसरी चोरीलगायतका सामान्य अन्य अपराध गर्ने १६० जनालाई मृत्युदण्ड दिइयो। हेनरी आठौँको शासन कालमा करिब ७२ हजार मानिसलाई मृत्युदण्ड दिइएको थियो।

विश्वमा सबैभन्दा बढी मृत्युदण्ड दिइने मुलुक हो चीन। सन् १९६६ देखि सन् १९७६ को अवधिमा भएको सांस्कृतिक क्रान्तिमा मात्र आठ लाख मानिसलाई मृत्युदण्ड दिइएको थियो। अमेरिकाका ३१ राज्यमा मृत्युदण्डको व्यवस्था छ। सन् २०१७ मा मङ्गोलिया, टर्की र फिलिपिन्समा पुनः मृत्युदण्डसम्बन्धी कानुन ल्याइयो। अमेरिकामा सन् २००१ मा गरिएको सर्वेक्षणले ६८ प्रतिशत मानिस मृत्युदण्डको पक्षमा रहेको देखाएको थियो। सन् २०१६ मा भने त्यो मत ६० प्रतिशतमा झर्‍यो। ५३ मुलुकमा मृत्युदण्डसम्बन्धी प्रावधान राखिएको भए पनि करिब ३२ मुलुकले विगतको दशकमा कसैलाई पनि त्यस प्रकारको सजाय दिएनन्।

सन् १७६४ मा इटालीका दार्शनिक चेहेरे बेक्करियाले 'अन क्राइम एन्ड पनिसमेन्ट' नामको पुस्तक प्रकाशित गरी मृत्युदण्डको व्यवस्थामा थुप्रै दोष रहने भन्दै विरोध प्रकट गरेका थिए। तैपनि दोस्रो विश्वयुद्धअघिसम्म धेरै मुलुकमा यस प्रकारको व्यवस्थाले निरन्तरता पायो। फ्रान्समा चाहिँ सन् १९१८ मा यससम्बन्धी प्रावधान खारेज गरियो। अस्ट्रेलियामा सन् १९७३ देखि मृत्युदण्ड हटाइयो। २० औँ शताब्दीमा नाजी जर्मनीमा विभिन्न प्रकारका मृत्युदण्ड प्रावधान राखिएका थिए।

अमेरिका, जापान, दक्षिण कोरिया, सिङ्गापुरलगायतका शक्तिशाली र विकसित देशका

कानुनमा मृत्युदण्ड राखिएकाले अन्य मुलुकलाई यो प्रावधान राखिराख्न हौसला मिलेको भन्न सकिन्छ। सन् २०१६ को अध्ययन अनुसार केही मुलुकको प्रतिवेदन हेर्दा चीनमा एक हजारभन्दा बढी मानिसलाई मृत्युदण्ड दिइएको थियो। सन् २०१७ मा त्यो सङ्ख्या बढेर १५ सय ५१ पुग्यो।

सन् २०१६ मा इरानमा ५६७ भन्दा बढी, साउदी अरबमा १५४ जना, इराकमा ८८, अमेरिकामा २० जनालाई मृत्युदण्ड दिइएको थियो।

चीन, साउदी अरब, इराक, इरान, पाकिस्तानलगायतका देशमा १८ वर्षभन्दा माथिका व्यक्तिलाई मात्र त्यस प्रकारको सजाय दिने गरिएको छ तर इरानमा भने सन् २००७ मा ७१ जना नाबालकलाई समेत फाँसी दिइएको थियो। साउदी अरबमा राजनीतिक प्रदर्शन गर्दा समेत मृत्युदण्डको सजाय हुन सक्ने कानुन छ।

मृत्युदण्डको समर्थन गर्नेले बालहत्या, बलात्कार, अपहरण, लागूऔषध, यातना जस्ता अपराधमा दोषी प्रमाणितलाई मृत्युदण्ड नै हुनुपर्ने तर्क गर्छन्। मृत्युदण्ड विश्वबाटै उन्मूलन गर्नुपर्ने पक्षमा वकालत गर्नेहरूले त्यो जङ्गली कानुन, अन्यायपूर्ण, मानव अधिकारको प्रावधानविरुद्ध हुने, 'टिट फर ट्याट' हुन जाने र समाजमा सामाजिक व्यवस्था भत्कने तर्क गर्छन्।

मानव अधिकारको विश्वव्यापी घोषणा (१८४८) को धारा ३ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (१९६६) को धारा ६ समेतले जीवनको अधिकारलाई आधारभूत मानव अधिकार मानेको छ।

विगतमा बेलायती दार्शनिक जोन लक, जे.एस. मिल, ब्याकस्टोन, जेरेमी बेन्थम आदिले सामाजिक न्यायका लागि व्यक्तिको हक, अधिकारको रक्षा हुनुपर्ने कुरामा जोड दिए तर इटालीका लोम्ब्रोसोले भने समाजमा अपराध कम गर्नका लागि अपराधीलाई मार्नै पर्छ भने। मृत्युदण्डको

विरोधमा रहेकाले मृत्युदण्डले निर्दोष मानिसको पनि ज्यान जान सक्ने तर्क गर्छन्।।

बेलायतमा सन् १८८७ मा एडल बेक भन्ने मानिस अपराधी हो भन्दै १७ वर्ष जेल राखेपछि उनी निर्दोष देखिए। सन् १९५० मा तिमोथीलाई फाँसी दिइएपछि उनी निर्दोष प्रमाणित भए। बेलायतमा एक जना पकेटमारलाई लन्डनमा फाँसी दिएर मार्दै गर्दा जम्मा भएको भीडमा अर्को एक जनाको सोही समयमै पकेट मारियो। त्यसपछि बेलायती संसद्ले त्यो तरिकाबाट फाँसी दिने प्रणालीमा पूर्णतः रोक लगाएको थियो।

सन् २००७ को डिसेम्बर १८ मा सयुक्त राष्ट्रसङ्घले विश्वबाटै मृत्युदण्ड उन्मूलन गर्ने घोषणा गऱ्यो। मानव अधिकारसम्बन्धी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो। नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक हुने भनिएको छ। सोही धाराको उपधारा (२) मा 'कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन' पनि भनिएको छ।

विश्वमा घट्दो क्रममा रहेको मृत्युदण्डको प्रावधान नेपालमा अब लागू हुन सक्दैन। सयुक्त राष्ट्रसङ्घको सदस्य नेपालले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनमा हस्ताक्षर गरी अनुमोदन गरेकाले पनि नेपालमा मृत्युदण्डको कानुन निर्माण गरी लागू गर्न असम्भव छ। ■

रोग निम्त्याउने संस्कृति

■ पुष्पराज श्रेष्ठ

खाना नै स्वस्थ छैन भने मानिस निरोगी हुन सक्ने कुरै भएन। नेपालमा रोगीको सङ्ख्या डरलाग्दो किसिमबाट बढिरहेको छ। नयाँ नयाँ रोग देखा परिरहेका छन्।

केही रोगको त कारणसमेत पत्ता लगाउन सकिएको छैन। यस्ता रोग र रोगीको सङ्ख्यामा वृद्धिको एउटा कारण हुन सक्छ हाम्रो खानपान संस्कृतिमा आएको परिवर्तन।

पश्चिमा मुलुकको खाद्य संस्कृति अहिले नेपाली भान्सामा हावी हुन थालिसकेको छ। नयाँ पुस्ताले स्थानीय जातको बिउबाट उत्पादन भएका खाद्य वस्तु, फलफूल वा परिकारको स्वाद नै लिन नपाउने अवस्था सिर्जना भएको छ।

अहिले विभिन्न प्रकारका खाद्यान्न, दलहन, तेलहन, तरकारी र फलफूल कम जग्गामा थोरै बिउको प्रयोग गरेर धेरै परिमाणमा उत्पादन गर्न तथा बेमौसममा पनि फलाउन वर्णशङ्कर बिउबिजन प्रयोग गर्ने गरिन्छ। खाद्यवस्तु उत्पादन गर्न रासायनिक मल र कीटनाशक औषधि अन्धाधुन्ध प्रयोग हुन्छन्। तरकारी र फलफूल छिटो फलाउन, छिटै पकाउन, लामो समयसम्म ताजा राख्न र प्राकृतिक आकर्षक रूपरङ कायम राख्न किसिम किसिमका औषधि प्रयोग हुने गरेको छ।

वर्णशङ्कर जातका भैँसी, जर्सी जातका गाईलाई छिटो र धेरै दूध दिने बनाउनका लागि Recombinant Bovine Somatotropin र Oxytocine हर्मोन दिने गरिन्छ। यो हर्मोन दिइएका गाई र भैँसीबाट उत्पादित दूध मानिसको स्वास्थ्यका लागि हितकारी नहुने अनुसन्धानले सुझाव दिएका छन्।

यस्तै कुखुरा छिटै हुर्काउन विभिन्न थरीका एन्टिबायोटिक्स र हर्मोन खुवाइने गरिन्छ। यसबाट मानव स्वास्थ्यमा असर नपर्ने कुरै भएन।

नेपालमा ५० वर्षअघिसम्म गुड (Jaggary) धेरै प्रयोग हुन्थ्यो। यिनमा प्रशस्त भिटामिन र खनिज पदार्थ हुन्छ।

चिनीको धेरै प्रयोगले मानिसको मोटोपना र शरीरको तौलमा वृद्धि हुने, दाँतमा समस्या आउन सक्ने, छालासम्बन्धी र मुटुसम्बन्धी रोगको जोखिम बढ्नुका साथै मधुमेह, कलेजोको रोग, बिर्सने रोग र डिप्रेसनसम्म हुन सक्ने बताइन्छ ।

अहिलेको पुस्ताले यसको उपयोग धेरै कम गर्छन्, धेरैले देखेका र सुनेका पनि छैनन् होला । यसको सट्टामा चिनी प्रयोग भइरहेको छ । जुन रोगको एक माध्यम हो । त्यसै गरी गहुँको खस्रो पिठोको सट्टामा मसिनो गरी पिसेको पिठो र मैदाको प्रयोग हुन थालेको छ । साथै पोलिस गरिएका तथा बेस्वादका चामल र दाल बजारमा पाइन्छन् ।

गुडको सट्टामा चिनी प्रयोग भइरहेको छ । चिनीको धेरै प्रयोगले मानिसको मोटोपना र शरीरको तौलमा वृद्धि हुने, दाँतमा समस्या आउन सक्ने, छालासम्बन्धी र मुटुसम्बन्धी रोगको जोखिम बढ्नुका साथै मधुमेह, कलेजोको रोग, बिर्सने रोग र डिप्रेसनसम्म हुन सक्ने बताइन्छ । अमेरिकन हार्ट एसोसिएसनले भने अनुसार प्रतिदिन महिलाले २५ ग्राम र पुरुषले ३६ ग्रामसम्म चिनी खान सक्छन् । यो मात्रा चाहिँ कुनै रोग नदेखिएकाका लागि भनिएको हो ।

त्यस्तै वनस्पति घिउको पनि प्रचलन बढेको छ । वनस्पति घिउमा ट्रान्सफ्याटी एसिड (Trans fatty acid) को मात्रा धेरै हुन्छ । यसले खराब कोलेस्टेरोल (Low Density Lipoprotein) बढाउँछ । जसले मुटुको रोग र उच्च रक्तचापको सम्भावना बढ्छ । साथै पेट र पाचनसम्बन्धी समस्या पनि देखा पर्न सक्छ । स्थानीय तोरीको तेल पाउन र प्रयोग दुवै कम हुन थालेको देखिन्छ । तोरीको शुद्ध तेल पाइन नै गाह्रो भएको छ । भटमास, सूर्यमुखी, मकै आदि वस्तु राम्रो भए पनि तिनको तेल धेरै प्रशोधन गरिएका हुन्छन् । यसरी प्रशोधन गर्दा तिनमा भएका पोषक तत्त्व धेरै नाश हुने गर्छ ।

अहिले अधिकतर नेपालीको भान्सामा प्रेसरकुकर उपयोग गरिन्छ । पित्तल, काँसका भाँडा विस्थापित नै भइसके । प्रेसरकुकरमा खाना पकाउँदा वाफको उच्च दबाबले खाना फतक्क गल्छ तर राम्रोसित पाकेको नहुन सक्छ । यस्तै पिउने पानी राख्नका लागि माटाका घैँटा, सुराही, पित्तल र तामाका गाग्री उपयोग हुन्थे । जसमा राखेको पानी प्राकृतिक रूपमै शुद्धीकरण हुने गर्थ्यो । अचेल प्लास्टिक, अल्मुनियम आदि मानव स्वास्थ्यका लागि हानिकारक धातु र वस्तुको उपयोग पानी राख्नका लागि हुने गरेको छ ।

खाना पकाउँदा खाना डढेर भाँडामा नटाँसियोस्, कालो नहोस् भन्ने उद्देश्यले अचेल ननस्टिक भाँडा प्रयोग गरिन थालिएको छ । यस्ता भाँडा बनाउँदा एक किसिमको सिन्थेटिक पोलिमरलाई ननस्टिक कोटिङका रूपमा प्रयोग गरिन्छ । जो खाना पकाउने क्रममा विस्तारै खानामा मिसिन्छ । यसले शरीरमा हर्मोन गडबडी गर्ने र असाध्य रोग लाग्ने सम्भावना बढ्छ ।

रातिको खाना खाएको तीनदेखि चार घण्टापछि सुत्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ किनभने यस अवधिमा पेटभित्रको खाना पचिसक्छ तर अहिले राति अबेरसम्म पार्टीमा जम्ने र रक्सी पिउने चलन मौलाएको छ ।

अचेल अधिकांश होटेल र रेस्टुराँले खाना प्याकिङ गर्न र तातो गरेर राख्नका लागि अल्मुनियम फोयल उपयोग गर्छन् । अल्मुनियम फोयल एक किसिमको न्युरोटक्सिन हो । यसले मस्तिष्कमा प्रतिकूल प्रभाव पार्न सक्छ । यसको प्रयोगबाट अस्टियोपोरोसिस भन्ने हाडसम्बन्धी रोग लाग्न सक्छ । यसबाट पेट, छालासम्बन्धी रोगका साथै क्यान्सर लाग्ने सम्भावना पनि रहने कुरा विभिन्न अनुसन्धानमा औँल्याइएको छ ।

तेल निकालेर खोस्टा बनाएका तिल, ल्वाङ बजारमा यत्रतत्र पाइन्छन् । गहुँ, मकै वा कोदोको रोटी, भुटेको मकै, चिउरा, चना, भटमास, भिजाएको वा तारेको चना/केराउ जस्ता खाजाका वस्तु चाउचाउ, बिस्कुट, कुकिज आदिले विस्थापित भएका छन् । उखुको रस, बेलको सर्बत, गुड वा मिश्री वा सौँफको सर्बत आदि स्वास्थ्यवर्द्धक पेय पदार्थको जानकारी अहिलेको पुस्तालाई छैन । मोही पिउने चलन पनि हरायो । बजारमा पाइने हल्का पेय पदार्थमै अहिलेको पुस्ता रमेको छ । यी यस्ता पानी हुन् जसमा कार्बन डाइअक्साइड ग्यास मिसाइएको र अत्यधिक चिनी हालिएको हुन्छ ।

हल्का पेय पदार्थले दाँतको इनामेलमा हानि पुर्‍याउँछ । यस्ता पेय पदार्थले मानिसमा अपच, ग्यास्ट्रिक, पेट दुख्ने, वमन हुन सक्ने, हाडजोर्नीसम्बन्धी रोग उत्पन्न हुने र बढ्ने हुन सक्छ । विभिन्न भाँडामा प्याक गरिएका आँप, लिची, अनारलगायतका वस्तुको स्वाद भएका रासायनिक पाउडरले बनाइएका पेय पदार्थले पनि यसै गरी मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारिरहेका हुन्छ ।

अहिले परिवारका सबै सदस्य मिलेर आआफ्नो रुचि अनुसार ब्रान्डको रक्सी, बियर, वाइन पिउने चलन बसेको छ । यस्तोलाई सभ्य भन्ने गरिएको छ । धेरै रोगको जननी यो आयातित संस्कृति हो । रातिको खाना खाएको तीनदेखि चार घण्टापछि सुत्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ किनभने यस अवधिमा पेटभित्रको खाना पचिसक्छ तर अहिले राति अबेरसम्म पार्टीमा जम्ने र रक्सी पिउने चलन मौलाएको छ ।

यसर्थ हामीले हाम्रो देशमा पाइने गरेको खाद्यान्न, दलहन, तेलहन, तरकारी, फलफूल उपभोगमा केन्द्रित हुनु पर्दछ । आफ्नै देशको माटो अनुकूल आफ्नै स्थानीय बिउ, श्रम, सिप र वस्तुको उपयोगलाई प्रवर्धन गरिनु हामी सबैको दायित्व हो । बर्सौंदेखिको प्रयोगले प्रमाणित भइसकेका खाद्यवस्तु खान छोडेर बजारमा उपलब्ध खाद्यवस्तुमा रमाउनु भनेको रोगलाई निम्ता दिनु पनि भएकाले परम्परागत खाद्य परम्परा अपनाउनु वेश हुन्छ । ▪

सय वर्षीय धावक

लन्डनमा बस्दा उनी सिख समुदायद्वारा आयोजना गरिएको खेलकुद प्रतियोगिता हेर्न जाने गर्दथे। खेलकुद प्रशिक्षण हेर्दाहेर्दै खेलकुदमा सरिक हुन उनलाई मन लाग्यो।

■ रमेश खनाल

खेलकुदमा इच्छाशक्ति अति महत्त्वपूर्ण हुन्छ। जस्तै मै हुँ भन्ने खेलाडीमा पनि इच्छाशक्ति भएन भने उसले खेल्नै सक्दैन। अतः खेलाडीलाई सधैँ इच्छाशक्ति चाहिन्छ। इच्छाशक्ति छ भने जस्तोसुकै कठिन कार्य फत्ते गर्न सकिन्छ। इच्छाशक्ति छ भने उसलाई उमेरले पनि छेक्न सक्दैन। यसको ज्वलन्त उदाहरण ११४ वर्षीय म्याराथन धावक फौजा सिंह हुन्।

उनले ८९ वर्षको छँदा दौडिन सुरु गरेका थिए। भारतमा उनकी श्रीमती र छोराको एकपछि अर्को गरी निधन भएपछि सिंहलाई डिप्रेसन भएको थियो। विशेष

दौडिँदै आत्मविश्वास बढाउँदै गए। विस्तारै फौजाले लोकप्रियता हासिल गर्न थाले।

सुरु सुरुमा उनको प्रयासलाई व्यर्थ छ भनेर मानिसले गिज्याउँथे तर उनी कसैको कुरा सुन्दैन थिए। आफ्नो दृढ इच्छाशक्तिले उनी एक कुशल धावक बनी छाडे। उनले

गरी छोराको मृत्युमा उनी धेरै चिन्तित भए। खेतमा काम गरिरहेको समयमा आँधीबेहरी चल्दा तीव्र गतिको हावाले उडाएको धातुको टुक्रा लागेर फौजाकै आँखा अगाडि उनको छोराको मृत्यु भएको थियो। त्यसबेला उनका अन्य पाँच छोराछोरी पहिले नै विदेशिएकाले फौजा एक्ला थिए। त्यसैले उनी लन्डनमा आफ्नो कान्छो छोरासँग बस्न गए।

लन्डनमा बस्दा उनी सिख समुदायद्वारा आयोजना गरिएको खेलकुद प्रतियोगिता हेर्न जाने गर्दथे। खेलकुद प्रशिक्षण हेर्दाहेर्दै खेलकुदमा सरिक हुन उनलाई मन लाग्यो। उनलाई सिख म्याराथन धावकले लामो दुरीको दौडमा दौडिन सल्लाह दिए। उनले म्याराथन दौड क्रमशः धेरै अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा भाग लिए। उनको प्रयासको सर्वत्र कदर हुन थाल्यो। उनी दौडिँदा बाटोको दुवै किनारमा उभिएर दर्शकले थपडी बजाएर उनलाई हौसला प्रदान गर्दथे।

उनलाई सन् २०१२ को लन्डन ओलम्पिकमा टर्चवाहकका रूपमा छनोट गरेर उनको सम्मान गरिएको थियो। उनले सय वर्षको हुँदा टोरोन्टो म्याराथन दौड पूरा गरेका थिए। यसबाट उनी म्याराथन दौड पूरा गर्ने सबैभन्दा बुढो खेलाडी भए।

तर उनको उमेर सम्बन्धमा आधिकारिक रेकर्ड नभएको हुँदा गिनिज बुक अफ वर्ल्ड रेकर्डले त्यसलाई

मान्यता दिएन। फौजासँग भएको बेलायतको पासपोर्टमा उनको जन्ममिति सन् १९११ अप्रिल १ तारिख रहेको छ तर भारतका सरकारी अधिकारीहरूले सन् १९११ मा जन्मदर्ता रेकर्ड नै राखिँदैनथ्यो भनेका छन्।

उनी पाँच वर्षको उमेरसम्म हिँड्न सक्दैन थिए। उनका खुट्टा पिटिक्क भाँच्चिएला जस्ता थिए। उनलाई छिमेकीहरू 'डन्ड' भनेर जिस्क्याइ रहन्थे। हिँड्न पनि नसक्ने फौजाले पछि म्याराथन धावक बनेर ख्याति कमाए। उनको म्याराथन दौडमा उत्कृष्ट समय ५ घण्टा ४० मिनेट रहेको छ। उनले यो रेकर्ड टोरोन्टो वाटर फ्रन्ट म्याराथन प्रतियोगितामा बनाएका थिए। लन्डन म्याराथनमा चाहिँ उनले ६ घण्टा दुई मिनेटमा दौड पूरा।

पाको उमेर दौड प्रतियोगितामा उनले बेलायती एथलेटिक्समा थुप्रै कीर्तिमान बनाएका थिए। दुई सय, चार सय, आठ सय, तीन हजार मिटर दौडमा उनले कीर्तिमान बनाएका थिए।

सन् २००० देखि सन् २०१३ सम्म खेलकुदमा उनी सक्रिय रहे। उनी पाँच फिट आठ इन्च अग्ला थिए। उनको तौल ५३ किलो मात्र थियो। मानिसले उनलाई थरीथरीका नामले सम्बोधन गर्दथे। कसैले उनलाई 'रनिङ बाबा' भन्थे, कसैले 'सिंह सुपरमेन' भनी बोलाउँथे।

पाको उमेर दौड प्रतियोगितामा उनले बेलायती एथलेटिक्समा थुप्रै कीर्तिमान बनाएका थिए। दुई सय, चार सय, आठ सय, तीन हजार मिटर दौडमा उनले कीर्तिमान बनाएका थिए।

फौजाले बुढा मानिसको विश्व उमेर समूहको दौडमा पनि कीर्तिमान बनाए। उनले एक सय मिटर दौड २३:१४ सेकेन्ड, दुई सय मिटर दौड ५२:२३ सेकेन्ड, चार सय मिटर दौड दुई मिनेट १३:४९ सेकेन्ड, आठ सय मिटर दौड पाँच मिनेट ३२.१८ सेकेन्ड, एक हजार पाँच मिटर दौड ११ मिनेट २७:८ सेकेन्डमा दौडिए। यसै गरी सन् २०१३ फेब्रुअरी २४ मा हङकङ म्याराथनमा फौजाले १० किलोमिटर दौड एक घण्टा ३२:२८ मा पूरा गरेका थिए।

उनको खानपिन जीवन एकदम सादा थियो। उनी फुल्का रोटी, दाल, हरियो तरकारी, दही, दूध खान्थे। प्रशस्त पानी पिउँथे। चियामा अदुवा राखेर पिउँथे। उनी राति छिटै सुत्थे र बिहान छिटै उठ्थे।

विश्वका सर्वाधिक पाका म्याराथन धावक फौजाको हालै बाटोमा कारले ठक्कर दिँदा निधन भयो। उनी ११४ वर्षका थिए। भारतको स्थानीय सञ्चार माध्यमका अनुसार पन्जाबको जालन्धर नजिकको गाउँमा सडक पार गर्ने क्रममा दुर्घटनामा परेका सिंहको टाउकोमा गम्भीर चोट लागेको थियो। त्यसपछि उपचारका क्रममा उनको निधन भयो। ■

सांस्कृतिक सम्बन्धका सेतु

■ रतन भण्डारी

> सुगौली सन्धिपछि सुदूरपश्चिमको समग्र प्रशासन हेर्न डोटीको सिलगढीमा गौडा स्थापित भयो । गौडामा कार्यरत कर्मचारीहरू सबै काठमाडौँबाट नियुक्त भएर गए ।

नेपाल एकीकरणपछि सुदूरपश्चिम क्षेत्र र काठमाडौँ सम्पर्कमा आए । भूगोल जोडिएको धेरै समय भए पनि जनस्तर र सांस्कृतिक रूपमा सूदूरपश्चिम र काठमाडौँ उपत्यका जोडिन धेरै समय लाग्यो ।

विसं १८४७ मा सुदूरपश्चिम भौगोलिक रूपमा नेपालसँग जोडियो । सांस्कृतिक रूपमा जोडिन भने लामो समय कुर्नु पर्‍यो । सांस्कृतिक रूपमा सुदूरपश्चिमलाई काठमाडौँसँग जोड्ने कार्यको थालनी जनकविकेशरी धर्मराज थापाबाट भयो । उसो त प्रधानमन्त्री जङ्गबहादुरले काठमाडौँमा फागु र बिहेमा हुने नाचगानमा डोटीबाट पातरहरू नबोलाएका होइनन् तर त्यसले समग्र सुदूरपश्चिमलाई सांस्कृतिक रूपमा काठमाडौँसँग जोड्न सकेको थिएन ।

राणाकालको अन्त्य भई २००७ सालको क्रान्तिबाट प्रजातन्त्र आइसक्दा पनि सुदूरपश्चिमबाट मुद्दा मामिला, जागिर र राजनीतिको सिलसिलामा सीमित मानिसको काठमाडौँ आउजाउ त भयो तर जनस्तरमा सबै काठमाडौँसँग जोडिएका थिएनन् ।

कुमाउ गढवाल, काँगडासम्मको पश्चिमी एकीकरण अभियानमा बझाङ, दर्ना, थलारा, बाजुरा राज्यको सहयोग रह्यो । बझाङका राजा इन्द्र सिंहले एकीकरण अभियानका क्रममा आफैँ कुमाउ पुगेका थिए ।

राजकुमार छँदा इन्द्र सिंह १४ वर्ष काठमाडौँको कान्तिपुर दरबारमा बसेको इतिहास छ । उनले कान्तिपुर आएर शाहवंशीय राजाहरूसँग निकट सम्बन्ध स्थापित गरेका थिए ।

सुगौली सन्धिपछि सुदूरपश्चिमको समग्र प्रशासन हेर्न डोटीको सिलगढीमा गौडा स्थापित भयो । गौडामा कार्यरत कर्मचारीहरू सबै काठमाडौँबाट नियुक्त भएर गए । त्यस क्रममा सुदूरपश्चिम र काठमाडौँका उच्च घरानाबीच वैवाहिक सम्बन्ध पनि सुरु भइसकेको थियो ।

नेपाल एकीकरणमा साथ दिएको र कान्तिपुर दरबारसँग सम्बन्ध स्थापित गरेका कारण बझाङका राजा इन्द्र सिंहका छोरा राजकुमार गजराज सिंहको विवाह राजा गीर्वाणयुद्धविक्रम शाहकी शाहजादी सरस्वतीकुमारीसँग भयो । दाइजोमा उनले तत्कालीन धादिङ हाल नुवाकोटको तारुका र बट्टारमा बिर्ता पाइन् । बनेपासमेत उनलाई दिइयो ।

पश्चिम अभियानका कमान्डर बडाकाजी अमरसिंह थापाले समेत एउटा विवाह डोटीबाट गरेका थिए । उनकी ती कान्छी श्रीमतीको नाम लालवतीदेवी थियो । प्रधानमन्त्री जङ्गबहादुर राणाकी रानीसमेत डोटीकी थिइन् । पछि प्रधानमन्त्री जङ्गबहादुर राणाका दुइटी छोरी रुद्रकुमारी र मेघकुमारीको विवाह बझाङका राजा भूपेन्द्र सिंहका छोरा विक्रमबहादुर सिंहसँग भयो । रुद्रकुमारी जयपृथ्वीबहादुर सिंहकी आमा हुन् भने मेघकुमारी जयपृथ्वीका सौतेला भाइ देवीजङ्गबहादुर सिंह (जयपृथ्वीपछि बझाङका राजा) की आमा हुन् ।

एकीकरणपछि सुदूरपश्चिमको मुख्य मुकाम डोटीको सिलगढी थियो । सिलगढीमा चौतरिया पुष्कर शाहले काठमाडौँको कला संस्कृति झल्कने गरी मठमन्दिर, घर, दरबार निर्माण गरे । पछि व्यापारको सिलसिलामा भक्तपुर, दोलखा, बागलुङ र पाल्पामा पहिल्यै बसाइँ सरेका नेवार समुदायसमेत सिलगढी पुगे । उनीहरूले त्यहाँ व्यापार व्यवसाय चलाए । त्यहाँबाट केही नेवार व्यापारी बझाङसमेत बसाइँ सरेका थिए ।

यसरी सुदूरपश्चिमबीच काठमाडौँ सुदूरपश्चिमबीच प्रशासनिक तथा उच्च घरानाबीच वैवाहिक सम्बन्ध स्थापित भए पनि जनस्तरमा कुनै सम्बन्ध थिएन । राणाकालको अन्त्य भई २००७ सालको क्रान्तिबाट प्रजातन्त्र आइसक्दा पनि सुदूरपश्चिमबाट मुद्दा मामिला, जागिर र राजनीतिको सिलसिलामा सीमित मानिसको काठमाडौँ आउजाउ त भयो तर जनस्तरमा सबै काठमाडौँसँग जोडिएका थिएनन् ।

उसो त सन् १८७६ मै वेल्सका राजकुमार अल्बर्ट एडवर्ड सिकार खेल्न कञ्चनपुर आएका थिए । उनले प्रधानमन्त्री जङ्गबहादुरसँग बेलडाडी र वनबासामा सिकार खेले । त्यसपछि प्रधानमन्त्री वीरशमशेरका पालामा सन् १८९३ मा सिकार खेल्न कञ्चनपुर आएका अस्ट्रियाका राजकुमार आर्कड्युक फ्रान्ज फर्डिनान्डले १७ वटा बाघ मारेका थिए । पछि उनै राजकुमार फर्डिनान्डको हत्याका कारण पहिलो विश्वयुद्ध भएको थियो ।

२००७ सालको खुला राजनीतिक वातावरणपछि

नामक पुस्तक प्रकाशित गरेका थिए। जनकविको लेखाइ अनुसार गाउँको बसाइ सुखद भएन छ। बास बस्न मुखिया (जिम्मुवाल) गिरी भण्डारीको घरमा पुग्दा उनलाई मुखिनीले बास दिइन छन्। थापाले लेखे अनुसार त्यसै दिन मुखिया भण्डारीलाई डोटीका बडाहाकिमले सरकारिया अभियोगमा गिरफ्तार गरेर सिलगढी लगेका रहेछन्। श्रीमान् पक्रेर डोटी लगेको झोँकमा रहेकी मुखिनीले बास माग्न आउने पाहुनालाई पनि सरकारी मानिस नै भन्ठानिछन् र बास दिइन छिन्।

यसरी पहिलो पटक काठमाडौँसँग सुदूरपश्चिमलाई सांस्कृतिक रूपमा जोड्न सुदूरपश्चिम पुगेका जनकविकेशरी धर्मराज थापाले त्यस क्रममा स्थानीय युवालाई समेत

२०१३ सालमा टोनी हेगन बझाङको सत्यवादी स्कुल पुगेका थिए। उनले त्यस क्रममा खिचेको भिडियो अहिले पनि सामाजिक सञ्जालमा हेर्न सकिन्छ। स्थानीयस्तरमा योगी नरहरिनाथ र बझाङका राजा रामजङ्गबहादुर सिंहले सुदूरपश्चिमको इतिहासमा कलम चलाए। २०१३ सालमा तत्कालीन राजा महेन्द्र सुदूरपश्चिमको भ्रमणका सिलसिलामा कैलाली, डडेलधुरा, बैतडी र डोटी पुगेका थिए।

त्यति बेलासम्म पनि सुदूरपश्चिम काठमाडौँसँग सांस्कृतिक रूपले जोडिएको थिएन। पछि सुदूरपश्चिमलाई काठमाडौँसँग जोड्ने सांस्कृतिक पुलको काम गरे जनकवि धर्मराज थापाले।

२००७ सालका क्रान्ति योद्धा डोटीका डा. केआई सिंहको व्यक्तित्वबाट जनकविकेशरी थापा निकै प्रभावित थिए। त्यसैले थापाले डा. केआई सिंहबारे गीत नै रचना गरी रेकर्ड गरेका थिए। गीत यस्तो थियो, 'क्रान्तिकारी हे वीर केआई सिंह कहाँ गयौं झ्यालखाना तोडेर ...।' पछि २०१५ सालको पहिलो आमनिर्वाचनमा डा. केआई सिंहको संयुक्त प्रजातन्त्र पार्टीको चुनावी गीत– 'धानको बाला झुल्यो हजूर देशै रमाइलो ...' गीतका रचनाकारसमेत धर्मराज थापा थिए।

त्यसपछि जनकविकेशरी धर्मराज थापाले लोकगीत सङ्कलनका क्रममा पहिलो पटक सुदूरपश्चिम भ्रमण गरेका थिए। त्यस क्रममा थापा बझाङ, बाजुरा, अछाम, डोटी, डडेलधुरा र बैतडी पुगे। त्यस भ्रमणपश्चात् थापाले 'मेरो नेपाल भ्रमण अभ्येषणापूर्ण लोकसंस्कृति र लोकगीत' को

काठमाडौँ आएर रेडियो नेपालमा गीत गाउन हौस्याए छन्। त्यस क्रममा जनकविको सम्पर्कमा आएका बझाङका परिमल स्नेही र डोटीका धनबहादुर मल्ल पछि रेडियो नेपालमा गीत गाउने पहिलो सुदूरपश्चिमेली कलाकार नै बने।

त्यसपछि पनि जनकविले फेरि सुदूरपश्चिम भ्रमण गरे। उनले २०१७ सालमा प्रकाशित बझाङका लेखक जबरे धामीको 'जालपादेवीको इतिहास' नामक पुस्तकमा २०१५ चैत १६ गतेको मितिमा भूमिका लेखेका छन्।

बझाङका लेखक मानबहादुर सिंह पहाडीले आफ्नो पुस्तक 'थली' मा २०२३ सालमा जनकवि केशरी धर्मराज थापा मकर सङ्क्रान्तिको पवित्र मेला बुङ्गल त्रिवेणीमा आएको भनेर लेखेका छन् ।

२०२४ सालको विकासोन्मुख नेपाल, वर्ष ५, अङ्क २ मा जनकविकेशरी धर्मराज थापाको दार्चुला भ्रमणसम्बन्धी यात्रा संस्मरण प्रकाशित छ । ब्यास गर्खाको 'लोकसंस्कृति' शीर्षकको यात्रा संस्मरणमा थापा २०२३ सालको मङ्सिरमा भारतको पिथौरागढ हुँदै जोलजीवी भएर दार्चुला पुगेका रहेछन् ।

यात्रा संस्मरणमा थापाले दार्चुलाको कला संस्कृतिबारे विस्तृत सामग्री पस्केका छन् । खासगरी हाल भारतद्वारा अतिक्रमित नेपालको ब्यास गाउँपालिकाका बासिन्दा ब्यासी सौका समुदायको देशभक्तिलाई जनकविकेशरी थापाले प्रत्यक्ष अनुभूत गरेको उल्लेख छ। ब्यासी सौका समुदायद्वारा अभिव्यक्त देशभक्तिलाई शब्दचित्रमा उनले उतारेका छन् ।

जनकविकेशरी थापाले शब्दचित्रमा उतारेको ब्यासी सौका समुदायको राष्ट्रिय भावनाको गीतको सार :

फूल जस्तै फुलेको देशको लामो होइजाउ आयू ... छ ।

स्थानीय भाषामा रहेको उक्त गीत यस्तो छ :

ईङ्ग देश नेपाल इन लै नेपाली
जन्म ईङ्गे हिमाल गै गोडा
सोङ, ईङ्ग तिङ्कर चौध हजार थैड
वसती ईङ्ग हिमाल यै गोड
सोङ् ईङ्ग तिङ्कर हिमालय गुन्दा
जन पन ली रिन् छम् ऐ इङ्गे धन्डा
अंचल महाकाली जिल्ला दार्चुला
पञ्चायत ईङ्ग ब्याँस विहांड
पलती फापर उवा र नपल
एक तुल्या भूमि ईङ्ग तिहांड
आवागमन ऐनाची चारी
छ महीना वर्षा छ महीना हिउँद
आधार ईङ्गे तिग्गै वेपार
उद्योग ईङ्ग अति अपार !

भावार्थ- हाम्रो देश नेपाल र हामी (नेपाली सबै) हिमालयको काखमा जन्म भयौं । हाम्रो गाउँ टिङ्कर चौध हजार फुट अग्लो, हिमालयकै गोडामा बसेको छ । हाम्रो गाउँ चारैतिर हिमालयको माझमा छ। हाम्रो उद्योगधन्दा कृषि र व्यापार हो। हामी महाकाली अञ्चलभित्रको जिल्ला दार्चुला अन्तर्गत ब्यास पञ्चायतभित्रका हौं । हाम्रो गाउँमा फापर, उवा, नपलभ भन्ने तीन थरी अन्न मात्र फल्दछ । हामी छ महिना हिउँद दार्चुलासम्म र छ महिना वर्षा माथि ब्यास गर्दै जीवन बिताउँछौं ।

२०१५ र २०२३ सालमा दुई पटक सुदूरपश्चिम भ्रमणसहित जनकविकेशरी धर्मराज थापाले भ्रमणका क्रममा सङ्कलन गरेका लोकगीत पुस्तकका रूपमा प्रकाशित गरेका र त्यहाँ सुनेका लोकभाकालाई आफ्नो स्वरमा गाएका छन्। तीमध्ये जनकविकेशरी धर्मराज थापाले गाएको 'रेसमले नानी यो पिरती नौलो ...' बोलको गीत सुदूरपश्चिमको भाका र शब्दमा आधारित छ ।

मन्दिरको विषयमा लडाइँ

दुवै देशले एकअर्काविरुद्ध अत्याधुनिक हतियार प्रयोग गर्न थालेपछि सीमा क्षेत्र प्रतिबन्धित गरियो । कम्बोडियाले थाइल्यान्डबाट फलफूल र तरकारी आयात रोक्यो, बिजुली र इन्टरनेट सेवा लिन बन्द गर्‍यो ।

■ रामप्रसाद आचार्य

दक्षिणपूर्वी एसियामा पर्ने छिमेकी मुलुकहरू थाइल्यान्ड र कम्बोडियाबीच पाँचदिने युद्ध भएको छ । वर्षौंदेखिको सीमा विवादलाई लिएर गएको साउन ८ गते सुरु भएको युद्ध साउन १२ गते मध्यरातमा अन्त्य भयो ।

मलेसियाको मध्यस्थतामा थाइल्यान्ड र कम्बोडियाबीच शान्तिवार्ता भएको थियो । मलेसियाका प्रधानमन्त्री अनबर इब्राहिमको पहलमा थाइल्यान्डका कार्यवाहक प्रधानमन्त्री पुमताम वेचयचाई र कम्बोडियाका प्रधानमन्त्री हुन मानेतबीच भएको शान्तिवार्ता सफल भई बिनासर्त युद्धविराम गरियो । यस युद्धमा दुवै देशका गरी ३५ जना सैनिक र गैरसैनिकको मृत्यु भयो भने दुई सयभन्दा बढी घाइते भए । सीमा क्षेत्रका दुई लाखभन्दा बढी बासिन्दा विस्थापित भएका थिए ।

विवादित सीमावर्ती क्षेत्रमा साउन ८ गते कम्बोडियाले रकेट प्रहार गर्दा थाइल्याडका एक सैनिकसहित १२ नागरिक मारिएपछि थाइल्यान्डको सेना प्रत्याक्रमणमा उत्रेको थियो । यो घटनाको एक दिनअघि सीमामा भएको बारुदी सुरुङ विस्फोटमा एक थाई सैनिक घाइते भएका थिए । त्यसपछि थाइल्यान्डले कम्बोडियाबाट आफ्ना राजदूत फिर्ता बोलायो ।

दुवै देशका सैनिकबीच साउन ८ गते बिहानैदेखि सीमा क्षेत्रमा गोली हानाहान भयो । थाइल्यान्डले कम्बोडियाको सैन्य अखडामा विमानद्वारा बम खसाल्यो । त्यसपछि कम्बोडियाले थाइल्यान्डसँगको कूटनीतिक सम्बन्ध घटाउँदै अत्यधिक बल प्रयोग गरेको आरोप लगाएर संयुक्त राष्ट्रसङ्घमा उजुरी गर्‍यो । यसबीच चीनले दुवै देशलाई वार्ताबाट विवाद समाधान गर्न अपिल गर्‍यो । अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले तत्काल युद्धविराम गर्न दबाब दिए ।

दुवै देशले एकअर्काविरुद्ध अत्याधुनिक हतियार प्रयोग गर्न थालेपछि सीमा क्षेत्र प्रतिबन्धित

गरियो । कम्बोडियाले थाइल्यान्डबाट फलफूल र तरकारी आयात रोक्यो, बिजुली र इन्टरनेट सेवा लिन बन्द गर्‍यो । दुवै देशले सीमामा सैनिक तैनाथी पनि बढाएका थिए ।

सीमाका छ क्षेत्रमा हिंसात्मक घटना भए । पहिलो भिडन्त सुरिन र कम्बोडियाको ओद्दार मिनचे प्रान्तको सिमानामा रहेको प्राचीन ता मुएन थोम मन्दिर नजिकैको क्षेत्रमा भएको थियो । थाइल्यान्ड र कम्बोडियाका सैनिकले तुलनात्मक रूपमा सानो तर विवादित सीमा क्षेत्रमा एकअर्कातिर गोली हानाहान गरेपछि मे महिनामा विवाद चुलिएको थियो । उक्त क्षेत्रलाई दुवै मुलुकले आफ्नो भएको दाबी गर्छन् ।

साउन ८ गतेदेखि थाई अधिकारीले सीमा पूर्ण रूपमा बन्द गरे । त्यसको प्रतिवादमा कम्बोडियाले पनि थाई चलचित्र र टिभी कार्यक्रममा प्रतिबन्ध लगायो । दुवै पक्षको राष्ट्रवादी भावनाले स्थितिलाई थप उत्तेजित बनायो ।

थाइल्यान्ड र कम्बोडियाले आठ सय किलोमिटरभन्दा बढी लामो सीमा साझा गर्छन्। फ्रान्सेली औपनिवेशिक शासन अन्तर्गत सन् १९०७ मा बनाइएको नक्साले कम्बोडिया र थाइल्यान्डको सीमा क्षेत्र प्रस्ट्याएको थियो। कम्बोडियाले त्यस क्षेत्रलाई दाबी गर्न सोही नक्सा प्रयोग गर्दै आएको छ भने थाइल्यान्डले नक्सा गलत भएको तर्क गरिरहेको छ।

दुवै देशबीच मुख्य लडाइँ एक हजार वर्ष पुरानो प्रेहबिहार वरपर भएको छ। सन् १९६२ मा अन्तर्राष्ट्रिय न्यायालयले बिहार क्षेत्रमा कम्बोडियाको सार्वभौमिकता रहेको बताएको थियो। यो निर्णयले दुवै देशबीच द्विपक्षीय सम्बन्धमा ठूलो खलल पुऱ्यायो। सन् २०११ मा दुवै देशका सेनाबीच यस विषयलाई लिएर छोटो अवधिको झडप भएको थियो। अनि कम्बोडिया यस मुद्दालाई लिएर अदालत गयो। उक्त झडपमा करिब २० जनाको मृत्यु भयो र हजारौँ विस्थापित भएका थिए। अदालतले सन् २०१३ मा कम्बोडियाको पक्षमा फैसला सुनाएको थियो। कम्बोडिया सीमा विवाद समाधान गर्न फेरि अन्तर्राष्ट्रिय अदालतमा पुगेको छ तर थाइल्यान्डले अदालतको क्षेत्राधिकारलाई अस्वीकार गरेको छ।

कम्बोडिया र थाइल्यान्डबीच झन्डै सय वर्षदेखि सीमा विवाद थाती रहेको छ। कम्बोडिया सन् १९५३ मा फ्रान्सबाट स्वतन्त्र भएको थियो। त्यतिबेलै दुई देशबीचको सीमारेखा कोरियो। सन् २००८ मा कम्बोडियाले ११ औँ शताब्दीको मन्दिरलाई युनेस्को विश्व सम्पदासूचीमा

दर्ताको प्रयास गरेपछि दुई देशबीचको विवाद उत्कर्षमा पुगेको थियो। त्यसयता दुई देशबीच बेलाबेला झडप हुने गरेको छ।

विवादमा रहेको ११ सय वर्ष पुरानो शिव मन्दिरलाई 'प्रेह विहेर' भनेर चिनिन्छ। यो मन्दिर खमेर सम्राट सूर्य वर्मनले भगवान् शिवका लागि बनाएका थिए तर समयसँगै यो मन्दिर आस्थाको केन्द्र मात्र नभएर राष्ट्रवाद, राजनीति र सैन्य शक्तिको अखडा पनि बन्न पुगेको छ।

गत जुलाई २ मा थाइल्यान्डका प्रधानमन्त्री पेटोन्टार्न सिनावात्रालाई अदालतले निलम्बन गऱ्यो। कारण के थियो भने उनले एक फोन कलमा कम्बोडियाका एक वरिष्ठ नेतालाई काका भनेर सम्बोधन गरेकी थिइन्।

त्यो पनि त्यतिबेला जब सीमामा अवस्था निकै तनावपूर्ण थियो। यो वार्तालाप बाहिरिएपछि जनताले

सेवानन्द र विचित्र कुमारीको बिहे

भारतको उत्तर प्रदेशको हमिरपुर जिल्लामा एक जोडी कुकुरबीच भव्य विवाह भएको छ।

बिहेको आयोजना बालयोगी जुना अखडाका साधु श्री श्री १००८ सन्तोषानन्द महाराजले गरेका थिए। हामीले मान्छेको बिहे त अनेक खालका देखेकै छौँ। कहिलेकाहीँ धार्मिक विश्वासमा जनावरका बिहे पनि गरिदिने चलन छ। पानी पार्नका लागि भ्यागुताको बिहे गरिदिने चलन हामीले सुनेको, देखेकै छौँ।

एक जोडी कुकुरबीच त्यहाँ धुमधामसँग हिन्दु परम्परा अनुसार विवाह भयो। बिहेका लागि मण्डप तयार पारेर बिहेअघिका संस्कार पनि सम्पन्न गरिएको थियो। बिहेको दिन बाजागाजासहित भव्य रूपमा जन्ती निस्केर बेहुली विचित्र कुमारीलाई अन्माउने कार्य सम्पन्न भयो।

सन्तोषानन्द महाराजले सेवानन्द नामक कुकुर पालेका थिए। उनले उसैको बिहे गरिदिएका हुन्। बेहुली कुकुर विचित्र कुमारी चाहिँ मुसाही मौजा गाउँका सन्त लक्ष्मण नन्दले पालेका हुन्। सेवानन्द र विचित्र कुमारीको बिहेमा सयौँ मानिस भेला भएका थिए।

यस्तो खालको कुकुर विवाहको समाचारप्रति मानिसले विभिन्न खालका प्रतिक्रिया जनाएका छन्। कतिपयले यसलाई हास्यास्पद भनेका छन् भने कतिले उक्त कार्यलाई पशु प्रेम, पर्यावरण र जीवनप्रतिको संवेदनशीलता अभिव्यक्त गर्ने उदाहरणका रूपमा व्याख्या गरेका छन्। ■

यसलाई राष्ट्रिय स्वाभिमानविपरीत ठाने। केही समयमै यो राजनीतिक आँधीमा परिणत भयो र प्रधानमन्त्रीले आफ्नो कुर्सी गुमाउनु पर्‍यो।

कम्बोडियाले यो मन्दिर आफ्नो क्षेत्रभित्र रहेको दाबी गरेको छ भने थाइल्यान्डले मन्दिरको केही भाग आफ्नो सुरिन प्रान्तमा पर्ने बताउँछ। वास्तवमा यो मन्दिर डाङ्ग्रेक पहाडमा एक रणनीतिक क्षेत्रमा अवस्थित छ। जहाँ एक पटक ऐतिहासिक खमेर राजमार्ग बनेको थियो। जसले आजको अङ्गकोर (कम्बोडिया) लाई फिमाई (थाइल्यान्ड) सँग जोडेको छ।

यो विवाद २० औँ शताब्दीको सुरुबाट सुरु भएको मानिन्छ। सन् १९०४ मा प्राकृतिक जलविभाजनका आधारमा सीमा निर्माण गर्ने निर्णय भएको थियो। फ्रान्सेली उपनिवेशवादीहरूले सन् १९०७ मा तयार गरेको नक्सामा उक्त मन्दिर कम्बोडियामा देखाएका थिए। थाइल्यान्डले यसलाई स्वीकार गरेको पनि थियो तर सन् १९३० मा थाइल्यान्डले विरोध गर्‍यो। जुन धेरै ढिलो थियो र अन्तर्राष्ट्रिय न्यायालयले यो विरोध अस्वीकार गरिदियो।

सन् १९६२ मा अन्तर्राष्ट्रिय अदालतले कम्बोडियालाई मन्दिरको अधिकार दिएको थियो। यद्यपि थाइल्यान्डले यो निर्णयलाई पूर्ण रूपमा स्वीकार गरेन र अझै पनि मन्दिर छेउछाउको क्षेत्रमा आफ्नो दाबी कायम राखेको छ। २००८ मा जब कम्बोडियाले मन्दिरलाई युनेस्को विश्वसम्पदा स्थलमा समावेश गरायो त्यसयता दुई देशबीचको तनाव झनै बढेको छ।

सन् २००८–२०११ को बीचमा मन्दिरका लागि धेरै झगडा भएको थियो। २०११ मा त्यहाँ एक हप्तासम्म भारी गोली हानाहान भयो।

सन् २०२५ को मेमा स्थिति एक पटक फेरि बिग्रियो। थाइल्यान्डले दाबी गर्‍यो, कम्बोडियन ड्रोन निगरानी गतिविधि आफ्नो क्षेत्रमा भयो। यसपछि दुई देशबीच रकेट फायर र हवाई हमलाको खबर बाहिर आयो।

दुई देशबीच तीर्थयात्रीका लागि संयुक्त सम्झौता पनि भएको थियो तर मन्दिरको सन्दर्भमा सैन्य शक्ति प्रदर्शनले दुवै पक्षमा राष्ट्रवादी भावना जन्माएको छ। सन् २०२५ को फेब्रुअरीमा कम्बोडियाली सैनिकले मन्दिर क्षेत्रमा प्रवेश गरेर राष्ट्रिय गान गाए र थाई सेनालाई खुला चुनौती दिए। अप्रिलमा दुई देशबीच स्थानीय तहमा सम्झौता पनि भयो तर त्यो अल्पकालीन रह्यो। ■

महिनाको खेलाडी

रिया श्रेष्ठ (बुद्धिचाल खेलाडी)

यस वर्ष घरेलु बुद्धिचालमा नयाँ महिला चेस खेलाडीको उदय भयो रिया श्रेष्ठको नाममा। पछिल्ला दुई महिनामा लगातार दुई उपाधि जितेर रिया घरेलु बुद्धिचालमा छाइन्। प्रथम जुनियर राष्ट्रिय चेस च्याम्पियनसिपमा रिया सात चरणमा अपराजित रहँदै च्याम्पियन बनिन्। त्यसपछि उनले मङ्गलादेवी सिंह स्मृति दोस्रो ओपन फिडे रेटिङ चेस प्रतियोगिता–२०८२ को उपाधि पनि जितिन्। प्रतियोगिता जितेर रियाले सिनियर प्रतियोगिताका लागि आफू तयार मात्र होइन उपाधिकै दाबेदार हो भन्ने सन्देश दिइन्। रियाले यो प्रतियोगिताको पहिलो संस्करण पनि जितेकी थिइन्।

अन्तरस्कुल प्रतियोगितासमेत उनले धेरै जितिन्। १५ वर्षकी रियाले अहिले सिनियरस्तरमा पनि आफ्नो नाम बनाउन थालेकी छन्। सन् २०२२ मा पहिलो पटक राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा सहभागी हुँदा नै रिया चौथो भएकी थिइन्। रियाले अहिलेसम्म एउटा अन्तर्राष्ट्रिय प्रतियोगिता मात्र खेलेकी छन्। काठमाडौँमा भएको दक्षिण एसियाली महिला चेस च्याम्पियनसिप (एसएसिसी) मा रियाले छैटौँ स्थान हासिल गरेकी थिइन्। सो प्रतियोगितामा उनको खेल हेरेर सबैले रियालाई भविष्यको राष्ट्रिय च्याम्पियन भनेका थिए।

रियाले अहिलेसम्म देशबाहिर गएर खेलेकी छैनन्। यद्यपि उनी गत वर्ष हङ्गेरीमा सम्पन्न ४५ औँ ओलम्पियाडमा खेल्न चयन भएकी थिइन् तर नेपाली बुद्धिचाल टोलीले हङ्गेरीको भिसा पाएन। ओलम्पियाड हरेक चेस खेलाडीको सपना हो। सानै उमेरमा ओलम्पियाड खेलाडी बन्ने अवसर पाएकी रियालाई भाग्यले भने साथ दिएन।

नेपालमा चेस गतिविधि धेरै भइरहेको छ। हरेक हप्ता विद्यालयदेखि राष्ट्रव्यापीस्तरका प्रतियोगिता हुन्छन्। विदेशी 'एक्सपोजर' पनि बेलाबखतमा भइरहेको छ। नेपालले विश्व चेसको सबभन्दा ठूलो प्रतियोगिता ओलम्पियाडमा पनि भाग लिँदै आएको छ। महिला चेस खेलाडीले समर्पित भई यस खेलमा निरन्तर लाग्न चाहिँ सकिरहेका छैनन्। रिया भने नेपाली चेसमा लामो रेसको घोडा बन्न चाहन्छिन्। चेसप्रतिको अथाह चाहना र चेस खेल्ने पारिवारिक वातावरण भएकाले रिया आफू पछिसम्म चेसमा लाग्ने बताउँछिन्।

रियाका बुवा केशव श्रेष्ठ नेपालका पूर्वराष्ट्रिय च्याम्पियन हुन्। केशव अहिले पनि एक प्रशिक्षक र प्रशासकका रूपमा घरेलु बुद्धिचालमा सक्रिय छन्। त्यसैले चेस खेलमा पहिलो रस रियामा घरबाट छिर्‍यो। रिया आफ्ना बुवा केशवलाई आदर्श पनि मान्छिन्। रिया भन्छिन्, "मेरा आमाबावु दुवैले चेस खेल्थे। म उहाँहरूलाई हेरेर प्रेरित भएँ। सानोमै थाहा नहुँदै चेस खेल्न थालेँ।"

अहिले त चेस रियाको जीवनको एक अभिन्न हिस्सा नै भएको छ। रिया आफ्नो दैनिकी, पढाइबाहेक हरेक दिन

करिब आधा घण्टा अनलाइन चेस अभ्यास गर्छिन्। प्रतियोगिता भएका बेला बुवाबाट पनि सैद्धान्तिक र व्यावहारिक सहयोग लिन्छिन्। कुनै खेल सकिएपछि स्कोरसिट लिएर बुवालाई गल्ती कमजोरी देखाएर सुधार्न लगाउँछिन्।

अहिले विज्ञान विषय लिएर ट्रिनिटीमा प्लस टु अध्ययन गर्न लागेकी रियाले चेसले पढाइमा पनि निकै सहयोग गर्छ भन्छिन्। नयाँ पुस्ताका लागि चेस महत्त्वपूर्ण छ। चेस खेल्नेको आइक्यु राम्रो हुन्छ। उनीहरूले सजिलै आफ्नो पढाइ पूरा गर्न सक्छन्, रियाको भनाइ छ।

रियाको अर्को सपना भने चेस उपाधि प्राप्त गर्ने हो। रिया कम्तीमा डब्लु आइएम बन्न चाहन्छिन्। चेसमा सिएम, एफएमपछिको उपाधि हो आइएम। आइएमपछि ग्रान्डमास्टर (जिएम) को पदवी पाइन्छ। रियालाई आइएम बन्न अझ धेरै मेहनत गर्नुपर्ने थाहा छ। उनी अहिले आफ्नो बलियो पक्षलाई अझै तिखार्दै कमजोरीलाई सुधार गर्दै लान चाहन्छिन्। ■

–प्रजित शाक्य

वीर फाइटर ढाँट

ढाँटले गरेको लगातारको प्रहारपछि कोरेन तेस्रो चरणबाटै अगाडि बढ्न सकेनन्। रेफ्रीले उक्त फाइट रोक्दै ढाँटलाई टेक्निकल नकआउट (टिकेओ) द्वारा विजेता घोषणा गरेका थिए।

बझाङका रवीन्द्र ढाँट म्याट्रिक्स फाइट नाइट (एमएफए १७) मा बेन्टमवेट च्याम्पियन बन्ने। भारतको नोयडामा गत साउन १७ गते सम्पन्न एमएफएनमा गत विजेता भारतीय चुनरेङ कोरेनलाई ढाँटले हराएका थिए।

बझाङको बित्थडचिर गाउँपालिकाका उनी उक्त प्रतियोगिता जित्ने पहिलो नेपाली फाइटर हुन्। ढाँटले गरेको लगातारको प्रहारपछि कोरेन तेस्रो चरणबाटै अगाडि बढ्न सकेनन्। रेफ्रीले उक्त फाइट रोक्दै ढाँटलाई टेक्निकल नकआउट (टिकेओ) द्वारा विजेता घोषणा गरेका थिए। यस जितसँगै रवीन्द्रको व्यावसायिक कीर्तिमान ८-१ भएको छ।

■ सोमराज पोखरेल

कोरेन ‘दी इन्डियन राइनो’ उपनामले परिचित छन्। उनी यस भिडन्तपहिले लगातार पाँच पटकका च्याम्पियन हुन्।

ब्राजिललाई कोपा अमेरिका

ब्राजिलले महिला कोपा अमेरिका फुटबलको उपाधि जितेको छ। यो ब्राजिलको कीर्तिमानी नवौँ उपाधि भएको छ। फाइनलमा कोलम्बियालाई ब्राजिलले पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गरेको थियो।

छ पटक विश्वको सर्वोत्कृष्ट खेलाडी घोषित भइसकेकी ३९ वर्षीय मार्टाले खेलमा दुई गोल गरिन्। उनले इन्जुरी समयको छैटौँ मिनेटमा गोल गर्दै आफ्नो

टिमलाई निर्धारित ९० मिनेटमा ३–३ गोलको बराबरीमा ल्याएकी थिइन् ।

अतिरिक्त समयमा एक गोल जोड्दै उनले ब्राजिललाई पहिलो पटक अग्रता दिलाइन् तर कोलम्बियाकी लेइसी सान्टोसले बराबरी गोल गर्दै खेल ४–४ बनाइन् । पेनाल्टी सुटआउटमा ब्राजिलकी गोलकिपर लोरेना डा सिल्भाले दुई प्रहारमा गोल हुन नदिएर आफ्नो टिमलाई लगातार पाँचौं तथा समग्रमा नवौं पटक कोपा अमेरिका महिला फुटबलको उपाधि दिलाइन् ।

विश्वकपमा छ पटक र ओलम्पिकमा पनि छ पटक खेलेकी मार्टाले ब्राजिलका लागि २०६ खेलमा १२२ गोल गरेकी छन् ।

पहिलो संस्करणको आयव्यय विवरण सार्वजनिक गर्दै क्यानले पहिलो संस्करणमा कुल आम्दानी २७ करोड ६९ लाख ६४ हजार ८१८ रुपियाँ गरेकामा सबै खर्च कटाएर साढे दुई करोड नाफा गरेको जानकारी दिएको छ ।

ब्राजिलकी अमान्डा गुटिएरेस प्रतियोगितामा कुल छ गोल गरेर पाराग्वेकी क्लाउडिया मार्टिनेजसँगै सर्वाधिक गोलकर्ता भइन् ।

उपाधिका लागि हुने भिडन्तमा ब्राजिल र कोलम्बिया चिरपरिचित प्रतिस्पर्धी हुन् । ब्राजिलले फाइनलमा चारै पटक कोलम्बियालाई हराएको छ । कोपा अमेरिका सन् १९९१ देखि खेल्न थालिएको हो । जसमा १० संस्करण भएका छन् । अर्जेन्टिनाले एक पटक उपाधि जितेको छ । बाँकी सबै ब्राजिलले जित्यो ।

....

नेपाल क्रिकेट सङ्घ (क्यान) ले पहिलो पटक आयोजना गरेको नेपाल प्रिमियर लिग (एनपिएल) टी–२० क्रिकेट प्रतियोगिताबाट साढे दुई करोड रुपियाँ नाफा कमाएको सार्वजनिक गरिएको छ ।

पहिलो संस्करणको आयव्यय विवरण सार्वजनिक गर्दै क्यानले पहिलो संस्करणमा कुल आम्दानी २७ करोड ६९ लाख ६४ हजार ८१८ रुपियाँ गरेकामा सबै खर्च कटाएर साढे दुई करोड नाफा गरेको जानकारी दिएको छ ।

प्रतियोगितामा २० करोड १५ लाख ७३ हजार ५५९ रुपियाँ खर्च भयो । आयव्ययपछि कुल सात करोड ५३ लाख ९१ हजार २५९ रुपियाँ नाफा देखिएको थियो । त्यसमा आठ फ्रेन्चाइज टोलीलाई ५० प्रतिशत रकम बाँडफाँट गरियो । बाँडफाँटपछि क्यानको खुद आम्दानी दुई करोड ४६ लाख ५० हजार ७८९ रुपियाँ रहन गयो ।

गत वर्ष पुस ६ गते सो प्रतियोगिता सम्पन्न भएको थियो ।

महेशको कीर्तिमान

फिनल्यान्डका तीव्र गतिका बलर महेश ताम्बेले टी–२० अन्तर्राष्ट्रिय क्रिकेटमा सबैभन्दा कम बलमा पाँच विकेट आउट गर्ने कीर्तिमान बनाएका छन् । उनले इस्टोनियाविरुद्धको खेलमा आठ बलमै पाँच विकेट आउट गरेका थिए ।

यसअघि यो कीर्तिमान बहराइनका जुनैद अजिजको नाममा थियो । उनले जर्मनीविरुद्ध सन् २०२२ मा खेल्दा १० बलमा पाँच विकेट आउट गरेर कीर्तिमान राखेका थिए । ताम्बेले स्टेफन गुच, साहिल चौहान, मुहम्मद उस्मान, रूपम बरुआ र प्रणय गिवालालाई आउट गरे । साहिल ती खेलाडी हुन् जसले टी–२० अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम २७ बलमा शतक बनाएर कीर्तिमान बनाएका छन् । उनले सो कीर्तिमान सन् २०२३ मा साइप्रसविरुद्ध बनाएका थिए । ■

प्रकृतिको उपहार ओखर

ओखरलाई ब्रेन फुड पनि भनिन्छ। ओखर स्वास्थ्यका लागि प्रकृतिको एक अनमोल उपहार हो। यो केवल स्वादमा मात्र होइन पौष्टिक तत्त्वले पनि भरिपूर्ण हुन्छ।

यसले मस्तिष्कलाई स्वस्थ राख्न सघाउँछ। साथै यसले रक्तप्रवाहलाई नियमित गराउनसमेत योगदान गर्दछ। ओखरको तेल छाला र केसलाई मुलायम एवं चम्किलो बनाउन पनि प्रयोग गरिन्छ।

यसमा सोडियम कम र कोलेस्टेरोल पटक्कै हुँदैन। यसमा धेरै मात्रामा ओमेगा–३ फ्याटी एसिड पाइन्छ। यसमा भिटामिनहरू ए, बी–६, बी–१२, सी, डी, इ र के पनि हुन्छ। यो प्रोटिनको राम्रो स्रोत पनि हो। यसका साथै क्याल्सियम, म्याग्नेसियम, आइरन, फस्फोरस, जिङ्क, कपर ओखरमा प्रचुर मात्रामा पाइन्छ। यसलाई एन्टिअक्सिडेन्टको राम्रो स्रोत मानिन्छ।

ओखर दिमागको स्वास्थ्य र स्मरणशक्तिका लागि अति फाइदाजनक छ। यसको बनावट मानव मस्तिष्क जस्तै देखिन्छ। यसमा विशेष गरी अल्फा लिनोलेनिक एसिड पाइन्छ। यस एसिडले दिमागका कोषलाई स्वस्थ राख्न, स्मरणशक्ति बढाउन र एकाग्रतामा सुधार ल्याउन मद्दत गर्दछ। यसको नियमित सेवनले उमेरसँगै देखिने बिर्सने समस्या अल्जाइमरको जोखिमलाई पनि कम गर्छ।

साथै ओखर मुटुको स्वास्थ्यका लागि एक उत्कृष्ट आहारा हो। यसमा पाइने ओमेगा–३, एन्टिअक्सिडेन्ट र अन्य पोषक तत्त्वले रगतमा भएको खराब कोलेस्टेरोललाई घटाउन तथा राम्रो कोलेस्टेरोल बढाउन मद्दत गर्छन्। यसले रक्तचाप नियन्त्रण गर्न, रक्तनलीलाई लचिलो बनाउन र रगत जम्ने समस्या रोक्न मद्दत गर्छ।

ओखरले क्यान्सरको जोखिम कम गर्न मद्दत पुग्ने अनुसन्धानबाट पत्ता लागेको छ। यसमा हुने पोलिफेनोल र एन्टिअक्सिडेन्ट जस्ता तत्त्वले शरीरमा क्यान्सरका कोषको वृद्धि रोक्न मद्दत गर्छन्। ओखर नियमित खानाले प्रोस्टेट, स्तन र कोलोन (ठूलो आन्द्रा) को क्यान्सरको जोखिम कम हुने कुरा विभिन्न अध्ययनले देखाएका छन्।

ओखरले हड्डी पनि बलियो बनाउँछ। यसमा तामा, म्याग्नेसियम र म्याग्निज आदि खनिज पदार्थ पाइन्छन्। जो हड्डीको स्वास्थ्यका लागि महत्त्वपूर्ण हुन्छन्। यी तत्त्वले हड्डीको घनत्व कायम राख्न र हड्डीलाई कमजोर हुनबाट जोगाउँछन्।

ओखरमा क्यालोरीको मात्रा धेरै भए पनि यो तौल नियन्त्रणका लागि सहयोगी मानिन्छ। यसमा पाइने प्रोटिन, फाइबर र स्वस्थ चिल्लोले लामो समयसम्म पेट भरिएको महसुस गराउँछ। जसले गर्दा अनावश्यक खाने बानी कम हुन्छ।

ओखर राम्रो निद्राका लागि उपयोगी हुन्छ। यसमा मेलाटोनिन भन्ने एक हर्मोन हुन्छ। जसले हाम्रो निद्रा चक्रलाई नियमित गर्न मद्दत गर्छ। हामीले सुत्नुअघि केही ओखर खाँदा गहिरो र आरामदायी निद्रा लाग्न सक्छ।

ओखरमा पाइने भिटामिन ई, एन्टिअक्सिडेन्ट र स्वस्थ चिल्लोले छालालाई स्वस्थ र चम्किलो बनाउँछ। यसले छालामा चाउरीपना आउनबाट रोक्छ तथा कपाललाई बलियो, बाक्लो र चमकदार बनाउन मद्दत गर्छ। ओखर खानु पुरुषको प्रजनन क्षमताका लागि लाभदायक हुन्छ। पुरुषमा शुक्राणु सङ्ख्या र गुणस्तर बढाउन यो उपयोगी छ।

ओखर साँझमा पानीमा भिजाएर भोलिपल्ट बिहान खाली पेटमा खानु सबैभन्दा उत्तम मानिन्छ। भिजाउँदा यसको तातोपना कम हुन्छ र पचाउन सजिलो हुन्छ। ▪

–अच्युतमान सिंह प्रधान

कालो सूची बच्ने उपाय



कुनै पनि वित्तीय ग्राहक बैङ्क तथा वित्तीय संस्थाको कालो सूचीमा परिसकेपछि बैङ्क खाता फ्रिज हुने, कारोबार गर्न नपाइने, अरू बैङ्कमा समेत कारोबार गर्न नपाइने जस्ता परिणाम सतहमा आउँछन् । कालो सूची यस्तो अवस्था हो जसमा परिसकेपछि चौतर्फी अप्ठ्यारोमा परिने, बैङ्क तथा वित्तीय संस्थाको विश्वसनीयतामा असर पर्ने, परिवार तथा कुलकै इज्जतमा दाग लाग्ने भएकाले वित्तीय ग्राहकले यस सम्बन्धमा बेलैमा सजग भई कालो सूचीमा पर्नबाट बच्नु बुद्धिमानी हुन्छ ।

■ डा. भागवत आचार्य
उपनिर्देशक, नेपाल राष्ट्र बैङ्क

यसैले जुन प्रयोजनका लागि कर्जा लिएको हो त्यही काममा लगानी गरी आयआर्जन गर्ने र बेलैमा बैङ्कको ऋण चुक्ता गरेमा कालो सूचीमा परिँदैन । यसो भएमा बैङ्क कर्जा आर्थिक उन्नति प्रगतिको कारक हुन्छ । दुरुपयोग गर्दा भने त्यही बैङ्क कर्जा विपत्तिको प्रस्थानविन्दु हुन पनि सक्छ ।

कालो सूचीबाट मुक्ति

वित्तीय ग्राहक एक पटक कालो सूचीमा परिसकेपछि सो सूचीबाट मुक्त हुन विभिन्न उपाय तथा नीतिगत व्यवस्था छ । मुख्य गरी भवितव्य परेर वा काबुबाहिरको परिस्थिति आई कालो सूचीमा परेमा उसलाई कालो सूचीबाट बाहिर आउन बैङ्कबाटै सहयोग गरिने व्यवस्था छ भने नियतवश कर्जा नतिरी कालो सूचीमा परेमा भने उसले कर्जा नतिरेसम्म कालो सूचीबाट हटाउन नसकिने देखिन्छ ।

ऋणीको काबुभन्दा बाहिरको कुनै असामान्य परिस्थितिको कारणबाट उत्पन्न समस्याले गर्दा समयमा

सावाँ-ब्याज चुक्ता गर्न नसकेको रहेछ भने कालो सूचीबाट मुक्त गर्न सकिने व्यवस्था छ। यसका लागि असामान्य परिस्थितिका कारण ऋण तिर्न नसकेको हो भन्ने बेहोरा उल्लेख गरी ऋणीले अनुरोध गर्नुपर्ने र त्यस्तो बेहोरा मनासिव देखिएमा सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिले त्यस्ता ग्राहकलाई कालो सूचीमा समावेश नगर्ने निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ।

असामान्य परिस्थिति अर्थात् काबुबाहिरको परिस्थिति भन्नाले :

(क) बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक/दैवी प्रकोप परेमा।

(ख) कालो सूचीमा समावेश हुनुअगावै रुग्ण उद्योग पुनरुत्थान समितिको सिफारिसमा पुनरकर्जा प्रदान गरिएका ऋणीलाई पुनरकर्जाको सुविधा उपयोग गर्न पाउने अवधिसम्म।

(ग) नेपाल सरकारले ग्राहकको जायजेथा तथा व्यवसाय सञ्चालनमा रहेको स्थान अधिग्रहण गरेमा।

सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उपयुक्त ठहऱ्याई कर्जाको भाखा थप गरेमा वा यस बैङ्कको निर्देशनको अधीनमा रही कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गरेमा।

कालो सूचीबाट हट्न सक्ने अवस्था

कालो सूचीमा नामाङ्कित वित्तीय ग्राहक देहायका अवस्थामा बैङ्क तथा वित्तीय संस्थाको कालो सूचीबाट नाम हट्न सक्ने व्यवस्था गरिएको छ।

सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले कालो सूचीमा रहेका ग्राहकको नाम त्यस्तो सूचीबाट हटाउनका लागि तीन दिनभित्र केन्द्रलाई सिफारिस गरी पठाउनुपर्ने छ र यसरी प्राप्त नामनामेसी केन्द्रले तीन कार्य दिनभित्र अद्यावधिक गरिसक्नुपर्ने हुन्छ।

भाखा नाघेको कर्जाको सावाँ ब्याज चुक्ता गरेमा वा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालो सूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरेमा वा सम्बन्धित व्यक्ति वा संस्थालाई भुक्तानी दिने गरी रकम earmark गरी राखेमा।

सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक समितिले उपयुक्त ठहऱ्याई कर्जाको भाखा थप गरेमा वा यस बैङ्कको निर्देशनको अधीनमा रही कर्जा पुनर्तालिकीकरण वा पुनर्संरचना गरेमा।

कर्जा वा सुविधाको दायित्वको सीमा किटान गरी एकभन्दा बढी ऋणी सम्मिलित हुने ऋणको हकमा कुनै ऋणीबाट उसको भागको सावाँ ब्याज चुक्ता गरेको भनी भाखा थप गरेमा वा नेपाल राष्ट्र बैङ्कको निर्देशनको अधीनमा रही कर्जा पुनर्संरचना वा पुनरतालिकीकरण गरेको भनी सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाबाट लेखी आएमा। तर सञ्चालक वा कार्यकारी पदाधिकारी भई कामकाज गर्ने व्यक्तिको सम्बन्धमा यो व्यवस्था लागू नहुने व्यवस्था छ।

कर्जाको दायित्व अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थाले स्वीकार गर्ने भए सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट स्वीकृति भएमा यसरी कालो सूचीबाट हटाउँदा दायित्व स्वीकार गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बढीमा एक वर्षको म्याद दिने तथा उक्त म्यादभित्र कर्जा-सुविधा चुक्ता वा नियमित नगरेमा उक्त नयाँ व्यक्ति, फर्म, कम्पनी वा संस्थासमेतलाई कालो सूचीमा समावेश गर्नुपर्ने छ।

ऋणीले लिएको ऋणमध्ये आफ्नो दायित्व यकिन गरी ऋण वा सुविधा लिएको अवस्थामा उक्त रकम भुक्तानी गरेको भनी बैङ्क तथा वित्तीय संस्थाबाट लेखी आएमा कर्जा सूचना केन्द्रले कालो सूचीबाट हटाउनुपर्ने हुन्छ।

तर सो व्यवस्था सञ्चालक तथा कार्यकारी पदाधिकारीको हकमा लागू नहुने व्यवस्था छ। तथापि सञ्चालक तथा कार्यकारी पदाधिकारीहरूको हकमा ऋण असुली न्यायाधीकरण तथा अन्य सम्बन्धित न्यायिक निकायको आदेशानुसार आफ्नो दायित्व अनुरूप हुन आउने अंश बराबरको रकम भुक्तानी गरेको भनी बैङ्क तथा वित्तीय संस्थाबाट लेखी आएमा निजलाई कर्जा सूचना केन्द्रले कालो सूचीबाट हटाउन बाधा नपुग्ने देखिन्छ।

बैङ्क तथा वित्तीय संस्थाहरूले परिस्थितिवश ऋण नतिर्ने ऋणीलाई कालो सूचीमा समावेश गरेको भए पनि यदि केही समय प्रदान गरेमा ऋणीले प्रयास गरी छोटो अवधिमा ऋण चुक्ता गर्छ भन्ने देखिएमा छ महिनाका लागि कालो सूचीबाट हटाउने व्यवस्था गर्न सक्ने छ तर छ महिनाभित्र ऋण चुक्ता नगरेमा अनिवार्य रूपमा कालो सूचीमा समावेश गर्न केन्द्रलाई सिफारिस गर्नुपर्ने छ।

यसरी एक पटक कालो सूचीमा परिसकेपछि सोबाट मुक्त हुन अनेक झन्झट हुने, धितोको सुरक्षा जोखिम हुने, इज्जत तथा प्रतिष्ठामा आँच पुग्ने भएकाले वित्तीय ग्राहक सदैव सचेत हुनुपर्ने अवस्था भने रहिरहन्छ। ■

बिर्सने रोग अल्जाइमर्स

प्राडा सुमनराज ताम्राकार

विश्वमा मानिसको मृत्यु हुनाको कारणमध्ये अल्जाइमर्स रोग सातौँ नम्बरमा पर्दछ । विकसित देशमा यो समस्या कत्तिको विकराल छ भने यस रोगको निदान, उपचार एवं रोकथामसँग सम्बन्धित अनुसन्धानका लागि अर्बौं डलर रकम खर्चिने गरेको छ ।

स्नायुको क्षयीकरणका कारण बुढ्यौलीमा देखापर्ने रोग हो अल्जाइमर्स । सन् १९०६ मा यो रोग पत्ता लगाउने जर्मनीका मनोचिकित्सक तथा प्याथोलोजिस्ट एलोइस अल्जाइमर्सकै नामबाट यस रोगको नामकरण गरियो ।

अल्जाइमर्स रोग नै डिमेन्सियाको चल्तापुर्जा (६०–७० प्रतिशत) कारण मानिन्छ । अर्थात्



डिमेन्सिया भएका करिब ७० प्रतिशत बिरामीमा अल्जाइमर्स पनि हुने भएकाले डिमेन्सिया र अल्जाइमर्स खुट्याउन गाह्रो हुन्छ। डिमेन्सिया भएकामा मस्तिष्कका कोषिका विस्तारै खिइएर स्मरण शक्तिमा कमी आउने समस्या हुन्छ।

सन् २०२० को तथ्याङ्क अनुसार विश्वमा करिब पाँच करोड मानिस अल्जाइमर्सबाट ग्रसित थिए तर नेपालमा अल्जाइमर्स रोगका बिरामी कति छन् भन्ने कुनै तथ्याङ्क छैन। यो रोग प्रायः ६५ वर्ष उमेरमाथिका मानिसलाई लाग्ने गरेको भए पनि १० प्रतिशत बिरामी ३० देखि ६० को उमेर समूहका पनि छन्।

महिलाहरू यस रोगले तुलनात्मक रूपमा बढ्ता प्रभावित हुने गर्छन्। विश्वमा मानिसको मृत्यु हुनाको कारणमध्ये अल्जाइमर्स रोग सातौँ नम्बरमा पर्दछ। विकसित देशमा यो समस्या कत्तिको विकराल छ भने यस रोगको निदान, उपचार एवं रोकथामसँग सम्बन्धित अनुसन्धानका लागि अर्बौं डलर रकम खर्चिने गरेको छ। यस रोगबारे जनचेतना जगाउने उद्देश्यले प्रत्येक वर्ष सेप्टेम्बर २१ मा विश्व अल्जाइमर्स दिवस मनाइने गरेको छ।

कारण

अल्जाइमर्स किन हुन्छ ठ्याक्कै कारण पत्ता लागिसकेको छैन। तैपनि अनुसन्धानले के देखाएको छ भने मस्तिष्क (विशेषतः हिप्पोक्याम्पस क्षेत्र) मा बेढङ्गका प्रोटिन जम्मा हुन गई मस्तिष्क कोषका सामान्य काम गराइमा बाधा पुग्न जान्छ। समयक्रममा त्यहाँका स्नायुमा अपूरणीय क्षति भएर मस्तिष्क र अन्य महत्त्वपूर्ण स्नायु प्रणालीबीचको सम्बन्ध नै टुट्ने गर्छ। बुढ्यौलीमा बढ्दो उमेरसँगै मानिसको मस्तिष्क विस्तारै खिइँदै जान्छ। व्यक्तिविशेष अनुसार यो प्रक्रिया कसैमा छिटो हुन्छ भने कसैमा ढिलो हुन्छ।

अधिकतर बुढ्यौली लागेका मानिसमा वंशाणुगत कारणले अल्जाइमर्स हुने गर्छ। त्यसबाहेक उच्च रक्तचाप भएका, अवसाद (डिप्रेसन) भएका, टाउकामा चोटपटक लागेका, मानसिक तनाव, भौतिक तथा मानसिक अभ्यासको कमी, मोटोपना भएकामा पनि अल्जाइमर्स रोग लाग्ने गरेको देखिन्छ।



लक्षण

यस रोगबाट प्रभावितमा बिर्सने समस्या हुन्छ। तिनले हालैको (४८ घण्टाभित्रको) घटनाक्रम वा कामसमेत बिर्सने गर्छन्। समस्या बढ्दै गएसँगै बोलीचालीमा समस्या आउने, सोच्ने क्षमतामा कमी आउने, निल्नमा कठिनाइ हुने, व्यवहारमा परिवर्तन आउने, रनभुल्लमा पर्ने, मुड परिवर्तन भइरहने, उदासीपना बढ्ने, कति पनि उत्प्रेरणा नआउने, आफ्नै हेरचाह गर्न नसक्ने र मानिस चिन्न छाड्ने हुन्छ।

यस्ता यावत् लक्षणका कारण विस्तारै परिवार र समुदायबाट पीडित टाढिँदै जान्छ। विस्तारै शारीरिक अङ्गले काम गर्न छोड्दै जाँदा उसको मृत्यु हुन्छ। अल्जाइमर्सले गाँजेको तीनदेखि १२ वर्षमा मृत्यु हुने देखिएको छ। किनकि पीडितमा सङ्क्रमण रोग, अन्य रोगव्याधि, चोटपटक तथा सर्कर छातीको निमोनिया हुने जोखिम बढी हुन्छ।

अल्जाइमर्स रोगलाई तीन चरणमा बाँडिएको छ। सुरुवाती चरणमा रोगीको नातेदार एवं साथीलाई यो समस्या महसुस हुन थाल्छ तर पनि प्रभावित व्यक्तिले आफ्नो दैनिक काम जारी नै राख्न सक्छ। पीडितमा कुनै कुरा झट्ट सम्झिन गाह्रो हुन्छ। यस क्रममा आफूले जानेको शब्द, आफूले प्रयोग गर्ने गरेको वस्तु राखेको ठाउँ बिर्सने, नाम सम्झिन गाह्रो हुने, पढेको कुरा बिर्सने, कुनै योजना बनाउन गाह्रो हुने हुन्छ।

मध्यम चरण अलि लामो समयसम्म रहिरहन सक्छ। रोगमा जटिलता बढेसँगै प्रभावित व्यक्तिलाई उति नै धेरै हेरचाहको आवश्यकता पर्न सक्छ किनभने यस चरणमा पुगेको अल्जाइमर्सको रोगी प्रत्येक कुरामा द्विविधामा पर्ने र भिन्न व्यवहार गर्न थाल्छ। साथै यस चरणका बिरामीले आफ्नो विगतलाई बिर्सन थाल्ने, मनको अवस्था एवं व्यवहार तलमाथि हुन थाल्ने, घर, गाउँको ठेगाना पनि बिर्सने, मौसम तथा विशेष अवस्था अनुसार लुगा लगाउन नसक्ने, दिसापिसाब रोक्न गाह्रो हुने, दिनमा सुत्ने ताथ राति उसमा अनिँदो र बेचैन हुने समस्या देखिन्छ।

अन्तिम चरणमा प्रभावित व्यक्तिले वरिपरिकै वातावरणप्रति प्रतिक्रिया जनाउन, वरिपरि रहेका मानिससित बोलचाल गर्न तथा आफ्नो गतिविधिलाई

शक्ति परीक्षणका लागि विभिन्न खालका डायग्नोस्टिक टेस्ट पनि गरिन्छ।

उपचार तथा रोकथाम

अल्जाइमर्स रोगलाई पूर्णतया निको पार्न सकिँदैन। औषधि उपचारबाट यस रोगका लक्षणलाई केही हदसम्म कम गर्न सकिए पनि रोकथामको उपाय छैनभन्दा हुन्छ। उमेर अनुसार मस्तिष्क खिइए वा सुकेर यो रोग निम्तिने भएकाले अल्जाइमर्स रोगबाट बच्ने निश्चित उपाय हालसम्म पत्ता लगाउन सकिएको छैन तर कतिपय औषधि तथा उपचार प्रक्रियाले यसका लक्षण कम गर्न मद्दत पुग्छ।

स्वस्थ एवं पोषिलो खाना, शारीरिक क्रियाकलाप एवं सामाजिक व्यस्तता बढ्दो उमेरमा अल्जाइमर्सको समस्या घटाउन श्रेयस्कर मानिएको छ। प्रभावित व्यक्ति विस्तारै परिवारजनमा निर्भर हुँदै जाने हुन्छ। यसको कारण उत्पन्न सामाजिक, संवेगात्मक, भौतिक

नियन्त्रण गर्न नसक्ने हुन्छ। प्रभावित व्यक्तिको स्मरणशक्तिको क्षयीकरणसँगै तिनको व्यवहारमा पनि परिवर्तन देखिँदै जान्छ। त्यसैले पनि हरेक क्षण तिनको हेरचाह गर्नुपर्ने, वरिपरिको वातावरणबारे लगातार स्मरण गराइरहनुपर्ने, खान, निल्न तथा बोल्न सिकाइरहनुपर्ने हुन्छ।

सिटी स्क्यान, एमआरआईलगायतका परीक्षण अल्जाइमर्सका लागि नभए पनि मस्तिष्क वा अन्य स्नायुसम्बन्धी समस्या छुट्याउन यी सहयोगी हुन सक्छन्। व्यक्तिविशेषको तीक्षणता एवं मानसिक स्थिति, स्मरण

एवं आर्थिक चाप बढ्न जान्छ।

वैज्ञानिकहरू अल्जाइमर्स रोगको सटिक उपचार गर्न निरन्तर अनुसन्धानमा जुटेका छन्। हामीले अहिलेको अवस्थामा मुटु रोगको जोखिम घटाउने, कोलेस्टेरोल नियन्त्रण, मोटोपना, उच्च रक्तचाप एवं मधुमेहलाई नियन्त्रण गरेर अल्जाइमर्सको खतरा कम गर्न सक्छौँ। त्यसबाहेक युवा अवस्थाबाटै नियमित अभ्यास गरेर शारीरिक तौल नियन्त्रणमा राखेमा अल्जाइमर्सको जोखिम कम गर्न सकिन्छ। ▪

माडीको शालिग्राम

कलाले कलाकारलाई त चिनाउँछ नै समाज र समाजको वैभवतालाई पनि चिनाउन मद्दत गर्दछ। यसै कारण कलालाई इतिहास खोतल्ने सबैभन्दा प्रमुख विषयवस्तुका रूपमा लिइन्छ। माडी नेपालको प्राकृतिक, धार्मिक तथा सामरिक महत्त्व भएको महत्त्वपूर्ण स्थान मानिन्छ। यहाँको सोमेश्वर गढी, जङ्गे पिल्लर, वैकुण्ठ ताल जस्ता विषयले यसको पुष्टि गरेका छन्।

प्राचीन स्मारक र प्रकृतिको मिठासलाई अझ जीवन्त बनाउन यहाँ एक कलाले पनि भूमिका खेलेको छ। सो कला हो शालिग्रामको भव्य मूर्ति।

माडीलाई दक्षिण मुक्तिनाथ भनिन्छ। नेपालमा कालीगण्डकी र माडीमा मात्र शालिग्राम पाइन्छ। माडीको विरासत र शालिग्रामको महत्त्व उजागर गर्न यो मूर्ति माडीको खैरहनीमा स्थापित गरिएको छ।

यस मूर्तिका सर्जक हुन् कलाकार प्राज्ञ दिनेश्वर महतो। माडीकै बासिन्दा महतो मूर्तिकारमाझ परिचित नाम हो। यो मूर्ति बनाउन कलाकारले ढुङ्गा कालीगण्डकीबाट झिकाएका हुन्। मूर्ति कठोर कालो ढुङ्गाबाट बनेको छ र शालिग्रामको चक्रलाई कलाकारले बढो मेहनतसाथ जीवन्त बनाएका छन्।

शालिग्रामको बनोट र जीवाष्मको बनोट यो मूर्तिको विशेषता बनेको छ। यसको आकारले मूर्तिको वैभवतालाई अझ प्रस्फुटित गरेको छ। यो मूर्तिले माडीमा पाइने प्राचीन जीवाष्मको अध्ययन अघि बढाउन पनि प्रेरित गर्छ।

कलाकार : दिनेश्वर महतो
शीर्षक : शालिग्राम
माध्यम : प्रस्तर
आकार : १२ X ११ X ३ फिट
सृजना वर्ष : २०८० साल

■ केशवराज खनाल


RIPLEY'S Believe It or Not!
९३ वर्षको उमेरमा रूथ गट्सम्यानले भावी विद्यार्थीलाई शैक्षिक शुल्क निःशुल्क गर्न अल्बर्ट आयन्सटाइन स्कुल अफ मेडिसिनलाई एक अर्ब अमेरिकी डलर दान दिएका थिए ।
CASTANO
घोडाले कहिल्यै डकार निकाल्दैन ।
SLURP
SUBMITTED BY CHESTER TUMIDAJEWICZ, AMSTERDAM, NEW YORK.
आफ्नो नजिक अरु मानिस भएका बेला पिसाब विसर्जन गर्न मानिसलाई गाह्रो अवस्थालाई 'अका से ब्लायडर सिन्ड्रोम' भनिन्छ ।
www.gocomics.com www.ripleys.com © 2025 Ripley Entertainment Inc.

सुपर फुड गोजबेरी

■ आरबी बुढाथोकी

अचेल नेपालमा गोजबेरी चर्चामा आइरहेको छ। स्वस्थ रहन खोज्नेहरू यसलाई खोजी खोजी खाने गर्छन्। गोजबेरी एक बहुमुखी र पौष्टिक सुपर फुड हो जुन तपाईंको दैनिक आहारमा समावेश गर्न सकिन्छ।

पोषक तत्त्व बढाउनका लागि आफ्नो मन पर्ने स्मुदी, लस्सी, दही, ओएट्समिल जेमा मिसाएर पनि गोजबेरी खाँदा हुन्छ।

गोजबेरी ताजा, सुकाएको या पाउडर तिनै अवस्थामा बजारमा उपलब्ध हुन्छ। गोजबेरी फल्ने क्षेत्र चीन, तिब्बत र मङ्गोलिया मानिन्छ तर यसको खेती अचेल धेरै देशले सुरु गरेका छन्। नेपालमा पनि गोजबेरी खेती हुन्छ तर

बजारको मागलाई यहाँको उत्पादनले धान्न सकेको छैन।

सेकाएको गोजबेरी स्वादमा किसमिस जस्तो लाग्छ। उत्तर एसियाको व्यावसायिक पकवान कला र घरायसी रूपमा पनि गोजबेरीले महत्त्व राख्छ। गोजबेरी कालो वा रातो रङमा हुन्छ। गोजबेरीको बोट स्थान अनुसार फरक फरक हुन सक्छ तर सामान्तया छदेखि १० फिटसम्म यो अग्लो हुन्छ। यसको बोट झाडीदार हुने गर्छ।

नेपालका मार्ट तथा अर्गानिक स्टोरहरूमा आयातित ड्राई गोजबेरी पाइन्छ । यो महँगो पनि हुन्छ तर नेपालमा पनि यसको बिरुवा उपलब्ध छ र कहींकतै खेती पनि गरिएको देखिन्छ। यसको माग धेरै छ। चाहे घरायसी होस् या व्यावसायिक रूपमा होटेल, रेस्टुरेन्टमा यसको प्रयोग भइरहेको छ।

गोजबेरीको फल मात्र प्रयोग नभई यसको पात पनि पकवानमा प्रयोग गरिन्छ। 'गोज लिफ सुप' प्रसिद्ध छ। पिरो गोजबेरी सुप पनि धेरैले मन पराइने परिकार हो। जुस, डिटक्स वाटर र टोनिक वाटरमा पनि गोजबेरी मिसाएर सेवन गर्दा उत्तम स्वाद पाउन सकिन्छ। वेलनेस टी मा पनि गोजबेरी मिसाएर पिउने गरिन्छ।

गर्मीयाममा कागतीको रस हालेर तयार गरिएको गोजबेरी सलाद धेरैको मन पर्ने चटपटे र स्वास्थ्यवर्धक सलाद हो। कालो कुखुराको मासु चिनियाँ र कोरियालीले गोजबेरी सस हालेर खान खुबै रुचाउँछन्। गोजबेरीको जाम, सिरप, सर्बत, एसेन्स बनाउन तथा केक, मिठाई आदिमा समेत यसलाई प्रयोग गर्न मिल्छ।

सिजनमा उत्पादन गरेको गोजबेरी प्रयोग गरेर बाँकी रहेकोलाई सुकाएर राख्न सकिन्छ। बिनासुकाएको गोजबेरीलाई फ्रोजन गरेर पनि सुरक्षित भण्डारण गर्न मिल्छ।

कतिपयले त जङ्गलबाट सङ्कलन गरेर गोजबेरी बेच्ने गर्छन्। सामान्यतया सुकाइएको गोजबेरी पानीमा भिजाएर खाने गरिन्छ। गोजबेरीलाई बिहानको नास्तामा दहीमा मिसाएर खाँदा धेरै लाभ मिल्छ। ■

अङ्कजाल प्रतियोगिता, भदौ-२०८२

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोर्‍याई भर्नुपर्नेछ।

४. समाधान २०८२ असोज १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।

५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।

६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।

७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

	३		८	७		२		१
१		८			२			३
	७				१		८	
	८		१	४		३		६
६		४		३			७	
		३	६		७		२	४
	२		४			९		७
३				१	८			२
७		५	९	२			१	

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान असार अङ्कको उत्तर

समूह क : १. धाकु २. एयरोजेल ३. हिप्पोक्रेट्स

समूह ख : १. सेतो रङ २. कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव ३. निसियामा अनसेन केयुकाव

समूह ग : १. कछाडी २. १८ वटा ३. डिमिट्री मेन्डेलेभ

समूह घ : १. दरबारमार्ग २. १० वटा ३. २०८१ साल चैत २२

समूह ङ : १. सन् १०६५ माल्टा २. १०५५२ ३. शिव स्वरूप

समूह च : १. मोहन कोइराला २. विसं १९४१ ३. बालुवा

समूह छ : १. जोहानेस गुटेन्बर्ग २. जर्ज एडवार्ड फोरम्यान ३. मानमती विष्ट

परिणामहरू

अङ्कजाल असार अङ्कको उत्तर

गोला प्रथाद्वारा विजयी

राधेश्याम श्रेष्ठ, भीमसेनस्थान, काठमाडौँ
रमिता शाक्य, कलङ्की, काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

रत्न शाक्य, पुल्चोक, ललितपुर, निर्मला श्रेष्ठ, विराटनगर, सिद्धार्थ पासवान, जलेश्वर, महोत्तरी, उमेशकुमार मास्के, विराटनगर, तारा शर्मा अधिकारी, ज्वालादेवी प्रा.वि., धनकुटा, जयलक्ष्मी उलक, भक्तपुर, रामकृष्ण कायस्थ, खौमा, भक्तपुर, रामाकान्त चौधरी, खडक न.पा., सप्तरी, पदमबहादुर खत्री, धरान, सुनसरी, नारायण लघु, भक्तपुर, सङ्गीता लामा, थापाथली, काठमाडौँ, जुली पुतुवार, हल्चोक, काठमाडौँ, सौरव गिरी, शिवसताक्षी, झापा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ, राजकुमार लामा, कालीमाटी, काठमाडौँ, असीम श्रेष्ठ, शङ्करदेव क्याम्पस, काठमाडौँ, गौरीश्वर रेग्मी, नयाँ बानेश्वर, काठमाडौँ, वसन्त ताम्राकार, पनौती काभ्रे, पञ्चनारायण महर्जन, नगाउँ, कीर्तिपुर, कबिता उप्रेती, जोरपाटी, काठमाडौँ, बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर, काठमाडौँ, दिवस भट्टराई, धुम्बाराही, काठमाडौँ, रोजन चालिसे, लालबन्दी, सर्लाही, सोलार श्रेष्ठ, कुमारीपाटी, ललितपुर, आलोककुमार तिवारी, वीरगन्ज, पर्सा।

असार अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

कसम घिमिरे, भरतपुर, चितवन
लुनार श्रेष्ठ, कुमारीपाटी, ललितपुर

सही उत्तर मिलाउने अन्य सहभागी

भावना भण्डारी, वाणगङ्गा, कपिलवस्तु, उमेशकुमार मास्के, विराटनगर, निर्मला श्रेष्ठ, विराटनगर, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो, काठमाडौँ।

सामान्य ज्ञान प्रतियोगिता असारको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	खगेन्द्र नाथ	बागबजार	१००
	सङ्गीता लामा	थापाथली, काठमाडौँ	१००
	तिलादेवी खनाल (भट्टराई)	धुम्बाराही, काठमाडौँ	१००
४	रामाकान्त चौधरी	खडक न.पा.-१, सप्तरी	१००
५	कुमारी निर्मला गिरी	कञ्चनपुर	१००
६	बुद्धिबहादुर दुरा	मध्यनेपाल-१, लमजुङ	१००
७	आलोककुमार तिवारी	वीरगन्ज, पर्सा	१००
८	राजकुमार लामा	कालीमाटी, काठमाडौँ	१००
९	पदमबहादुर खत्री	धरान, सुनसरी	१००
१०	बुद्धिमान श्रेष्ठ	त्रिपुरेश्वर, काठमाडौँ	९८

अङ्कजाल, कोठेपद र सामान्य ज्ञान संयोजकः पुष्पराज जोशी

युवामञ्च कोठेपद प्रतियोगिता, भदौ-२०८२



सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८२ असोज १५ भित्र आइपुग्नुपर्ने छ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्ने छ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिने छ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुने छ।

नाम : ....

ठेगाना : ....

....

ठाडो :

२. मुर्दा, लास
३. मौन, एकाग्र/हल्ला नभएको
४. निकट, समीप
५. व्यवहार अनुकूल नभएको/कोरा सैद्धान्तिक
७. भरोसा, आड, आधार
९. काम गर्ने तरिका/चालचलन, रिवाज
१०. पुराण अनुसार कामदेवकी पत्नी
११. 'जिउँदाको जन्ती ....' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
१३. लहरामा फल्ने, तरकारी खाइने एकथरी फल
१५. नवग्रहमध्ये एक ग्रह/पिराहा
१७. सङ्कोच, धक, सरम
१८. आडम्बर, ढोङ
१९. व्यक्ति, स्थान आदि चिनाउने शब्द, संज्ञा
२१. ज्योतिषशास्त्र अनुसार १२ राशिमध्ये एक राशि
२३. नओइलाएको, साजी
२४. हत्या, हिंसा

तेर्सो

१. कुनै कामका लागि ठूलाले सानालाई दिने आज्ञा, अह्रोट
३. नम्र, विनीत, शिष्ट
६. एक ऋतु
८. किनबेच गर्ने व्यक्ति, व्यवसायी
१०. रुपियाँपैसा/स्याहास्रेस्ता, फाँटवारी
१२. तिल र सखर मिसाई बनाइएको लड्डु
१४. पराजय
१६. सानो कुम्लो/कागज, कपडा आदिले बाहिरपट्टि बेरिएको सामान
१८. अतिथि
२०. एकथरी लुगा, वस्तु
२२. नारी, स्त्री
२३. भगवान् शिवको एक प्रसिद्ध नृत्य
२५. परिणाम, परीक्षाफल
२६. अत्यधिक परिश्रमले हुने थकान, शारीरिक शिथिलता

कोठेपद प्रतियोगिता, असार अङ्कको उत्तर

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : राजकुमार लामा
ठेगाना : काठमाडौँ
जन्ममिति : २०४६ फागुन १ गते सोमबार
जन्मसमय : राति १२:३० बजे

कृपया मेरो नाम, नक्षत्र, जन्मराशि, शुभ बार, अङ्क, रङ, वर्तमान समयका ग्रहदशा, भाग्य र भविष्यका बारेमा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

तपाईंको जन्म यदि फागुन १ गते सोमबारको राति १२:३० हो भने कन्या राशि पर्दछ । नामको पहिलो अक्षर 'प' बाट पदमबहादुर यस्तो नाम हुन्छ । बुधबार तपाईंलाई फलदायी हुन्छ भने शनिबार घात अर्थात् अशुभ हुन्छ । ३ या ६ अङ्क विशेष लाभदायक हुने देखिन्छ भने हरियो, सेतो र निलो रङ शुभ हुन्छ । आगामी जन्मदिनपछि भाग्योदय हुने छ । कुण्डलीमा भाग्य बलियो भए पनि वर्तमान समयमा उल्का दशा चलेकाले हरेक काममा बाधाअड्चन, रुकावट, हानिनोक्सानी, कलह, पारिवारिक झमेला, ढिलासुस्ती जस्ता अशुभ समय चले पनि आगामी जन्मदिनपछि (३६ वर्षपछि) ४३ वर्षसम्ममा आर्थिक उन्नति प्रगति बढ्दै जानुका साथै मनोरञ्जन, हर्ष, आनन्द, रमाइलो यात्रा हुनुका साथै पारिवारिक सुख मिल्ने समय रहेको छ ।

नाम : श्रीकृष्ण इटनी
जन्ममिति : २०५१ जेठ १० गते
जन्मसमय : बिहान ४:३० बजे
जन्मस्थान : हनुमानडाँडा, नीलकण्ठ नपा, धादिङ

कृपया मेरो वैवाहिक सम्बन्ध, आर्थिक अवस्था, वर्तमान समयका ग्रहदशा र कृषि तरकारी खेती के कस्तो देखिन्छ ? लगानी गर्न के कस्तो समय छ ? बताइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

कुण्डलीमा गजकेशरी योग रहेकाले भविष्यमा राम्रो आर्थिक उन्नति प्रगति गर्ने सम्भावना देखिन्छ । विशाखा नक्षत्र तुला राशि पर्न गएकाले तपाईंको मनोबल उच्च हुनुका साथै कार्यक्षमता समेत राम्रो देखिन्छ । विगतका समयमा चलेको सङ्कटा दशाका कारण गरेको कामबाट सन्तोषजनक प्रगति भएको देखिएन तथापि यो वर्षबाट राम्रो समय प्रारम्भ भएकाले अब उप्रान्त क्रमशः उन्नति प्रगति बढ्दै जाने देखिन्छ । कृषि उद्योग व्यवसाय गर्दा अब राम्रो हुँदै जाने समय रहेकाले नयाँ लगानी गर्दा राम्रै हुने छ । कुण्डलीमा माङ्गलिक योग रहेकाले दाम्पत्य सुखसम्बन्धमा केही झमेला हुने देखिन्छ । माङ्गलिक दोष शान्तिको उपाय गर्दा राम्रो होला ।

नाम : नरेन्द्रप्रसाद पन्त
जन्ममिमिति : २०४२ माघ ११ गते प्रातः ११:०० बजे
जन्मस्थान : बैतडी

पदोन्नति, भाग्य र भविष्यका बारेमा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

राम्रो समय प्रारम्भ भइसकेकाले जागिरमा पदोन्नतिको समय नजिक आएको देखिन्छ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । भाग्य बलियो रहेकाले भविष्य उज्यालो देखिन्छ । लक्ष्मीको कृपादृष्टि रहेकाले भविष्यमा आर्थिक उन्नति राम्रो हुने छ । भावी जीवन रमाइलो र सुखमय देखिन्छ । कुण्डलीमा धर्म र कर्म दुवै वृद्धि हुँदै जाने ग्रहयोग रहेकाले जीवन सफल र सार्थक देखिन्छ ।

नाम : शिवबहादुर बस्नेत
जन्मस्थान : झापा, शनिश्चरे
जन्ममिति : २०७५ असार ६ गते
जन्मसमय : बे. ९:४५ बजे

नातिको नाम नक्षत्र, राशि, वर्तमान ग्रहदशा, भविष्य र भाग्यका बारेमा जानकारी दिनुहोला ।

नातिको जन्म रोहिणी नक्षत्रको दोस्रो चरणमा भएकाले नामको पहिलो अक्षर 'ब' पर्दछ भने वृष राशि पर्न जान्छ । कुण्डलीका ग्रहयोगका आधारमा शारीरिक आरोग्यताका साथै दीर्घायुको योगसमेत रहेको छ । वर्तमान समयका ग्रहदशा राम्रा देखिन्छन् । सत्यको मार्गमा चल्ने, राम्रो काम गरेर नाम कमाउने, मीठो बोलीवचन, स्थिर विचार तथा दृढ आत्मविश्वास जस्ता गुण देखिन्छन् । भविष्यमा धेरै ठूलो मान्छे भएर देश र समाजको सेवा गर्ने ग्रहयोग रहेको छ । कर्मस्थानमा बृहस्पति रहेकाले विद्या तथा कर्मसिद्धिको योग बनेको छ ।

२०८२ साल भदौ महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल

मेष शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। नयाँ काम मिल्ने सम्भावना देखिन्छ। घरायसी खर्चको मात्रा बढ्‍र जाला। सन्तान एवं परिवारको चिन्ताले पिरोल्ने छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाला। महिनाको उत्तरार्धमा स्थान परिवर्तन एवं आकस्मिक यात्राको सम्भावना रहेको छ । आफन्त एवं पारिवारिक भेटघाटले मन प्रसन्न रहला। धार्मिक एवं सामाजिक कार्यमा सहभागी हुनुपर्ने छ। पठनपाठनमा सामान्य प्रगति होला। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

वृष कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप परिश्रम केही बढी नै पर्न जाने छ। यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने देखिन्छ। ज्वरोसम्बन्धी सामान्य अस्वस्थताको सम्भावना रहेको छ। महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जाने छन्। पठनपाठनमा अभिरुचि लाग्ने छ। रमाइलो पारिवारिक भेटघाटको अवसर मिल्ने छ। दाम्पत्य सम्बन्ध राम्रो रहला। आर्थिक पक्षका काम सफल बन्ने छन्। महिनाको उत्तरार्धमा मानसिक प्रसन्नताका साथै धनागमका अवसर मिल्ने छन्।

मिथुन शारीरिक आरोग्यता अनुकूल रहने छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य प्रगति भएर जाला। रोकिएका काम क्रमशः बन्दै जाने छन्। मानप्रतिष्ठा एवं पदोन्नतिको सम्भावना रहेको छ। नयाँ आम्दानीका स्रोत फेला पर्नाले आर्थिक पक्ष सबल रहला। रमाइलो ठाउँको भ्रमणका साथै मनोरञ्जनका अवसरसमेत मिल्ने छन्। बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्ने छ। प्रेम तथा मनोरञ्जनमा मन जाला। पारिवारिक सुख सम्बन्ध राम्रो होला।

कर्कट शारीरिक एवं मानसिक आरोग्यता अनुकूल रहला। सोचे आँटेका काम क्रमशः बन्दै जाने छन्। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। आर्थिक कारोबारमा सावधानी अपनाउनु पर्ला। आफन्त प्रियजनसँगको भेटघाटले मन रमाउने छ । पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। प्रतिस्पर्धामा सफलता मिल्ने छ। सामान्य विवादको सम्भावना रहेकाले बोलीचालीमा विचार पुऱ्याउनुपर्ने देखिन्छ। महिनाको उत्तरार्धमा रमाइलो भेटघाटको अवसर मिल्ने छ।

सिंह कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला। गर्न आँटेका काममा अनायासै नसोचेका बाधाअड्चन देखापर्ने छन्। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विचार पुऱ्याउनु पर्ला। नयाँ लगानी एवं लेनदेनसम्बन्धी काममा सावधानी अपनाउनुपर्ने छ। सामान्य विवादको सम्भावना रहेकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। महिनाको उत्तरार्धमा आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ।

कन्या शारीरिक आरोग्यताका अनुकूल रहने छ। घरायसी खर्चको मात्रा बढेर जाला। मानहानि एवं विश्वासघातको सम्भावना देखिन्छ। आर्थिक पक्षका काममा मध्यम सफलता प्राप्त होला। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ। । सामान्य मानसिक अस्थिरता बढेर जाने देखिन्छ। अध्ययन अध्यापनमा लागेको अभिरुचि यथावत् रहने छ। महिनाको उत्तरार्धमा धनागमका साथै मनोरञ्जनका अवसर मिल्ने छन्।

तुला उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। धार्मिक कार्यका साथै सामाजिक कार्यमा समेत अभिरुचि लाग्ने छ। मनले सोचेका योजना एवं गर्न आँटेका काममा सफलता मिल्ने छ। शारीरिक आरोग्यता अनुकूल रहला। आर्थिक पक्षका काममा सफलता मिल्ने छ। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने

छ। महिनाको उत्तरार्धमा रमाइलो यात्राको सम्भावना रहेको छ। रमाइलो पारिवारिक भेटघाटको अवसर मिल्ने छ।

वृश्चिक अनुकूल समय रहेकाले मनले सोचेका योजना क्रमशः बन्दै जाने छन्। मनोबल बलियो रहने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। मान, पद एवं प्रतिष्ठा बढेर जाला। विवादमा विजय एवं प्रतिस्पर्धामा सफलता प्राप्त होला। रमाइलो यात्रा एवं मनोरञ्जनका अवसर मिल्ने छन्। पठनपाठनमा अभिरुचि बढेर जाला। धार्मिक एवं सामाजिक काममा समेत अभिरुचि लाग्ने छ। विविध उपहार एवं धनागमका अवसरसमेत मिल्ने छन्।

धनु शारीरिक आरोग्यता अनुकूल रहने छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्न जाला। आँटेका काममा अनावश्यक बाधाअड्चन आइपर्ने छन्। घरायसी खर्चको मात्रा बढेर जाने छ। ठूला लगानी एवं लेनदेनसम्बन्धी कारोबारमा सतर्कता अपनाउनु पर्ला। सामान्य विवादको सम्भावना देखिएकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला। सामान्य पेटसम्बन्धी समस्या देखापर्ने छ। महिनाको प्रारम्भमा यात्राको योग रहेको छ। पठनपाठनमा सफलता मिल्ने छ।

मकर व्यर्थको दौडधुप बढी नै पर्न जाने छ। सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष विचार पुऱ्याउनु पर्ला। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखापर्ने छ। आर्थिक हानिनोक्सानीको सम्भावना रहेकाले ठूला लगानी एवं लेनदेनसम्बन्धी कारोबार नगर्दा नै बेस होला। वाहन एवं सवारी चलाउँदा विशेष होसियारी अपनाउनुपर्ने छ। महिनाको उत्तरार्धमा इष्टमित्रसँगको रमाइलो भेटघाटका साथै धनागमको अवसर मिल्ने छ। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना देखिन्छ। पठनपाठनमा नसोचेका बाधाअड्चन देखापर्ने छन्।

कुम्भ शारीरिक आरोग्यता अनुकूल रहने छ। कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाला। सामान्य विवादको सम्भावना रहेकाले बोलीचालीमा विचार पुऱ्याउनु पर्ला। गर्न आँटेका काममा नसोचेका समस्या देखापर्ने छन्। ठूला लगानी एवं लेनदेनसम्बन्धी कारोबारमा सावधानी अपनाउनुपर्ने छ। घरायसी झैझमेलाले सताउने देखिन्छ। दाम्पत्य सम्बन्धमा सामान्य खटपट पर्न जाने छ। महिनाको उत्तरार्धमा धनागमका साथै रोकिएका काम क्रमशः बन्दै जाने छन्।

मीन शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। आर्थिक पक्षका काममा सफलता प्राप्त होला। प्रतिस्पर्धामा सफलताको सम्भावना देखिन्छ। सामान्य विवादको स्थिति देखापर्ने छ। सामाजिक एवं धार्मिक कार्यमा अभिरुचि लाग्ने छ। रमाइलो पारिवारिक भेटघाटको अवसर मिल्ने छ। महिनाको उत्तरार्धमा धनागम एवं मनोरञ्जनका अवसर मिल्ने छन्। बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्ने छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्ने देखिन्छ।

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला। तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ।

सामान्यज्ञान प्रतियोगिता भदौ २०८२

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ। यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ। प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ। सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक-फरक छ। उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन्। ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुने छ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुने छैन। जस्तो समूह 'क' मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुन सक्छ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्ने छ। सही उत्तरमा अङ्क प्राप्त हुने छ। यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/-, १०००/- र ५००/- पुरस्कार दिइने छ। अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइने छ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिने छ।

प्रश्न

युवामञ्च २०८२ साउन अङ्कमा यी प्रश्नको उत्तर खोज्न सकिन्छ।

समूह (क), कुल अङ्क भार- ६

१) घरेलु कामदार खरिद गर्ने वैधानिक व्यवस्थालाई खाडी मुलुकमा के भनिन्छ ? [१]

२) विश्वकै पहिलो मेडिकल ड्रोन कुन देशले बनाएको छ ? [३]

३) विश्व प्रसिद्ध कृति 'आर्म्स एन्ड दी म्यान' का सर्जक को हुन ? [२]

समूह (ख), कुल अङ्क भार- ८

१) प्राडा विश्व पौडेललाई नेपाल राष्ट्र बैङ्कको गभर्नरमा कहिले नियुक्त गरियो ? [३]

२) कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, वशिष्ठसँग सप्तऋषिमा पर्ने अर्को ऋषिको नाम के हो ? [३]

३) बौद्धमार्गीको सबभन्दा ठूलो दर्शनग्रन्थ 'शतसाहस्रिका प्रज्ञापारमिता' मा कति श्लोक छन् ? [२]

समूह (ग), कुल अङ्क भार- १२

१) विश्वबजारमा एक किलोकै चार लाख रुपियाँसम्म पर्ने आँपको जात कुन हो ? [५]

२) सगरमाथाको ३१ औँ पटक आरोहण गरी आफ्नो कीर्तिमान आफैँ भङ्ग गर्ने आरोही को हुन् ? [३]

३) हाइडपार्क कुन देशमा रहेको छ ? [४]

समूह (घ), कुल अङ्क भार-त १४

१) थारूहरूले रोपाइँ सकिएको दिन खेतमा रमाइलो गर्नुलाई के भन्छन् ? [७]

२) निजी लगानीमा बनेको पहिलो नेपाली चलचित्र कुन हो ? [३]

३) संयुक्त राष्ट्रसङ्घले कति वर्षभन्दा माथिकालाई प्रौढ मानेको छ ? [४]

समूह (ङ), कुल अङ्क भार- १८

१) जनसङ्ख्याभन्दा बढी भेडा भएको देश कुन हो ? [६]

२) आफूलाई राजखलक भन्ने र कञ्चनजङ्घालाई देवता मान्ने जाति कुन हो ? [६]

३) सावित्री भण्डारी 'साम्बा' नेपाली राष्ट्रिय महिला फुटबलकी कति औँ कप्तान हुन् ? [६]

समूह (च), कुल अङ्क भार- २०

१) इरानका शक्तिशाली सैन्य कमान्डर जनरल कासिम सुलेमानी कहिले मारिएका थिए ? [६]

२) अस्ट्रेलियामा भएको २०२५ गोल्डकोस्ट ओपन अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेता नेपाली खेलाडी को हुन् ? [६]

३) विश्व जनसङ्ख्यामा कति प्रतिशत युवा छन् ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) इजरायल-इरान युद्धको १० औँ दिनमा अमेरिकाले इरानको तीन वटा परमाणु केन्द्रमा प्रहार गरेको बम कुन हो ? [८]

२) ऋषि विश्वामित्रको गोत्र के हो ? [६]

३) पहिलो नमुना जनगणनाले नेपालमा कति जनसङ्ख्या रहेको जनाएको थियो ? [८]

२०८२ असार अङ्कको परिणाम पृष्ठ ७४ मा

उत्तर २०८२ असोज १५ गतेसम्म प्राप्त भइसक्नुपर्ने छ।

२०८२ साल भदौको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार- ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार- ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार- १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार- १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार- १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार- २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८२ असार १ देखि ३२ गतेसम्मका राष्ट्रिय घटना

असार १ गते :	नेपाल विद्युत् प्राधिकरणद्वारा बङ्गलादेश विद्युत् निर्यात सुरु।
असार २ गते :	समाजवादी चिन्तक, पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ढुण्डीराज शास्त्रीको ९० वर्षको उमेरमा निधन।
-	जिल्ला अदालत काठमाडौँद्वारा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का महामन्त्री धवलशमशेर जबरा धरौटीमा रिहा।
-	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा सुरक्षण मुद्रण केन्द्रसँग सम्बन्धित भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाप्रति असन्तुष्टि जनाउँदै सर्वोच्च अदालतमा पुनरावेदन।
असार ४ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयसम्बन्धी विधेयक प्रमाणीकरण।
-	सर्वोच्च अदालतद्वारा गण्डकी प्रदेश सभामा मनाङबाट निर्वाचित दीपक मनाङे भनेर चिनिने राजीव गुरुङको पद रिक्त हुने फैसला।
-	ललितपुरको महालक्ष्मीस्थानमा रहेको मितेरी सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ लिमिटेडको रकम हिनामिना गरी फरार ज्योतिबहादुर भण्डारी कम्बोडियाबाट पक्राउ।
असार ५ गते :	दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पुष्टि।
असार ७ गते :	राप्ती नगरपालिका-४, खहरपुलमा बस र इभी माइक्रो ठोक्किँदा सात जनाको मृत्यु, २४ जना घाइते।
असार ८ गते :	शव जलाउने मेसिन खरिद तथा जडान गर्दा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. मिलनकुमार थापासहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर।
असार १० गते :	विनियोजन विधेयक, २०८२ (बजेट) प्रतिनिधि सभाबाट पारित।
-	सरकारद्वारा भिजिट भिसा प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति गठन।
असार ११ गते :	पतञ्जलि जग्गा प्रकरणका आरोपित पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल धरौटीमा रिहा।
असार १२ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा कमलादीस्थित प्रज्ञा भवनमा १९ औँ विश्व संस्कृति सम्मेलन-२०२५ उद्घाटन।
असार १४ गते :	प्रधानमन्त्री केपी शर्मा ओली स्पेनको औपचारिक भ्रमणका लागि त्यसतर्फ प्रस्थान।
असार १५ गते :	निजामती विधेयक प्रतिनिधि सभाबाट पारित।
-	विशेष अदालतद्वारा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहनबहादुर बस्नेतलाई २५ लाख धरौटीमा रिहा गर्न आदेश।
असार १८ गते :	दुई तिहाइभन्दा बढी कार्यकाल पूरा भइसकेपछि संवैधानिक निकायमा नियुक्त पदाधिकारीको नियुक्ति सर्वोच्च अदालतद्वारा सदर।
-	पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीद्वारा राज्यले उपलब्ध गराउँदै आएको सुरक्षाबाहेकका सुविधा नलिने घोषणा।
असार १९ गते :	प्रहरीद्वारा क्रिप्टोकरेन्सीको अवैध कारोबारमा संलग्न छ चिनियाँसहित ५२ जना पक्राउ।
असार २० गते :	प्रधानमन्त्री केपी शर्मा ओली स्पेनको औपचारिक भ्रमण पूरा गरी स्वदेश फिर्ता।
असार २३ गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सर्वोच्च अदालतका तीन जना न्यायाधीश नियुक्त।
असार २४ गते :	नेपाल-चीन सीमानाका भएर बग्ने रसुवाको ल्हेन्देखोलामा अकस्मात् आएको बाढीमा परी नौ जनाको मृत्यु, १९ बेपत्ता।
असार २५ गते :	प्रधानमन्त्री एवं त्रिभुवन विश्वविद्यालयका कुलपति केपी शर्मा ओलीद्वारा त्रिविको उपकुलपतिमा प्राडा दीपक अर्याल नियुक्त।
असार २७ गते :	अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेलविरुद्ध पाँचौं मुद्दा दायर।
असार २८ गते :	पूर्वनिर्वाचन आयुक्त इला शर्माको ५९ वर्षको उमेरमा निधन।
असार ३० गते :	राष्ट्रपति रामचन्द्र पौडेलद्वारा आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनसँग सम्बन्धित तीन वटा विधेयक प्रमाणीकरण। ■

– सरस्वती खत्री, क्षेत्री